सर्वाधिक बिक्री हुने

# साप्ताहिक

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सबैको लागि सम्पूर्ण पत्रिका




● वर्ष १५ ● अंक ४१ ● काठमाडौं, शुक्रबार, फागुन १४, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Feb 26, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-

# भिज्यो चोली रंगले



अश्विनी कोइराला

**नेपालमा सबैभन्दा रमाइलो होली कहाँ हुन्छ ?**
**जनकपुरमा ।**
**जनकपुरमा पनि सबैभन्दा रमाइलो कहाँ हुन्छ ?**
**जानकी चोकमा ।**

यतिखेर देशको सबैजसो भाग होलीमय छ । काठमाडौं, धरान, पोखरा, वीरगन्ज, विराटनगर जहाँ पुगे पनि मानिसको रंगीन मुड सहजै अनुमान गर्न सकिन्छ । यद्यपि जनकपुर र वीरगन्जको होली अन्य स्थानको भन्दा बढी नै रंगीन हुन्छ । मिथिलाक्षेत्रका ग्रामीण भेगमा ज्वाइँलाई घरमा बोलाएर गधामा गाउँ घुमाउनेदेखि भाङ खाएर 'फिट्टु' भएका सहरिया युवालाई हरियो बाँसमा शङ्ख बजाउँदै घाटतिर लगेको दृश्य जनकपुरमा जतातत‍ै देख्न पाइन्छ । होली प्रारम्भ भएपछि मिथिला परिक्रमा एवं महामूर्ख सम्मेलनजस्ता कार्यक्रम पनि चलिरहन्छन् । वर्षभरि जतिसुकै झगडा किन नहोस्, झगडियालाई चोकमा ल्याएर एक-अर्कामा मित्रता गाँसिदिने र त्यसको साक्षी हुनेहरूले दुवैलाई सक्दो भाङ ख्वाउने चलनले पनि उत्तिकै आकर्षित गर्छ । यति हुँदाहुँदै पनि आजभोलि जनकपुर एवं वीरगन्जमा देखिने अर्को विशेषता हो– युवायुवतीबीच चल्ने रंगको जुहारी । केही वर्षअघिसम्म विरलै घरबाहिर निस्कने युवतीहरू शिक्षा र चेतनाका कारण खुल्दै जान थालेका छन् । वसन्तको आगमन, रातो रंग र जवानीले तानिएको पछिल्ला पुस्तालाई होलीले एक-अर्कासँग खुल्न मद्दत गरेको छ । उनीहरू आक्रामक रूपमा रंग खेल्छन् । मौका पर्नेबित्तिकै टिमिक्क परेका चोलीमा युवाहरू ताकी-

तस्विर : महेश प्रधान





ताकी रंग हान्छन् । प्रत्युत्तरमा युवतीको झुन्डले एउटा युवकलाई पक्रन्छ र अनुहार नै नचिनिने गरी अबिर र रंग पोतिदिन्छ ।

विस्तृत पृष्ठ ६ मा

साप्ताहिक इन्फो
मध्यपृष्ठमा

रेखा,
आर्यन
र आयुष
होली मूडमा





## क्यासेट

### खुसी छु...

आधुनिक गीतहरूको संग्रह 'खुसी छु...' बजारमा आएको छ। वर्ल्ड इभेन्ट नेपालको यो संग्रहमा छवटा गीत तथा एउटा म्युजिक ट्र्याक समावेश छ। संग्रहका गीतमा कुमार राई तथा मिल खुम्दालीको स्वर सुन्न पाइन्छ।




### नवीन

गायक नवीन राईका आधुनिक तथा पपगीतहरूको नयाँ संग्रह 'नवीन' लाई भाइब्स क्रिएसनले बजारमा ल्याएको हो। यो संग्रहमा सातवटा गीत सुन्न सकिन्छ। संग्रहका गीतमा भानुभक्त ढकाल, रामहरि पौडेल, अमृत क्षेत्री, आलोकश्री, खेमराज गुरुङ, किरण घिमिरे माइकल तथा पारस मुकारुङले संगीत दिएका छन्।



### युनिक

लोक-पपगीतहरू संकलन गरिएको भिसिडी-संग्रह 'युनिक' भर्खरै बजारमा आएको छ। गायिका भगवती खड्काले गाएका गीतहरूका म्युजिक भिडियो यो संग्रहमा समावेश छन्। संग्रहका गीतमा गायिका खड्काका साथै बिक्रजी खड्काले संगीत दिएका छन्।



## रंगमञ्च

### नर्वेली कलाकारको संगीत नाटक

आरोहण गुरुकुल विराटनगरमा नर्वेली कलाकारहरूले सोमबार फरक शैलीमा सांगीतिक नाटक प्रस्तुत गरे। नर्वेबाट आएका कलाकारहरूले सुशीला नाटकघरमा संगीतबाटै नाटक प्रस्तुत गरेर दर्शकलाई चकित मात्र पारेनन्, नेपाली लोक-संगीत सुनाएर दर्शकलाई मन्त्रमुग्धसमेत तुल्याए। एक घण्टाको कार्यक्रममा उनीहरूले 'नमस्ते' शब्दबाहेक केही पनि बोलेनन्। गुरुकुल नाटकघरको लाइट सिस्टमले पनि उनीहरूको उद्देश्यलाई साथ दिएको थियो।

नर्वेली कलाकार स्वाइन ओस्टेजले मुर्चुंगा बजाएर दर्शकलाई मन्त्रमुग्ध पारेका थिए। हात, खुट्टा तथा शरीरका अन्य अंगहरूबाट पनि संगीत निकाल्न सकिने उनीहरूको प्रस्तुतिले देखाएको थियो। तीन जना नर्वेली कलाकारले पैताला र हत्केलाबाट संगीत निकाल्दै बीच-बीचमा 'नमस्ते' शब्दमात्र प्रयोग गरेर अभिनय गरेका थिए। उनीहरूले एकले अर्कोको हत्केला र ढाडमा तथा आफ्नै छातीमा हिर्काएर संगीत निकाले। हरेक व्यक्तिभित्र संगीत र कला लुकेको हुन्छ भन्ने सन्देश दिँदै उनीहरूले संगीतका लागि वाद्यवादन नै नचाहिने उदाहरण दिए।

–कमल रिमाल

### काठमाडौंमा बाल नाटक महोत्सव

राजधानीमा साताव्यापी बाल नाटक महोत्सव सञ्चालन हुने भएको छ। शैली थिएटरले यो महोत्सवको आयोजना गर्न लागेको हो। महोत्सवमा शैली थिएटरका तीन नाटकसहित सात वटा स्वदेशी तथा विदेशी नाटक प्रदर्शन गरिनेछ। महोत्सव आगामी सोमबारदेखि कमलपोखरीस्थित रुसी सांस्कृतिक केन्द्रमा आयोजना गरिनेछ। महोत्सवका संयोजक लक्ष्मीप्रसाद बास्तोला भन्छन्– 'मञ्चन गरिने नाटक विशेषगरी स्कुले बालबालिकाका लागि रुचिकर लाग्नेछन्।' बास्तोलाका अनुसार बालबालिकाले पाठ्यक्रममा पढेका नाटकलाई नै एक्सनमा ढालेर प्रस्तुत गरिने भएकाले बुझ्न अझ बढी मद्दत मिल्नेछ। विद्यार्थीका लागि ५० रुपैयाँ टिकट दर रहेको महोत्सवमा विपन्न, अनाथ तथा सडक बालबालिकाका लागि निःशुल्क हेर्ने व्यवस्था मिलाइनेछ। टिकट किनेबापत विद्यार्थीले ५५ रुपैयाँ मूल्यको रमेश विकलका उत्कृष्ट बालकथाको पुस्तक सित्तैमा पाउनेछन्।

### धरानमा नाटक मञ्चन

युनाइटेड मल्टिआर्ट्सले अघिल्लो शनिबार धरानको सभाहलमा 'हाम्रो चौक' शीर्षकको नाटक मञ्चन गरेर उपस्थित दर्शकलाई मनोरञ्जनका साथै सामाजिक सन्देश पनि प्रदान गरेको छ। विद्यार्थी तथा युवाहरूको बढ्दो राजनैतिक वितृष्णा हटाउन राजनीति आफैं गलत होइन, राजनीति गर्ने मान्छेका कारण राजनीति नराम्रो भएको भावलाई कलाकारले नाटकमा प्रस्तुत गरेका थिए। राजनीतिमा युवाहरू जानी-नजानी हिँडेको र बुझेर मात्र लाग्नुपर्ने सन्देश उक्त नाटकले दिएको थियो। बन्द र हडतालका सम्बन्धमा पनि सबै सचेत हुनुपर्ने सन्देश नाटकमा समावेश गरिएको थियो। नाटकमा प्रेम जिमी, केशव खड्का, रिकेश राई, रविन धामी, मिङ्मा लामा, सुष्मा राई आदि कलाकारले अभिनय गरेका थिए। ३५ मिनेट लामो उक्त नाटकको निर्देशन प्रशान्त तामाङले गरेका थिए।

## ग्यालरी

### सौरगंगाको चित्रकला

बंगलादेशबाट चित्रकारितामा एमएफए गरेर फर्किएकी चित्रकार सौरगंगा दर्शनधारीका चित्रहरूको प्रदर्शनी राजधानीमा सञ्चालन भैरहेको छ। गत आइतबारदेखि झम्सिखेल, ललितपुरस्थित काठमाडौं कन्टेम्पोरेरी आर्ट्स सेन्टरमा सञ्चालन भैरहेको उक्त प्रदर्शनीको शीर्षक 'अ प्रिन्ट मेकर्स फिलिङ्स' रहेको छ। फागुन २६ गतेसम्म चल्ने उक्त प्रदर्शनीमा ३६ वटा चित्र समावेश छन्।

### आजदेखि काठमाडौं स्क्रोल्स

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा आज शुक्रबारदेखि 'तसाफु काठमाडौं स्क्रोल' शीर्षकको चित्रकला प्रदर्शनी प्रारम्भ हुँदैछ। आज साँझ ५ बजे उद्घाटन हुने यो प्रदर्शनीमा फ्रान्सेली चित्रकार जुलियन सोलले तयार पारेका चित्रहरू समावेश गरिनेछन्। यो प्रदर्शनी आगामी चैत ६ गते शुक्रबारसम्म जारी रहनेछ।

### विदेशी चित्रकलाको प्रदर्शनी

बबरमहलस्थित नेपाल कला परिषद्मा सञ्चालन भैरहेको एउटा चित्रकला प्रदर्शनीमा डेनिस कलाकारले तयार पारेका कला सिर्जनाहरू राखिएका छन्। झट्ट हेर्दा पर्दामा देखिने कार्टुन दृष्यहरू झैं देखिने ती चित्रको प्रदर्शनी नेपाल बाल साहित्य समाज, डेनिस राइट्स एसोसिएसन तथा रुम टु रिडले संयुक्त रूपमा आयोजना गरेका हुन्। गत शनिबार एउटा विशेष समारोह आयोजना गर्दै चित्रकला प्रदर्शनी प्रारम्भ गरिएको हो। आज शुक्रबारसम्म चल्ने प्रदर्शनीमा करिब दुई दर्जन चित्र समावेश गरिएका छन्। चित्रकला प्रदर्शनीको उद्घाटन समारोहमा सर्वनाम नाट्य समूहले एउटा नाटक समेत मञ्चन गरेको थियो।

### लय मैनालीका चित्रकला

मूर्तिकलामा विद्यावारिधि गरेका सर्जक लय मैनाली यतिबेला आफ्ना चित्रकलामार्फत एउटा ग्यालरीमा प्रस्तुत भएका छन्। नेपाल कला परिषद्मा उनले तयार पारेका चित्रकलाको एकल प्रदर्शनी सञ्चालन भैरहेको छ। प्रदर्शनीमा समावेश गरिएका चित्रमा कलाकार मैनालीले प्रकृतिलाई मुख्य विषय बनाएका छन्। उनले प्रकृतिको सुन्दरतालाई कलात्मक भावमार्फत क्यानभासमा उतारेका छन्। स्वदेश तथा विदेशमा गरी आधा दर्जन एकल चित्रकला प्रदर्शनीमा प्रस्तुत भैसकेका मैनालीको यो दसौं एकल चित्रकला प्रदर्शनी हो। प्रदर्शनीमा समावेश गरिएका चित्रमा सिमसार क्षेत्र, आकाश, बादल तथा पहाड अवलोकन गर्न पाइन्छ।

### सम्झनाका चित्रकला

विगत केही समययता शृंखलाबद्ध रूपमा प्रकृतिलाई नै आफ्नो क्यानभासमा उतार्दै आएकी चित्रकार सम्झना राजभण्डारी रुखलाई विषय बनाएर एकल प्रदर्शनीमा प्रस्तुत भएकी छिन्। मानव जीवनलाई प्रकृतिसाग तुलना गर्दै आएकी सम्झनाले यसपटकको प्रदर्शनीमा पनि त्यही शैली अपनाएकी छिन्। जसरी विभिन्न बाधा, अड्चन सहेर प्रकृतिले पृथ्वीलाई शीतलता दिइरहेको हुन्छ, त्यसरी नै मानवले पनि आफूलाई जीवनभर नै प्रस्तुत गरिरहेको हुन्छ भन्ने सन्देश दिन खोजिएका चित्रहरू प्रदर्शनीमा सजाइएका छन्। उनको चित्रकलाहरूको एकल प्रदर्शनी नक्सालस्थित इमागो ग्यालरीमा सञ्चालन गरिएको छ।

## लाइभ

### नयाँ दिल्लीमा नेपाली ब्यान्ड

आज शुक्रबार भारतको नयाँ दिल्लीमा आयोजना हुने अन्तर्राष्ट्रिय आर्मी म्युजिक फेस्टिभलमा नेपाली सेनाको सांगीतिक समूहले पनि भाग लिने भएको छ। वरिष्ठ संगीत संयोजक अमुल कार्की ढलीको नेतृत्वमा आर्मी ब्यान्डका ५० जना कलाकारले उक्त महोत्सवमा नेपाली धुन प्रस्तुत गर्न लागेका हुन्।

### च्यारिटि अनप्लग्ड

भोलि शनिबार पाटन दरबार क्षेत्रस्थित पाटन म्युजियममा 'च्यारिटी अनप्लग्ड' शीर्षकको संगीत महोत्सव आयोजना हुने भएको छ। साँझ पाँच बजेपछि प्रारम्भ हुने यो सांगीतिक कार्यक्रममा सांगीतिक समूह रविन एन्ड न्यू रेभुलुसनले गीत-संगीत प्रस्तुत गर्नेछ। उक्त समूहलाई निराकर याक्थुम्बा, दिव्य सुब्बा एन्ड द ब्लु एसिड्स, सांगीतिक समूह अनुप्रस्थ आदिले पनि साथ दिनेछन्। द काठमाडौं पोस्टको सहकार्यमा सञ्चालन गर्न लागेको यो कार्यक्रमको आयोजना दुई जना विदेशीले गर्न लागेका हुन्।

## पुस्तक

### अभिषेक

उपन्यासकार निरूपा प्रसुन आफ्नो नयाँ कृति 'अभिषेक' लिएर पाठकमाझ आएकी छन्। ज्योति साहित्य प्रतिष्ठान, काठमाडौंले प्रकाशित गरेको यो उपन्यासमा मान्छे जीवनको प्रेम र प्रेमले सिर्जना गर्ने कारुणिक अवस्थाको वर्णन गरिएको छ। उपन्यासमा वर्णन गरिएका घटनाक्रमका हरेक पाटोमा जीवनका पक्षहरूलाई केलाउन खोजिएको यो उपन्यास खण्डित कथाहरूको एकल संग्रह जस्तो लाग्छ। उपन्यासको मूल्य ७५ रुपैयाँ छ।

### नारी

लोकतन्त्र स्थापनापछि देखा परेको राजनैतिक वातावरणमा नेपालका विभिन्न भाषा र भाषिक गतिविधिहरूले आवाज पाउन थालेका छन्। यही कुराको उदाहरण हो, भोजपुरी भाषामा प्रकाशित कथासंग्रह नारी। कथाकार विणा सिन्हाले भोजपुरी भाषामा रचना गरेका १५ वटा कथाको संग्रह नारीलाई डा. कृष्णचन्द्र मिश्र प्रकाशन प्रालि काठमाडौंले प्रकाशित गरेको हो। व्यक्तिगत १ सय २५ रुपैयाँ तथा संस्थागत २ सय ५० रुपैयाँको यो कथासंग्रहले भोजपुरी समाजलाई नजिकबाट नियाल्न सघाउ पुऱ्याउँछ।

### दुखेको वर्तमान

कवि रमाप्रसाद रिजाल आफ्ना ४३ वटा फुटकर कविताको संग्रह 'दुखेको वर्तमान' लिएर सार्वजनिक भएका छन्। पूर्वाञ्चल साहित्य प्रतिष्ठान, विराटनगरले प्रकाशित गरेको यो संग्रहले गद्यकविताका पारखीहरूलाई आकर्षित गर्ने विश्वास गर्न सकिन्छ। यो कविता-संग्रहको मूल्य १ सय रुपैयाँ छ।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

फागुन १६ गते : फागुपूर्णिमा, रात्रौ चिरदाह, १७ गते : तराईमा फागु, नाला मच्छिन्द्रनाथ स्नान, १९ गते : नाला मच्छिन्द्रनाथ रथजात्रा, २० गते : यौनजन्य हिंसाविरुद्ध संघर्षका लागि अन्तर्राष्ट्रिय दिवस।

### मेष

आफन्तहरूले सहयोग गर्नेछन्। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता प्राप्त हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।

### मिथुन

समयले साथ दिनुका साथै मन खोलेर अघि बढ्न सकिनेछ। बोलीको प्रभाव बढ्नेछ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भेटघाटमा मन रमाउनेछ। पराक्रमको गति तीव्र हुनेछ। सफलताका लागि आफैंले प्रयत्न गर्नुहोला। प्रेमको यात्राले वैवाहिक स्वरूप लिनेछ।

### सिंह

खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। मनमा द्विविधाले डेरा जमाउनेछ। मान-सम्मान मिल्ने, काममा सुधार आउने तथा भोजभतेरमा संलग्न हुने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। यात्रा रमाइलो हुनेछ भने धन आर्जन गर्ने अवसर मिल्नेछ।

### तुला

उत्साह बढ्नेछ भने काममा सहजै सफलता मिल्नेछ। अरूको मन जित्न सकिनेछ। रमाइलो यात्रा हुन सक्छ। पराक्रमको गति तीव्र हुनुका साथै सानै प्रयासले पनि ठूलो काममा सफलता पाइनेछ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनेछ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ।

### धनु

मन अशान्त हुनेछ भने काममा अवरोध आउन सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट राम्रै सहयोग प्राप्त हुनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कुम्भ

मनमा द्विविधाले डेरा जमाउनेछ। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्किनेछ। सोचेका कुरामा सजिलै सफलता मिल्नेछ। भेटघाटमा मन रमाउनेछ। मान-प्रतिष्ठा एवं बोलीको प्रभाव बढ्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूबाट राम्रो सहयोग पाउनुहोला।

### वृष

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। सजिलै अरूको मन जित्न सकिनेछ। महत्त्वपूर्ण जिम्मेवारी प्राप्त हुनसक्छ। व्यवसायमा पाइने सफलता कायमै रहनेछ। आफन्तहरूबाट सहयोग मिल्नेछ। नयाँ मित्रको आगमनले मन हर्षित हुनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### कर्कट

कामकाजमा रुचि एवं शरीरमा स्फूर्ति बढ्नेछ। भोजभतेर तथा सभासम्मेलनमा संलग्न हुने अवसर प्राप्त होला। पराक्रमको गति तीव्र हुनेछ। व्यवसायमासोचेजस्तै सफलता मिल्नेछ। आफन्तहरूले सहयोग गर्नेछन्। नयाँ मित्रको आगमनले मन हर्षित हुनेछ। मान-सम्मान पनि पाइनेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

### कन्या

मन प्रसन्न रहनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। भोजभतेरमा सामेल हुने अवसर प्राप्त हुनेछ। आइतबार र सोमबार खर्च, विवाद एवं चिन्ता बढ्नुका साथै काममा अवरोध उत्पन्न हुनसक्छ। अरूबाट हुने आलोचनाले मनोबल घट्नेछ।

### वृश्चिक

मन प्रसन्न रहनेछ। अरूबाट प्रशंसा पाउनुहोला। सोचेका कुरामा सजिलै सफलता मिल्नेछ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। व्यवसायमा सोचेजस्तै सफलता पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### मकर

पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्नेछ। भाग्यले पनि साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। आइतबार र सोमबार स्वास्थ्य गडबड हुने, चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्।

### मीन

अध्ययनमा सफलता मिल्नेछ भने सोच्ने शक्ति बढ्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। मन चञ्चल हुने भएकाले धैर्यता अपनाउनुहोला। अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ। भाग्यले पनि साथ दिनेछ। खर्च बढ्ने भए पनि आम्दानीमा अपेक्षित सुधार आउनेछ। स्वास्थ्य गडबड हुने भएकाले खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला।

# सप्तरंगी भाषा




सेतो रंग : यो रंगलाई सबै रंगको सम्पूर्ण सन्तुलित रंग मानिन्छ। यसमा इन्द्रधनुषका सातै रंग मिल्छन्। यो रंग अहिंसा र शान्तिको प्रतीक हो। विविधतामा एकताको सन्देश दिने यो रंग पवित्र रंग पनि हो। यो रंग मन पराउने व्यक्ति कुनै पनि कार्य धैर्यपूर्वक गर्ने तथा संयमी र इमान्दार हुन्छन्। सेतो रंग मन पराउने व्यक्ति खुला हृदय र स्पष्टवादी हुन्छन्। गर्मीमा सेता पहिरन लगाउँदा सूर्यको तातोपनबाट मुक्ति पाइन्छ।

कालो रंग : कालो रंगले विशेषत: आध्यारो, अन्धकार बुझाउँछ। यसलाई अपशकुनको प्रतीक पनि मानिन्छ। कालो रंगमा राम्रो-नराम्रो सबै तत्व विलीन हुन्छ। त्यसैले काली देवी सर्वव्यापी भन्ने मान्यता पनि रहिआएको छ। कालो रंगलाई रातो, नीलो तथा पहेंलो रंगको संगम पनि मानिन्छ। यसको ठीक ठाउँमा प्रयोग सकारात्मक पनि मानिन्छ र त्यसले फाइदै दिन्छ। कालो रंग मन पराउने व्यक्ति दृढ इच्छाशक्ति भएका साथै विरोध गर्ने स्वभावका हुन्छन्।

नीलो रंग : नीलो रंग स्वच्छता, शीतलता र शुद्धताको प्रतीक मानिन्छ। प्रणयको प्रतीक पनि मानिने यो रंगलाई अन्धकार हटाएर ज्ञानको ज्योति फैलाउने प्रकाशका रूपमा पनि लिइन्छ। यो रंग विशेषगरी लेखक, साहित्यकार, चित्रकार, प्रेमी-प्रेमिकाहरू तथा सिर्जनामा जोडिएका हरेक जो-कोहीको प्रिय रंग मानिन्छ। यो रंगले मौलिक सिर्जना गर्ने, खोज, अनुसन्धानमा लाग्नेहरूलाई बढी प्रेरित गर्छ। एकाग्रता र विचारको सन्तुलनको प्रभाव यही रंगद्वारा प्राप्त हुन्छ। वैज्ञानिक अनुसन्धानले देखाएको छ, क्रोधलाई हटाउन र आँखाको विकार मेट्न यो रंग लाभदायक सिद्ध भएको छ। नीलो रंग पोतिएको कोठामा एकैछिन आराम गर्दा पनि मस्तिष्कले छिट्टै आराम पाउँछ भन्ने मनोचिकित्सकहरूको तर्क छ।

पहेलो रंग : यो रंग एक ज्योतिबाट प्रकाशमान रहन्छ। पहेंलो रंग हेर्नाले मन र हृदयमा एउटा छुट्टै ज्ञान र प्रकाशको अनुभव हुन्छ। यसलाई आध्यात्मिक शक्तिको प्रतीक मान्नेहरू पनि धेरै छन्, तसर्थ यो रंग धार्मिक क्षेत्रमा लागेका व्यक्तिहरूका लागि बढी मन पर्ने रङ्गमा मानिन्छ। हल्का पहेलो रंग आदर्शवाद, महत्त्वाकांक्षा एवं कल्पनाशीलताको प्रतीक हो। विशेषगरी देवी-देवताहरू तथा धार्मिक कार्यक्रम आयोजनामा पहेलो रङ्गको टीका, कपडा राम्रो मानिन्छ।

रातो रंग : रातो रंगलाई वीर योद्धा, विजेता एवं जननेताको प्रिय रंगका रूपमा लिइन्छ। रातो रंग मन पराउने व्यक्ति जीवनमा निरन्तर सक्रिय रहने कर्मशील व्यक्तिका रूपमा देखा पर्छन्। दृढनिश्चयी पनि हुने हादा यो रंगले हृदयमा अपूर्व शक्ति सञ्चार गर्छ। रातो रंग मन पराउने व्यक्ति आफ्नो क्षेत्रमा सधैं अगाडि हुन्छ, ऊ सधैं विजेता हुन्छ। यो रंग विजयको प्रतीक हो। हुन त यो रंगलाई क्रोध र उत्तेजनाको प्रतीकका रूपमा पनि लिइन्छ। यसले प्रेमको मौन अभिव्यक्तिलाई पनि दर्शाउछ।

सुन्तला रंग : सुन्तला रंग खासगरी बालबालिका तथा माहिलाहरूलाई धेरै मन पर्ने रंग हो। यसले हलचल र प्रसन्नता उत्पन्न गराउँछ। रंगहरूको छनौट व्यक्तिको रुचिमा निर्भर हुन्छ। मानिसको प्रवृत्तिबाट थाहा हुन्छ, उसले कुन रंग बढी रुचाउँछ? बालबालिकाहरू विशेषगरी चम्किलो रंगबाट आकर्षित हुन्छन्। ठूलो हुँदै गएपछि उनीहरूको स्वभाव तथा विचारले पनि विशेष रङ्ग मन पराउन उत्प्रेरित गराउँछ। विभिन्न आकर्षक रङ्गका पहिरन, अनेक उपयोगी रङ्ग मन पराउनमा पनि व्यक्तिको आफ्नै मनोविज्ञानले काम गरेको हुन्छ।

हरियो रंग : हरियो रंगले शीतलता एवं स्फूर्ति प्रदान गर्छ। यो रंग उज्ज्वल हुन्छ। नयाँ जोस र जाँगर उत्पन्न गर्ने यो रंग सकारात्मक ऊर्जा सञ्चार गर्न सहायक हुन्छ। यो रंग नीलो र पहेंलोको सम्मिश्रण हो। हरियो रंग आँखाका लागि फाइदाजनक हुन्छ। हरियो रंग मन पर्छ भने तपाईंको राशि मेष वा कन्या हुनुपर्छ। यो रंग मन पराउनेहरू व्यावहारिक तथा बफादार हुन्छन्, आफ्नो सन्तुलित स्थान कहिल्यै गुमाउादैनन्। यो रंगले विश्वासको भावना जागृत गर्न सहयोग पुर्‍याउँछ।

कुनै पनि रंग केवल रंग मात्र होइन, मानिसको विचार र भावनासँग पनि यो निकट हुन्छ। रंगको सही छनौटले जीवनमा हर्ष, उत्साह र उमंग पनि ल्याउाछ। यस पटकको होलीको मंगलमय शुभकामना, जय रंग।

–हेमन्त खतिवडा







## ● सम्पादकीय ●

# के चाहन्छन् जनता ?

**बहुसंख्यक नेताहरू संघीयताको पक्षमा रमाइरहेका बेला नेपाली जनता के चाहन्छन् ? भन्ने कुरा सार्वजनिक गरेर अमेरिकाको कार्टर सेन्टरले नेपालका राजनैतिक दलहरूलाई नराम्रोसाग फस्काएको छ । आफ्ना पर्यवेक्षकमार्फत कार्टर सेन्टरले नेपालमा गरेको सर्वेक्षणअनुसार नेपाली जनता विकेन्द्रीकरणको लक्ष्यप्रति स्पस्ट छन् तर उनीहरू राजनैतिक दलहरूले परिकल्पना गरेको र अगाडि सारेको संघीय राज्यभित्र कुनै जात वा समूह विशेषको प्रभुत्वविरुद्ध देखिएका छन् । कार्टर सेन्टरको सर्वेक्षण भन्छ– ३२ प्रतिशत नेपालीले मात्र संघीयताका बारेमा बुझेका छन् । सहभागीहरूमध्ये ४८ प्रतिशतले मात्र संघीयताका बारेमा आफ्नो विचार व्यक्त गरेको उक्त सर्वेक्षणमा लगभग २७ प्रतिशत सहभागीले नेपाल संघीय राज्य हुन नहुने धारणा व्यक्त गरेका छन् भने २५ प्रतिशतले संघीयताका बारेमा अनभिज्ञ रहेको बताएका छन् । जून २००९ देखि जनवरी २०१० का बीच नेपालका ५० भन्दा बढी जिल्लामा प्रत्यक्ष भेटघाट र अन्तर्वार्ताका आधारका गरिएको उक्त सर्वेक्षणले के देखाएको छ भने जातीय आधारमा बनाइने संघीय संरचनाप्रति स्वयं जनजाति र दलित समाज नै विभाजित छ । संघीयताका बारेमा आफ्नो चासो देखाउादै सर्वेक्षणमा सहभागि अधिकांश नागरिकको चिन्ताको विषय एउटै देखियो । त्यो चिन्ता मुलुक संघीयतामा गयो भने आफ्ना गैरजातीय छिमेकीको भविष्यमा केन्द्रित थियो । सर्वेक्षण भन्छ– आफ्ना गैरजातीय छिमेकीप्रति सद्भाव देखाउनेहरूको उल्लेख्य उपस्थितिले नेपाली समाज जाति वा सम्प्रदायका आधारमा संघीयताको पक्षमा देखिँदैन ।**

**कार्टर सेन्टरको सर्वेक्षणले जे देखाए पनि जातीय राजनीति गरेर आफ्नो दुनो सोझ्याउादै आएका राजनैतिक दलहरू मुलुकलाई जातीय आधारमा विभाजित गरेर राजनैतिक रोटी सेकिरहने पक्षमा छन् भन्ने कुरा उनीहरूका पछिल्ला गतिविधि र नेताहरूको भाषणले प्रस्ट पार्दै आएको छ । नेपालका लागि जातीय राजनीतिभन्दा समानता र अधिकारसम्पन्न जनताका पक्षमा काम गरिनुपर्छ भन्ने चेत हाम्रा राजनैतिक दलहरूमा पलाउने हो भने नेपाली जनता के चाहन्छन् भन्ने कुराको सर्वेक्षणका लागि अमेरिका वा अन्य कुनै मुलुकको गैरसरकारी संस्थाले यस्तो पहल गर्नुपर्दैनथ्यो । समग्र नेपाल र नेपालीको आर्थिक तथा सामाजिक समुन्नतिका लागि नेपालका राजनैतिक दलहरूले आफ्ना झिना–मसिना स्वार्थलाई त्यागेर जनताका पक्षमा काम गर्नुपर्छ भन्ने सन्देशसमेत कार्टर सेन्टरको उक्त सर्वेक्षणले दिएको छ ।**

समयमै संविधान साप्ताहिक/पाक्षिक पत्रिका राष्ट्रिय सञ्जालको आह्वान।

## ● चिठीपत्र ●




### राजनैतिक अपराध

मुलुकले आम जनताको साझा भावना समेटिएको जनमुखी संविधान र दूरदर्शी संघीयता पाउनुपर्ने बेला आइसक्दा पनि राजनैतिक दलहरूबीच मेलमिलापको वातावरण बन्न सकेको छैन । महिनौं सहमतिका प्रयास भए तर ती सबै निरर्थक भए । राजनैतिक दलहरू अहिले ठ्याक्कै पूर्व, पश्चिम र उत्तर, दक्षिण फर्किएर सहमतिको भागवत् पढिरहेका देखिन्छन् । आफ्ना दलीय एवं व्यक्तिगत स्वार्थमा रहेर अनेक तर्क-कुतर्क गरेरै भए पनि परिस्थितिलाई आफू अनुकूल बदल्न उनीहरू तल्लीन देखिन्छन् । भए-नभएका घटना र आशंकालाई अतिरञ्जित गरेर आफ्नै परामा मुरली बजाउँदै हिड्नुले देश नै तहसनहस हुने सम्भावना बढ्दो छ ।

वास्तवमा आम जनताको मर्म र भावना बुझ्न नसकेका र बुझेर पनि सही बाटोमा हिंड्न नसकेका यी नेताहरूलाई संविधान निर्माणको अभिभारा पाएको यो समय अत्यन्तै महत्त्वपूर्ण छ । जनताको वास्तविक नेता बन्न यो ऐतिहासिक समयमा जनमुखी संविधान बनाउन दत्तचित्त भएर लाग्न आवश्यक छ। जनता नै लोकतन्त्रका सर्वेसर्वा हुन् । जनताद्वारा दीक्षित जनप्रतिनिधिहरू जनभावना अनुरूप अघि नबढ्दा अर्को याममा तिनै जनताले आफ्ना नेताका टाउकामा अवश्य बुट बजार्नेछन् ।

भोक नलागेका बेला रोटी खानु र भोक लागेका बेला रोटी खानुको उपयोगिता एवं सार्न्दभिकता फरक हुन्छ । जनता यतिबेला परिवर्तनका भोका छन् । उनीहरूको पहिलो प्राथमिकता परिवर्तन हो । आमूल नयाँ राजनैतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक परिवर्तन समयको माग हो । संविधानसभा निर्वाचनमा एनेकपा माओवादी ठूलो दल बन्नुमा उनीहरूको परिवर्तनजन्य नारा 'नयाँ नेपालका लागि नयाँ विचार नयाँ नेतृत्व' भन्ने नै हो । जनताले कुनै सिद्धान्त वा विदेशबाट आयात गरिएको नक्कलभन्दा पनि को कति परिवर्तनप्रति मिहेनती र बफादारीका साथ लाग्न सक्छ भन्ने हेर्ने हुन् ।

यो एक्काइसौं शताब्दीको प्राज्ञिक युगमा कुनै जाति, धर्म, भाषा, भाषी वा सम्प्रदाय विशेषको एकलकाटे राजनीति गर्नुभन्दा राजनीति नै छाड्नु बेस होला । आम जनताको भावनालाई छलेर मनलाग्दो ढङ्गबाट अघि बढ्नु राजनैतिक अपराध हो । वर्षौंदेखि अनिश्चत र अन्यौलबाट गुज्रिरहेको देशको बिग्रँदो अवस्थालाई जुन राजनैतिक दलले पदीय एवं अन्य स्वार्थ पन्छाएर स्थितिलाई सपार्न अघि बढ्छ उसैको भविष्य उज्ज्वल छ ।

संविधानसभा निर्वाचन सम्पन्न भएदेखिको किचलो हेर्दा हामी इराक, अफगानिस्तान, सुडान, र बुर्किनाफासो हुने प्रयत्नमा लागिरहेका देखिन्छौं । हाम्रा नेताहरू लेन्डुप दोर्जे हुने अभ्यासमा विदेश धाइरहेका छन् । नेपाल र नेपालीलाई केन्द्रविन्दुमा राखेर काम गनुपर्नेमा विदेशीलाई रिझाइरहेका छन् ।

सबै राजनैतिक दल आफ्नै नेतृत्वमा संविधान बनोस् भन्ने चाहन्छन् तर चुनाबी नतिजा र अन्तरिम संविधानका प्रावधानहरू समयानुकूल हुन नसक्दा प्रगतिपथमा उन्मुख शान्ति प्रक्रिया, नयाँ संविधान, राज्य पुनर्संरचना एवं संघीयता जस्ता प्रमुख मुद्दा त्यसै थन्किएका छन् । जसले जे मन लाग्यो त्यो भन्नु वा गर्नुभन्दा पनि कानुनी प्रकृयाबाट लोकतान्त्रिक मूल्य मान्यताको आदर गर्दै अघि बढ्नु समग्रकै हितमा छ । महत्त्वपूर्ण र बुझ्नुपर्ने तथ्य संविधानसभामा जनताले सरकारको नेतृत्व गर्ने मात्र प्राथमिकताका साथ जो कसैलाई मतदान गरेका होइनन् । बरु संविधान बनाउन सक्छ-सक्दैन त्यसको मूल्यांकन गरेर मतदान गरेका हुन् । भलै आज ती प्रतिनिधिले नयाँ संविधान दिने प्रतिबद्धता बिर्सँदै नागरिकहरूलाई बेवास्ता गरेका छन् ।

ऐतिहासिक संविधानसभाबाट चुनिएका जनप्रतिनिधिहरूले जनताको चाहनालाई यथोचित सम्बोधन नगरी अघि बढे निश्चित रूपमा तिनका सभासदरूपी दर्ज्यानी लालफिता अर्को चुनाबमा खोसिने छ । फेरि पनि जनताको नाममा बदमासी गर्ने अलिकति पनि जमिन दिइने छैन । राजनैतिक दलहरूले जनआकाँक्षालाई राम्रोसँग बुझेर सोही अनुरूपको मार्गमा अघि बढ्नु नै अहिलेको आवश्यकता हो । त्यसका निम्ति एकले अर्कालाई कटाक्ष गर्नु अथवा शत्रु सम्झनुभन्दा सकभर देश र जनताको भलाइका निम्ति एक्लै भए पनि त्याग गरेर सकारात्मक सोचका साथ अघि बढ्नु उत्तम हुन्छ । त्यसो गर्न सके मात्र अलपत्र परेको शान्ति प्रकृयाको नतिजा पनि सकारात्मक हुने कुरामा विस्वास गर्न सकिन्छ ।

**–ऋषभ गौतम**

## ● तीतो सत्य ●

- संघर्षको खोला तर्नु राम्रो हो, एकले अर्कालाई द्वेषपूर्वक आँखा तर्नु राम्रो होइन ।
- भौतिक साधनले जति सम्पन्न भए पनि मानिसको मृत्यु निश्चित छ ।

**–सदाशिव के.सी.**

- सत्य, इमान्दारी एवं परोपकारलाई आत्मसात् गर्न आवश्यक छ ।
- साहस, हिम्मत, आँट, जोश र उत्साहले नै अघि बढ्न प्रोत्साहित गर्छ ।
- मानिस मानिसबाटै छलिए, ढाँटिए, झुक्किए र ठगिए पनि भगवान्बाट छलिन, ढाँटिन, झुक्किन र ठगिन सक्दैन ।
- सुवासबिना फूलको अस्तित्व रहन्न, साथबिना साथीको महत्त्व हुँदैन र चरित्रबिना जीवनको सार्थकता झल्कँदैन ।
- चुनौतीलाई पेल्नुपर्छ, बाधालाई ठेल्नुपर्छ, परिस्थितिसँग जुध्नुपर्छ र कठिनाइसँग लड्नुपर्छ तब मात्र संघर्षको मैदानमा सफलता प्राप्त गर्न सकिन्छ ।
- प्रेम, सद्भाव, विश्वास, आपसी आत्मीयता, समझदारिता, विनोदप्रियता र परस्पर सहयोग नै मेलमिलापको बलियो जग हो ।

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

***–सम्पादक***

## ● सहर चर्चा ●



# असी लाखको एम्बुलेन्स

३० वर्षअघि जापान पुगेका राम श्रेष्ठलाई कुनै दिन नेपाल फर्किएर देशको सेवा गर्ने इच्छा थियो, तर जति बस्दै गयो, उनलाई जापानले तान्दै गयो । जापानमै हराउँछु कि भन्ने डरले उनले नेपाली युवतीसँग विवाह गरे । छोराछोरीलाई नेपालमै बोर्डस गरे, तर पनि नेपाल आउन पाएनन् । नेपाल फर्केर देश सेवा गर्छु भन्दाभन्दै दिन बितेको देखेपछि उनले जापानमै बसेर नेपालको सेवा गर्ने निधो गरे । श्रेष्ठ जन्मिएको जिल्ला भोजपुरका बासिन्दाहरूले काठमाडौंमा दावाँली मिलन क्लब नामक संस्था खोलेका रहेछन् । त्यसैमार्फत उनले एउटा एम्बुलेन्स पठाइदिए । जसको मूल्य ८० लाख रुपैयाँ पर्छ ।

राष्ट्रपति डा. रामवरण यादवमार्फत हस्तान्तरण गरिएको उक्त एम्बुलेन्सको साँचो दिँदै रामले भने, 'यो मेरो पहिलो समाजसेवा हो, थोरै भयो नभन्नुहोला, म नेपाल आएपिच्छे एक-एकवटा काम गर्दै जानेछु ।' जापानी साथीसँग मिलेर लाँकुरी भञ्जाङमा एउटा विद्यालय खोलेका रामले उक्त विद्यालयको सम्पूर्ण खर्च बेहोर्ने निर्णय गरेका छन् । जापानको टोकियोमा 'नमस्ते काठमाडौं' नामक रेस्टुराँ खोलेका राम श्रेष्ठ प्रत्येक शुक्रबार नेपाली सांस्कृतिक कार्यक्रम सञ्चालन गरेर त्यसबाट उठेको रकम नेपाल पठाउँछन् । उनको रेस्टुराँमा नेपाली परिकार पाइन्छ ।

## ● मोडल वाच ●

# स्विट सिक्सटिन मायुष



शंखमूल, काठमाडौंकी स्थायी बासिन्दा भर्खरै १६ वर्षकी भइन् । १६ वर्षे उमेरमा उनले दुईवटा मोडलिङ प्रतिस्पर्धामा सहभागी भएर क्याटवाक गर्न भ्याइसकेकी छिन् । पहिलो पटक र्‍याम्पमा क्याटवाक गर्दा उनी १२ वर्षकी मात्र थिइन् । कक्षा ८ मा अध्ययनरत छँदा पहिलो पटक उनले मिस लिटिल लेडीमा सहभागिता जनाएकी थिइन् । झन्डै एक महिना लामो प्रशिक्षणपछि र्‍याम्पमा प्रस्तुत भएकी मायुषले दोस्रो पटक यसै वर्ष एक फेसन शोमा पहिरन प्रदर्शन गरिन् । मिस्टर एन्ड मिस काठमाडौं- २००९ मा सहभागी भएर उनी प्रतिस्पर्धाको टप फाइभ चरणमा मात्र पुगिनन्, मिस ब्युटिफूल हेयरको शीर्षक उपाधिसमेत जितिन् । ५ फिट ४ इन्च अग्ली मायुष मोडलिङमा करियर बनाउन इच्छुक छिन्, तर उनको लक्ष्य भने फेसन डिजाइनर बन्नु हो । कक्षा ११ की यी छात्रा आगामी केही महिना अध्ययनमा मात्र व्यस्त हुनेछिन् । 'कक्षा ११ को परीक्षा दिएपछि पुनः मोडलिङमा सक्रिय हुनेछु,' उनी भन्छिन् । वान पिस पहिरनकी पारखी मायुष नृत्य तथा चित्रकारितामा पनि पारंगत छिन् । फुर्सदमा पुस्तक पढ्न रुचाउने मायुषले कक्षा १२ पछि भने मिस नेपालमा समेत सहभागी हुने योजना बनाएकी छिन् ।

## ● मुखाले ●

राष्ट्रिय एकता नेपालको गौरव हो ।

**राष्ट्रपति डा. रामवरण यादव**

मुलुक दोबाटोमा उभिएको छ ।

**शेरबहादुर देउवा**

अब हुने क्रान्तिमा कुनै पनि हालतमा विचलन आउन दिनेछैनौं ।

**पुष्पकमल दाहाल**

माओवादीले सार्वजनिक गरेका हतियार ३ हजार ४ सय छन् । एक हतियार बराबर एक जना लडाकुलाई समायोजन वा व्यवस्थापन गर्न सकिन्छ, अरूलाई सकिँदैन ।

**विजयकुमार गच्छदार**

माओवादीहरू संसदीय व्यवस्था समाप्त पार्न भारतको दलाली गरेर उसैले गराएको दिल्ली सम्झौता मानेर आएका हुन् ।

**चित्रबहादुर केसी**

वाईसीएललाई तह नलगाउने हो भने मुलुकमा शान्ति सुव्यवस्था सम्भव छैन ।

**खुमबहादुर खड्का**

जाति र भाषाका पीडालाई समेत ध्यानमा राखेर आगामी पुस्ताका लागिसमेत काम लाग्ने संविधान लेख्नु छ ।

**प्रदीप गिरी**

या त प्रजातन्त्र रहन्न, या त नेपाल ।

**रोमी गौचन थकाली**

दलहरूले जनभावना विपरीत जातीय राज्यसहितको संविधान बनाए भने हामी त्यसलाई जलाउँछौं ।

**डा. दिलबहादुर क्षेत्री**
**अध्यक्ष, क्षेत्री समाज**

# राजनीतिले टुक्र्याउँछ, संस्कृतिले जोड्छ



सिके लाल, राजनैतिक एवं सामाजिक विश्लेषक

नेपालमा दलीय राजनीति एवं आग्रहयुक्त सामाजिक पहिचान बनाउने बुद्धिजीवीको संख्या ठूलो छ। त्यसैले पनि यस्ता बुद्धिजिवीहरूले समाजलाई जति योगदान दिनुपर्ने हो, दिन सकेका छैनन्। यस्ता बुद्धिजीविहरू निश्चित राजनैतिक एवं सामाजिक विचारकै कारण सत्य भन्न चुक्छन् वा डराउँछन्। यस्तै भीडमा रहेर पनि सिके लाल दलीय राजनीति र आग्रहयुक्त सामाजिक पहिचानबाट मुक्त छन्। सबैजसो गम्भीर विषयमा दख्खल राख्ने भएका कारण उनको इन्जिनियरिङ पेसा लेखक सिके लालका अगाडि कमजोर हुन पुगेको छ। कुनै पनि राजनैतिक एवं सामाजिक संघ-संस्थामा आबद्ध नभएका लाल सकेसम्म पत्रपत्रिकामा अन्तर्वार्ता पनि दिन चाहँदैनन्। यद्यपि साप्ताहिकको होली विशेषाङ्का लागि सिके लालले लामो कुराकानी गरे। जनकपुरमा जन्मी हुर्किएका लाल काठमाडौंका स्थायी बासिन्दा हुन्।

**जब-जब होलीको प्रसङ्ग आउँछ, जनकपुरको चर्चा चल्छ, किन होला ?**

नेपालमा हिन्दू धर्मभित्र वैष्णव, शाक्त एवं शैव सम्प्रदायको बसोबास छ। यिनीहरूमध्ये मिथिलाक्षेत्रमा प्राचीनकालदेखि नै वैष्णव सम्प्रदायको बाहुल्य छ। होली हिन्दु धर्मावलम्बीको चाड भए पनि यसलाई वैष्णव सम्प्रदायले उल्लासका साथ मनाउँछन्। जनकपुर त्यसको केन्द्र हो।

**जनकपुरमा जुन समुदायलाई तपाईंले इंगित गरिरहनुभएको छ, त्यो समुदाय भैरहवादेखि पूर्व विराटनगरसम्म छ, तर जनकपुरको होलीलाई किन आदर्श मानिएको ?**

तपाईंले भन्नुभएको सही हो। वीरगन्ज एवं विराटनगरजस्ता सहरमा धेरै अघि उद्योगहरू स्थापना भए। उद्योग र मुख्य भन्सार नाकाको स्थापनासँगै आर्थिक गतिविधि तीव्र भयो। फलस्वरूप अन्य सम्प्रदायहरू पनि त्यहाँ मिसिए। ती क्षेत्रमा कृषि मुख्य पेसा रहेन, तर जनकपुर क्षेत्र वरपरको मुख्य पेसा अहिले पनि कृषि नै हो। त्यहाँ पुरानै चाल-चलन अहिलेसम्म कायमै छ। त्यही भएर जनकपुरको होलीको प्राचीन सौन्दर्य अहिले पनि कायम छ।

**जनकपुरको होलीको मुख्य आकर्षण के हो, जुन अन्य स्थानमा देखिँदैन ?**

प्राचीनकालमा आजको जनकपुरलाई केन्द्र बनाएर मिथिला राज्यको निर्माण भएको थियो। होली प्रारम्भ हुनुअघि १५ दिन लगाएर मिथिला राज्यको परिक्रमा हुन्थ्यो। यो परिक्रमामा राज्यका प्रतिनिधि, राममन्दिर र जानकी मन्दिरका पुजारीहरू एवं सहरका गन्यमान्य व्यक्तिहरू सामेल हुन्थे। अहिले पनि त्यो परम्परा कायम छ। दोस्रो निश्चित स्थानमा पुगेपछि राममन्दिरका पुजारी एवं जानकी मन्दिरका महन्त (पुजारी) ले होली खेल्छन्। त्यसबेला १५ दिन लगाएर उनीहरू सहर फर्किएको दिनलाई पुरानो वर्षको अन्तिम दिन मान्ने चलन थियो। त्यसरात पुरानो संवत् जलाएर भोलिपल्ट नयाँ वर्षको स्वागत गरिन्थ्यो। अहिले पनि सबै

बाँकी पृष्ठ २२ मा










# भिज्यो चोली रंगले



पृष्ठ १ बाट जारी

त्यसपछि सबैका अघि उभ्याएर युवकलाई गिज्याउने काम हुन्छ। मानौं भर्खरैको युद्धमा युवक पराजित भएको होस्। मधेस आन्दोलनपछि आत्मविश्वासी भएको युवापुस्ताले परम्परागत रूढिलाई पनि तोड्न थालेको छ। युवतीहरू आधुनिक पहिरनमा हिंड्न थालेका छन्। उनीहरू छुट्टै झुन्ड बनाएर युवकमाथि जाइलागेको यत्रतत्र देख्न सकिन्छ। 'मधेसका युवालाई यति खुला यसअघि कहिल्यै महसुस गरिएको थिएन।' गत वर्ष जनकपुरमा होली मनाएका काठमाडौंवासी विजेन्द्र यादवले साप्ताहिकसँग भने, 'काठमाडौंको होली लुकीलुकी लोला हान्ने कारणले बदनाम छ। जनकपुरमा भने प्रत्येक चोकमा सभ्यरूपमा होलीका कार्यक्रम सम्पन्न गरिन्छन्। शिक्षित युवा-युवती खुलेर रंग र अबिरबाट आफ्ना प्रेम प्रकट गरिरहेका हुन्छन्।' यादवका अनुसार काठमाडौंले बाँकी नेपाललाई सभ्यताका धेरै पाठ पढाएको छ, तर जनकपुरको होलीबाट काठमाडौंले पाठ सिक्नुपर्छ।



### रंगको आकर्षण

होलीमा रातो रंग सबैभन्दा बढी प्रयोग गरिन्छ। रातो रंगले सबैभन्दा बढी आकर्षण युवालाई गर्छ। प्रशिद्ध पुस्तक 'हिलिङ विद कलर एन्ड लाइट' मा लेखक दिया जिमवेल भन्छन्, 'रंगले मानिसको शरीरमा मात्र होइन, भावनात्मक स्तरमा असर पुर्‍याउँछ। रातो रंग युवालाई मन पर्नुको कारण यसले युवाभित्रका प्रेम एवं आन्तरिक शक्तिलाई ऊर्जावान् बनाउनु पनि हो। हिलिङ विद कलर एन्ड लाइटका लेखिकालाई नेपालीले मनाउने होलीका बारेमा सायद जानकारी छैन। यद्यपि उनले बेला-बेलामा रंगसँग खेल्ने बानी भएका मानिसहरू तनावबाट मुक्त हुने कुरा उल्लेख गरेकी छन्। उनले नीलो र हरियो रंग लगाउँदा एक-आपसमा प्रीति बस्ने कुरा उल्लेख गरेकी छिन्। होलीमा ४० कटेका पुरुष-महिलाहरूले हरियो र नीलो अबिर प्रयोग गर्छन्। यो उमेरमा किन मानिस हरियो र नीलो रंग रुचाउँछ, यसको पनि मनोवैज्ञानिक कारण भएको अनुमान गर्न सकिन्छ। यद्यपि वसन्त ऋतुको प्रारम्भ यसै दिनदेखि हुने भएकाले वातावरणमा छाएको गर्मी र हरियालीलाई यी दुई रंगले एकसाथ व्यक्त गर्ने अनुमान गरिन्छ। पहाडी क्षेत्रमा होलीमा फागु र धमार लोकगीत गुञ्जन थाल्छन्। यसले अद्भूत शान्ति दिन्छ। यसबेला तराईमा भने ढोलक, झाँझ र मञ्जरी बजाउँदै गाउँ डुल्ने कार्यक्रम सम्पन्न गरिन्छ। यो मौसम, रंग र संगीतको अनौठो सम्मिश्रण हो।

बिहान प्रारम्भ भएको होलीमा संकोच मान्दै घरबाट चिहाउने व्यक्तिहरू जब वातावरण रंगमा परिवर्तन हुन्छ, उनीहरू मूल सडकमा निस्केर होली कार्यक्रममा सहभागी हुन थाल्छन्। 'यो रंग मानिसको भावना परिवर्तन गर्ने अस्त्र हो।' मनोचिकित्सक डा. बीबी शर्मा भन्छन्, 'चढ्दो गर्मी, रातो रंग र यौवन यी तीन कुराले मानसिक रूपमा गम्भीर प्रभाव पार्छ।' मुस्कान र होलीको शुभकामनाबाट प्रारम्भ भएको बिहानी गर्मी चढ्दै जाँदा रंग छ्याप्ने, शरीर रंग्याउने र नाचगानमा रुमलिन थाल्छ। त्यसपछि शत्रुता मेटिन्छ। रूढि र परम्परा तोडिन्छन्। युवा-युवती एक-आपसमा खुल्दै जान्छन् र उनीहरू प्रेममा एकाकार हुन्छन्। 'बुबाका पालादेखिको शत्रुता पनि होलीले मेटाएको मैले पाएको छु,' राजनैतिक एवं सामाजिक विश्लेषक सीके लाल भन्छन्, 'रंग आफैंमा आकर्षक छ, त्यसमा पनि रातो रंगले विगतका तिक्तता एवं क्लेष मेटाउन सहयोग गर्छ।' यसमा अन्य साथीहरूले उनीहरूको दूरी मेटाउने प्रयास गर्छन्। मनका आवेगलाई व्यङ्ग्यात्मक रूपमा प्रकट गर्ने र त्यस्तै जवाफ प्राप्त गर्ने शैली बिस्तारै हाँसोमा परिणत हुन थाल्छ। त्यसपछि एक-अर्कालाई देख्दा मुख खुम्च्याउनेहरू बिस्तारै बोल्न थाल्छन्। 'फागुले शत्रुलाई मित्र एवं घृणालाई प्रेममा परिणत गर्न मद्दत गर्छ।' सीके लाल भन्छन्, 'अहिले राजनैतिक तिक्तता बोकेका नेताहरूले आमजनताले मनाउने होलीबाट ठूलो पाठ सिक्नुपर्छ।' यद्यपि होलीको प्रेम प्रकट गर्ने र प्रेम उब्जाउने विशिष्ट शैलीलाई केही कवि-मण्डलीबाहेक अरू संस्थाले राजनैतिक वृत्तमा पसाउन सकेका छैनन्।

### सांस्कृतिक पक्ष

होली निकै प्राचीन पर्व मानिन्छ। भारतीय इतिहासकारहरूले भारतको उत्तरी एवं पूर्वी क्षेत्रमा होली विशिष्ट रूपमा मनाइन्छ भन्ने कुरा उल्लेख गरेका छन्। भारतको उत्तरी क्षेत्रले नेपाललाई पनि इंगित गरेकाले यो क्षेत्रमा प्राचीन कालदेखि नै होली मनाइने गरेको देखिन्छ। नारद पुराण र भविष्य पुराणमा पनि होलीको चर्चा चलेका कारण यो निकै प्राचीन पर्व हो भन्ने अनुमान गरिएको छ। होली पर्व हिरण्यकश्यपुकी बहिनी होलिकाको मृत्यु भएपछि खुसी भएका प्रल्हादका शुभचिन्तकले मनाएको अनुमानलाई मध्यनजर गर्दै यो ५ हजार वर्षपूर्वको पर्व हो भन्ने अनुमान कतिपय विश्लेषकले गरेका छन्। कतिपय स्थानमा होलीलाई वसन्त उत्सव भनिन्छ। होली वसन्त आगमनको खुसीमा मनाइने गरेको उनीहरूको तर्क छ। प्राचीन कालमा मानिस प्रकृतिका उपासक थिए। प्रत्येक ऋतुको आगमनमा मनाइने पर्व यसका उदाहरण हुन्।

काठमाडौं उपत्यकाको होलीको सांस्कृतिक पक्ष निकै रमाइलो छ। वसन्तपुर दरबारअघि रंगीबिरंगी कपडाका टुक्राहरू झुन्ड्याएर बनाइएको तीनछत्रे चीर गाडेपछि काठमाडौंमा विधिवत् होली प्रारम्भ हुन्छ। फाल्गुण शुक्ल अष्टमीका दिन गाडिने यो चीर पूर्णिमाको रात टहटह जून लागेका बखत ढालिन्छ। उक्त चीर टुँडिखेलमा दहन गरेपछि उपत्यकामा होली सकिएको घोषणा गरिन्छ। तीनछत्रे चीर गाडेर होली प्रारम्भ गरिएको कथाले तत्कालीन राजाहरूको शक्तिलाई इंगित गर्छ। बाइसे-चौबीसे राज्य भएका बेला सबैजसो हिन्दू राजा आफ्नो दरबारअघि मयलको रूख रोप्थे। त्यही रूखमा राजाको आदेशमा विभिन्न पताका फहराएपछि होली प्रारम्भ भएको मानिन्थ्यो। राज्य फरक भए पनि चाडपर्व मनाउने शैली एकै भएपछि अरूभन्दा बलियो राज्य पाल्पाले नयाँ शैलीमा होली मनाउने विचार गर्‍यो। फलस्वरूप कुनै पाल्पाली राजाले दरबारअघिको रूखमा पतका नफहराई एउटा चीर गाडेर त्यसमा पतका फहराए। यो नौलो प्रयोग अन्य राज्यले पनि प्रारम्भ गरे। पाल्पाली राजाले आफूले सुरु गरेको यो शैली अरूले सिको गरेको मन पराएनन्। फलस्वरूप चीर गाडेर होली सुरु गर्ने अन्य राज्यमा आक्रमण हुन थाल्यो। यो कुरा पृथ्वीनारायण शाहले थाहा पाए। उनी पाल्पालीसँग कुनै निहुँमा युद्ध गर्न चाहन्थे। उनले आफ्नो दरबारअघि एउटा होइन, तीनछत्रे चीर गाडेर होली प्रारम्भ गरिएको घोषणा गरे। यसको अर्थ आफू पाल्पालीभन्दा बलियो हुँ भन्ने संकेत थियो। पाल्पालीको भन्दा बढी चीर गाडेर होली प्रारम्भ गरिएको घोषणापछि अन्य राज्यले अब गोर्खा र पाल्पाबीच युद्ध हुन्छ भन्ने अनुमान गरेका थिए, तर पाल्पाली राजाले गोर्खामा आक्रमण गर्ने आँट गरेनन्। त्यसपछि पृथ्वीनारायण शाहले आफ्ना मित्र राज्यलाई पनि तीनछत्रे चीर गाडेर होली मनाउन आह्वान गरे। यसो गर्दा पाल्पाले आक्रमण गरे गोर्खाले सहयोग गर्ने संकेत उनले दिएका थिए। अर्को वर्षपछि गोर्खाको अधीनमा आएका राज्यमा तीनछत्रे चीर गाडेर होली प्रारम्भ भएको घोषणा हुन थाल्यो। पाल्पा गोर्खाको अधीनमा आएपछि पाल्पामा पनि तीनछत्रे चीर गाडियो। काठमाडौंमा पनि यही नीति लागू भयो। वि.सं. १८२५ मा काठमाडौं विजय भएपछि यसको प्रभाव सम्पूर्ण नेपालमा पर्‍यो। केही समयअघिसम्म गाउँका भद्रभलाद्मीको घरमा तीनछत्रे चीर गाडेर होली सुरु भएको घोषणा गर्ने र त्यसपछि गाउँमा होली सुरु हुने चलन थियो। आधुनिक परिवेशपछि भने चीर गाड्ने चलन कम हुँदै गएको छ। अहिले गाउँका मूलीले अन्य गाउँलेलाई अबिर लगाउने र मित्रता एवं सहकार्यको घोषणा गर्ने चलन भने कायमै छ।

Global Tourism Unit
प्रस्तुत गर्दछ Day Spa Work Shop
Subject:
- Basic Ayurbedic Knowledge,
- Professional Eathic,
- Stalazation,
- Body Policing for spa.
ब्यूटी पार्लर, मसाज सेन्टर तथा स्पा सेन्टरको लागी उपयोगी
Entry Cost:
Personel (Single) Rs. 1000/-
Official Rs. 2500/-
G. Member Rs. 500/-
Last Date for Ticket: फाल्गुण २६ गते (10th March, 2010)
स्थान: नेपाल पर्यटन बोर्ड, भृकुटी मण्डप, काठमाण्डौ
मिती: २०६६ फाल्गुण २९ गते (13th March, 2010)
सम्पर्क : ९८४१८९३९१८
९७४११५३२२०

Asian Sky Shop का सामानहरू र टि.भि.मा देखिाइने सामानहरू पाईन्छ।
(नजर कबज साथमा त्रिस्टल र हरेक लकेटहरु पाईन्छ।)
If u want slim, Beauty, heighty, Smart, Active Personality Plz contact
हेल्दी होम फिटनेश एण्ड ब्यूटी क्लब गणेशस्थान रोड, गोंगबु
- 5 in a Magic Sofa & Air
- Foot Bath, Massager
- Body Bath Steamer
- AB King pro
- Bc Machine
मोटोपना घटाउने १ महिनामा १५ के.जी (44 cm - 13 cm = 31 cm)
Japanes Oil 499/-
सेक्स पावर Korean Spry & Jel Only Rs. 2999/-
१ महिनामा 150 cm देखि 180 cm सम्म Height बढाउने ठोको हाईट
01-4354985 For Home Delivery
पहिले ९० के.जी. 51 cm
Handsome Up लिङ्गको लम्बाई र मोटाई बढाउने अमेरिकन प्रोडक्ट
99% Guarented No Side Effect 100% Natural
चायाँ पोतोको अचुक उपचार
Young १० वर्ष उमेर कम देखाउने, चाउरीपन हटाउने
(बुढौयलीपन कम गराउने गुमेको सुन्दरता फिर्ता चाउरीपना हटाई गोरो बनाउने रुप अमृत)
२४ घण्टा भित्र भ्याली बाहिर डेलिभरी गरिनेछ।
अहिले ६६ के.जी. 35 cm (मात्र केहि दिनमा)
Slim Hip, Thai, Stomach १ दिनमा नै ५ इन्च कम हुने
हट लाइन ९८०३८०९१८० ९८४९०३०७३४


ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training सँचालन गरिदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलमरी
Tel: - 4249576

चिरा
महिलाहरुको पेट तथा छातीमा देखिने दाग/सेतो धर्साको सफल उपचार।
जाँड-रक्सी सुर्ति, चुरोट छुटाउने ब्राण्डेड 'हर्बल चुर्ण'
● मोटोपना घटाउन/तौल बढाउन
● चाँया-पोतो, डण्डिफोर साथै चाउरीपना हटाउन
● कपाल सम्बन्धी कस्मेटिक उपचार
"A Complete Herbal Concern"
फ्रि डेलिभरि
सम्पर्क: डिल्लीबजार, ओरालो
4438630, 4442133
98511-10326, पोखरा: 98461-37418
चितवन: 98451-59169, हेटौंडा-97450-35945

कस्मेटिक सर्जरी
- शरीरमा भएको दाग, कोठी, मुसा, ट्याटु, अप्रेशनपछिको दागहरू हटाउन
- शरीरमा आगोले पोलेर भएको समस्याको लागि
- नाक, कान, आँखासम्बन्धी कस्मेटिक सर्जरी
- मंगोलियन आँखाको उपचार
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धी कस्मेटिक सर्जरी
नेपाल प्लाष्टिक सर्जरी अस्पताल
हातिवन, हरिसिद्धि, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

...जिल्ला शिक्षा कार्यालय बाट अनुमति प्राप्त...
प्राइभेट TEST/SLC 2067
नयाँ भर्ना खुल्यो!
● भर्खरै ९ तथा Test फेल भएका कक्षा ८,९ र १० पास गरी पढाई रोकिएका
● बिविध कारणले बिद्यालय जान नसकेका
● बिद्यार्थीहरुका लागि अध्ययन गर्ने अवसर
कक्षा संचालन: बिहान र दिउँसो
बिस्तृत जानकारीको लागि
कोसेट ओपन स्कूल
लाजिम्पाट (प्रहरी बिट सगै)
२१६०७३६, ९८४१२६४५१४

# होलीको के कुरा मनपर्छ, के मनपर्दैन ?



पहिले-पहिले होली कहिले आउला जस्तो लाग्थ्यो, तर अचेल यो पर्व त्यही उत्साहका साथ खेल्न मन लाग्दैन। परिवारका सदस्यहरूसँग मात्र होलीकै दिन रंग खेल्छु। आफ्नै मुडमा हिंडिरहेको बेला पानी र लोला हानेर दुःख दिने चलन मलाई मन पर्दैन। अनावश्यक खर्च गरेर जाँडरक्सी खाँदै होहल्ला गरेको पनि मनपर्दैन।

**प्रिया रिजाल (नायिका)**

साथीभाइसँग एकआपसमा रंग खेलेर रमाइलो गर्न मन लाग्छ। होलीको नाममा विकृति फैलाउने, जस्तै- जथाभावी लोला हान्ने र मोबिल-पानीमा हिलो मिसाएर जबर्जस्ती बाटोमा हिंड्ने मानिसलाई हानेको मन पर्दैन।

**हिमाल सागर (गायक)**

मलाई असाध्यै मन पर्ने चाडमध्ये होली पनि एक हो। मन मिल्ने साथीहरू बसेर रमाइलो गर्दै होली मनाएको मनपर्छ तर होली आउन दुई साता बाँकी छँदै बाटै हिंड्न नमिल्ने गरी पानी र लोला हानेको मनपर्दैन। होलीलाई होलीकै विशेष दिन उल्लासका साथ मनाउनु राम्रो हुन्छ।

**जिया केसी (नायिका)**

सानै छँदा होलीको विशेष महत्व थियो, अचेल त्यति मजा लाग्दैन। काममा व्यस्त भएर



पनि होला मन खोलेर होली मनाउने साइत जुरेको छैन। यसपटक चाहिं खेलिन्छ कि ? आफ्ना नजिकका साथीहरूसँग बसेर होली मनाउँदा रमाइलो हुन्छ। मिलेमतोमा होली खेलेको मनपर्छ जबरजस्ती गरेको चाहिं मनपर्दैन।

**सुरज चापागाईं (बान्द्रे)**

होली भन्नेबित्तिकै रमाइलो महसुस हुन्छ। न जाडो न गर्मी, यति बेला मौसमले पनि साथ दिन्छ। म त होलीको कुनै पनि कुरा नराम्रो देख्दिनँ। यद्यपि पछिल्लो समयमा यसमा केही विकृति भित्रिएका छन्। होली आउनुभन्दा धेरै अघिदेखि घरका कौशीबाट बाटो हिंडिरहेका मानिसलाई पानी छ्यापेर भिजाउने चलनचाहिं पटक्कै मनपर्दैन।

**आलोकश्री (संगीतकार)**

म आफैं मधेसको भएकाले होलीका दिन घरमा पाक्ने मालपुवा अनि आलुको अचार खान मन पराउँछु अनि परिवार र साथीहरूसँग रंग र पानी खेल्छु। मलाई होलीको सबैभन्दा मन नपर्ने पक्षचाहिं जबरजस्ती कसैमाथि रंग र पानी प्रयोग गर्ने र होलीको दिन व्यक्तिगत झगडा निकाल्ने अनि मदीरापान गरेर उपद्रो गर्ने नै हो।

**भुवन सुप्तिहाङ राई (गायक)**

मलाई त होलीकै दिन मनाइने होली मात्र मनपर्छ। अझ नजिकका साथीहरूसँग एकै ठाउँमा भेला भएर मनाइने होली विशेष मनपर्छ। बाटोमा हिंड्दा पानी र लोला छ्याप्ने चलनचाहिं पटक्कै मनपर्दैन। होलीकै कारण एक हप्तादेखि घरबाहिर निस्कन नहुने भैसकेको छ। यो होलीको खराब पक्षका रूपमा विकास भएको छ।

**अनुष्का ढकाल (नायिका)**

होलीमा टाढा-टाढाका साथीहरूसँग भेट हुन्छ। होलीको यो पक्ष रमाइलो लाग्छ। एक-आपसमा मित्रता प्रगाढ हुने अवसर पनि होलीकै क्रममा जुट्ने भएकाले यो सद्भावको पर्व पनि हो, तर कसैको इच्छाविपरीत रंग खेल्ने परम्पराचाहिं मलाई राम्रो लाग्दैन।

**रोजी शाही (मोडल)**

होलीको रंगीन दिन नै रमाइलो लाग्छ। न जाडो, न गर्मी।



केवल एक प्रश्न

वास्तवमा मलाई होलीको मौसम नै राम्रो लाग्छ। नजिकका नातेदार तथा साथीहरूसँग धक फुकाएर रंग खेल्न पाइने भएकाले पनि यो पर्व मन परेको हो, तर धेरै अबिर दलेको र लोला हानेको चाहिं राम्रो लाग्दैन।

**जेनिशा केसी (नायिका)**

होलीमा लामो समयदेखि भेट नभएका साथीहरूसँग पनि भेट हुन्छ। साथीहरूसँग होली खेल्नुको मज्जै बेग्लै हुन्छ, तर बाटोमा हिंड्नै नहुने गरी केटाहरूले लोला हानेको चाहिं मन पर्दैन।

**शबनम भण्डारी (मिस काठमाडौं)**

मलाई होली भन्नेबित्तिकै डर लाग्छ। केही वर्षअघि मेरो भाइले साथीहरूसँग बसेर होली खेल्दा प्रहरीले समातेर बेस्सरी पिटेको थियो। होलीमा दुर्घटना हुन्छ कि भन्ने कुराले डर लागिरहन्छ, तर यसका आफ्नै विशेषता पनि छन्। यो हाम्रो परम्परा हो। होलीमा लोला हान्ने र फोहोरी भएर हिंडेको चाहिं मनपर्दैन।

**अर्जुन कुमार (गायक/निर्माता)**

होलीको प्रायः सबै कुरा रमाइलो लाग्छ। खासगरि हामी बल्खुतिरका केटाहरू एउटा गाडी खोजेर साथीभाइ कुनै रमणीय स्थानमा गएर खाने, एक दिनका लागि दुःख बिर्सेर रमाइलो गर्ने भएकाले होलीको प्रतीक्षा नै गरिन्छ। होलीमा मातेर झगडा गर्ने चलनचाहिं मनपर्दैन।

**दिनेश शाही (मिस्टर राजधानी)**

होलीको सबैभन्दा रमाइलो पक्ष रंग खेल्नु नै हो। यसबाहेक साथीभाइसँगको जमघट अर्को राम्रो पक्ष हो, तर होलीकै बहानामा मात्तिने गरी पिउनुचाहिं राम्रो होइन।

**भूषण भट्टराई (गायक)**

पारिवारिक हिसाबले खेलिएको होली राम्रो लाग्छ। होलीमा हल्का भाङ खाएको पनि मन पर्छ, तर अनुहार नै नचिनिने गरी कालो पेन्ट गरेको अर्थात् अनावश्यक रंग खेलेको तथा टन्न पिएर हिंडेको मनपर्दैन।



**हरि तन्डुकार (नायक/मोडल)**



होलीमा एक-अर्कालाई रंग दलेको साह्रै मनपर्छ, तर अरू कसैले आफूलाई चाहिं नदलोस् भन्ने लाग्छ, तर बच्चा-बच्चै पनि कसै न कसैले रंग दलिहाल्छ। शारीरिक पीडा नै हुने गरी लोला हान्ने प्रवृत्तिचाहिं मनै पर्दैन।

**युना उप्रेती (नायिका)**

साथीहरूसँग रमाइलो गरेर होली मनाएको राम्रो लाग्छ। परिवारका सदस्यहरू बसेर मीठा-मीठा परिकार खाँदै रंग र पानी छ्यापा-छ्याप गर्दाको मज्जा नै बेग्लै हुन्छ, तर नचिनेका मानिसहरूलाई जथाभावी लोला हान्ने प्रवृत्ति चाहिं मन पर्दैन।

**चाँदनी लामिछाने (मिस राजधानी)**

मलाई त होलीको मनपर्ने भन्दा पनि मन नपर्ने कुरा धेरै छन्। खासगरी बालकदेखि बूढासम्मले नचिनेका मान्छे खासगरी केटीहरूलाई ताकी-ताकी लोला हानेको, जबरजस्ती रंग र पानी छ्यापेको मन पर्दैन। साथीहरू मिलेर खेलेको होलीचाहिं मनपर्छ।

**जुनु शाही (मोडल)**

प्रस्तुति : कृष्ण भट्टराई



Miss Tamang
२०१० मा सहभागिता हुन इच्छुक युवतीहरूलाई अनुरोध गर्दछौं। तामाङ
योग्यता : एस.एल.सी. उत्तिर्ण / उचाई : ५ फिट / उमेर : १६ देखि २५ वर्ष सम्म
एभरेष्ट फेसन होम डिल्लीबजार, काठमाण्डौं
☎ ९८५१००८३२१, ९८४१५०४६१८, २००४०१२, ९८०६१०६९००

आकर्षक व्यक्तित्व
Acupuncture, आयुर्वेद (VASTU) उपकरणहरू
• अनुहार गोरो बनाउन (Roop Amrit)
• डण्डीफोर, चायापोतो, चारीपना हटाउने
• स्तन घटाउन, बढाउन, टाइट गर्न (Cream)
• YOKO (Height) बढाउन
लिङ्गको लम्बाई, मोटाई बढाउन
स्खलन रोक्न (Handsum up)
• केश झर्न रोकी उमार्न (Oil)
• रक्सी, चुरोटको कुलत छुटाउन
• मोटापा घटाउन, बढाउन
• ढाड दुखाई कम गर्ने चुम्बकीय (Belt)
Abking Pro Suna Belt, Home Jogger
Free Home Delivery
TELE-SHOP INTERNATIONAL
सम्पर्क Thamel, Galkopakha
98030-87729, 97213-19662

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

उद्घोषण
RJ VJ MC
★ व्यक्तित्व तथा नेतृत्व विकास
★ मञ्चीय उद्घोषण
★ रेडियो तथा टिभी उद्घोषण
★ पत्रकारिता
★ प्राविधिक ज्ञानका साथमा
प्रशस्त अवसर !!!
Janas Media
Koteshwor, 01-2141246, 9841497000, 9849267194


आवश्यकता
निर्यात उद्योगको लागि काँटी र क्रुसले बुन्न जान्नेहरु तथा JUKI सिलाइ मेशीन जान्नेहरुले तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क: रेणुजी, फोन ४२६००७३, ४२६९७०१
फोन गर्ने समय: १०-५ बजे (शनिबार बन्द)

ब्युटीसियन कोर्स
निःशुल्क
• नेपाल सरकारबाट मान्यता प्राप्त।
• उत्कृष्ट एवं व्यवसायिक कोर्स।
• रोजगारीको ग्यारेण्टी।
• अनुभवी एवं दक्ष प्रशिक्षकहरूद्वारा तालिम दिईने।
• विदेश जानेहरूको लागि Special Class
कोर्स: बेसिक, एड्भान्सड, डिप्लोमा, स्पेसल, हेयर ड्रेसिङ्ग, सर्ट कोर्सेस
ब्रीड अफ ब्युटि ट्रेनिङ्ग सेन्टर
फोन नं.: ०१-६२१८३९३
९८४१३५०६१ / ९८०८१६२९७१
चाबहिल चोक, काठमाण्डौं

होटल तालिम विशेष छुटमा २००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ।
COOK, WAITER, Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy etc.
ATHTIN बाट स्विकृत प्राप्त
➡ ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
➡ थप Industrial Training लाई Star Hotel मा पठाइने
➡ आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
➡ जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
➡ Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Vissa Processing for Aboard Study U.K. Australia
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछ्रिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC को पानी ट्यांकी अगाडी
4464720, 9841-891131, 98510-93629

# बुरा न मानो होली है !



हास्य-व्यंग्यकार मनोज गजुरेल

## अञ्जु पन्त

अञ्जुलीमा अटाउने जीउ पाए मैले
जुगौंदेखि गीत गाइयो हिट भइयो ऐले
पत्रिकामा फोटो छापियो, सिआरबिटी लाखौं
तर कम्पनी चम्कियो, कलाकारलाई के खाऊ !

## रामकुमारी झांक्री

रातो मेरो विचार अनि, रगत पनि रातो
मशाल बोकी विरोधीको खाने गर्छु सातो
कुबेलामा अखिलको भइएछ कि नेता
कार्यकर्ता माओवादीमा, रित्तो पार्टी यता
रिस गर्न नि नहुने, पार्टी एमाले
झााको झार्छन् विद्यार्थीलाई दुवै खेमाले
क्रियाशील बनिरा'छु बिहेपछि'नि जसै
अब भने मान्ने उहाले जसो भन्यो तसै ।

## रामवरण यादव

रातको बाह्र बजे आयो आकाशबाट वाणी
मलाई भन्यो, प्रचण्डको भााच नााके डाांडी
बलभन्दा बुटी ठूलो, आइडियाभन्दा इन्डिया
रमाइलो त लाग्दैन नि, हाा जी, ठीक है' भन्दा
'ण' जति गाह्रो हुन्छ, अन्ताक्षरी खेल्न
यारों, उस्तै गाह्रो रै'छ, विदेशीलाई झेल्न
दङ्ग पार्छन् अघि-अघि, पछि गाली ठोक्यो
बल्ल बुझें मैले बलिको कस्तो हुन्छ बोको ?

## सुजाता कोइराला



सु जाता या सु आता हो, हमको क्या खााचो
जातै मेरो जम्दार पर्‍यो कुरा गर्छु कााचो
ताल न सुरको विचार मेरो, तरै पनि नेता
को हो, मलाई ठाडो औंला देखाउने यता
इशारामा औंलाको हााक्न खोज्छु पार्टी
रामचन्द्रे र अर्जुने त नभएकै जाती
लाली घस्छु, कम्मर कस्छु पार्टी बचाउन
लागिरहेछु गिर्जाबाउको मलाम घटाउन ।

## देवमान हिराचन

देश सबको साझा हो, सबले माया गरौं
बल, बुद्धि लगाएर फूल बुट्टा भरौं
मानिदेऊ न हाम्रो कुरा, थाक्यौं भनी-भनी
नन रेसिडेन्टल हामीसाग, माइन्ड अनि मनी
हिस्स बूढीजस्तो होला, एनआरएनको नारा
राजनीति छ विदेशमा'नि उही नेपाली पारा
चट्ट मने देशबाट दैध नागरिकता चाहिने
नबुझ्नु नि दुवै देशमा दुइटी राख्न पाइने ।

## उपेन्द्र यादव

उड्यो मेरो सपना सबै गच्छदारले गर्दा
पेट पोल्न थाल्यो मेरो, दक्षिण बायाा पर्दा
द्रविभूत हुन्छु मेरो उपप्रधान सम्झी
यारों मै तो सुली चढगया है ब्यूझी
दल फसा दलदलमें कोही तो बचाओ
हम नाचेंगे भांगडातालमें कोही तो नचाओं ।

## विजय गाच्छदार



विरोध र समर्थनको फोरमिया झेल
जनताहरू मधेसका बुझ्दैनन् यो खेल
यताबाट उता गर्छु, उताबाट यता
गच्छेअनुसार मन्त्री हुन्छु, धम्कीअनुसार नेता
छक्का पञ्जा केही जान्दिना, सत्ता छोड्दिना
दाम मिले नाम छोड्छु, अरू जान्दिना
रगत दिन्छु मधेसलाई, एक मधेस हाय
जीवन मेरो सधैं रंगीन, जनता भााडमे जाय ।

## क. प्रकाश

कम्मर, कुम हल्लाउाछु, प्रचण्ड नै बनी
प्रभाव बढाएँ पार्टीभित्र नारान्-नारान् भनी
कामरेड दुई नम्बर बनें, अध्यक्षको नाम जपी
सबै जना भन्छन् मलाई प्रचण्डको कपी ।

## कृष्णज्वाला देवकोटा

कृष्ण कृष्ण कृष्ण नयाा धमाका
णजस्तो अप्ठेरो भो, घट्यो चमक
ज्वाला बनी क्रान्तिको बल्ने विचार
लालुपाते फुलेर नुह्यो भुइातिर
देखासिखी गर्दै भन्छन्, माओवादी पत्र
बबुरालाई के था' हाम्रो मिसन अलपत्र
को हो आरोप लाउने हाम्लाई प्रगतिशील भनी
हरेक अंक षोडसीका सााप्रा छाप्दा पनि ।

## सुधीर शर्मा

सुधार्नलाई कान्तिपुरको मिल्यो प्रबन्ध
धिरे-धिरे सुधार्दैछु माओवादी सम्बन्ध
रहर गरियो कान्तिपुरे बोइङ उडाउन
सहज भने रहेनछ, सेकेन्डहेन्ड गुडाउन
रहरमै भइएछ, युवा पत्रकार
धम्की दिन थालिहाले, लौन गुहार ।

## कनकमणि दिक्षित

कहिले हुन्छु पत्रकार, कहिले अधिकार
नमागेनी प्रोजेक्ट आउाछ हाम्लाइ ह्वार-ह्वार
कवि, लेखक, कलाकार यतै ग्वार-ग्वार
मन्त्रीदेखि नेतासम्म हाम्रै वार-पार
णजस्तै अप्ठेरो छ, माओवादी चाला
दिन्छन् धम्की जति तिनले, हामी मालामाल
क्षितिज पारि घाम लाग्यो, बारी घमाइलो
जति छापियो एड्भोटोरियल, त्यति रमाइलो ।

## मदनकृष्ण श्रेष्ठ

मन्द मुस्कान शिष्ट बोली सुरिलो छ स्वर !
दम्भ छैन मनभित्र हरिसँग जोर !
नर-नारी दंग पर्छन् तिम्रो कुरा सुनी !
कृत-कृत जनतासम्म जुनी-जुनी
स्थिर रहोस् महजोडी फलोस् लटरम्म !
श्रवण गर्न पाइरहूँ युगौंयुगसम्म !
श्रेष्ठ हाँसोभन्दा बढी, भाषण आउन थाल्यो
ठक्क ला'र मन्त्री बने हुन्छ जस्तो लाग्यो ।

## हरिवंश आचार्य

हरघडी हास्यौं हामी तिम्रो कुरा सुनी !
रिस-राग छैन मनमा मान्छे साह्रै गुनी !
बम भोला शिव शंकर कस्तो मान्छे होला !
सबैले पाए हुन्थ्यो तिम्रै जस्तो चोला !
आजीवन कुरा गर्‍यौ जनता र देशको !
चारै प्रहर झल्को आउने तिम्रो फन्नी फेसको !
रङ अली धमिलो भो कन्फ्युज कलरले
यस्तो लाग्छ, मह टर्रो प्रोजेक्ट डलरले ।

## रेखा थापा

रेडी हुन्छु म, कथाले मागेजति दिन
खा'को विष पो लाग्छ, क्यारे नखाएको किन ?
थाई, हिप हल्लाइदिंदा प्रचण्ड नि दंग
पाएसम्म लभगुरु हा, रंग न ढंग ।

## क.प्रचण्ड

कस्तो गाह्रो हादो रहेछ बहुदलीय खेल
प्रभु खुसी भ'दिएनन्, साह्रै गरे झेल
चण्डाले र मण्डलेलाई पार्टीभित्र ओइरो
डर लाग्छ, त्यही ओइरोले जान्छ होला पहिरो ।

## गिरिजाप्रसाद कोइराला

गीत पनि तिमी मेरी, प्रीत पनि तिमी
रीतपनि तिमी हौ, मीत पनि तिमी
जाने उमेर भयो मेरो, संसारको रीत
प्रजातन्त्रभन्दा बढी माया तिमीसित
सात समुद्र छोडी आयौ सानो बुबा भनी
दलभन्दा तिमी ठूली, आई लभ यू नानी
कोक्रोजस्तो कांग्रेस पार्टी सुत छोरी यसमा
ईश्वरभन्दा ठुली तिम्लाई बनाउनेछु देशमा
रातदिन ईश्वरसाग यही माग्दै आ'छु
लामो हुन्थ्यो मलामी लाइन्, आफैं घटाइरा'छु ।



## माधव कुमार नेपाल

माओवादीले खेद्नु खेदे भन्दै हरुवा
धम्की दिन्छन्, भन्छन् मलाई पानीमरुवा
बहुलाइसक्थे अरू भए यस्तो गालीमा
नेपालमा नेपाल आएँ काकातालीमा
पाएदेखि सबै खान्थे, मैले मात्र हो र ?
जस्ले जान्यो, त्यस्ले हान्यो, रिस गरेर भो र ?

## केपी शर्मा ओली

के निहुँ खोज्छौ मसाग माओवादी भूरा
पिच्च थुके'नि सम्चार, बन्छन् मेरा कुरा
सहकार्य गरौं आऊ छुच्चा कुरा गर्न
माओवादी खेदाएर हामी शासन गर्न
ओठे जवाफ टर्रो प्रश्न, मेरो विचारमा
लिसोजस्तो टाासिइरहन्छु, माओ घिच्रामा ।

## आरजु देउवा

आमा छोरी दुवै नेता, पार्टी मिलेन
रहर थियो मन्त्री बन्ने सुजाता भिलेन
जुन दिनसम्म बसिरहन्छिन् यिनी पार्टीमा
देख्दिना म मेरो मौका, पोल्छ छातीमा
उनी पनि प्रधानमन्त्री फेरि नबन्ने भए
बाबु-छोरीले गर्दा, हाम्रा दिन गए ।

## बाबुराम भट्टराई

बाटो कस्तो अप्ठेरो भो, सिंहदरबार छिर्ने
बुरुक्-बुरुक् चढ्न खोज्दा, हाईकमाण्डले झार्ने
राम्रो गरें अर्थ हुँदा, व्यर्थ गाली गर्ने ?
मलाई पनि प्रधानमन्त्री बन्न मन पर्ने
भर थियो प्रचण्डको, प्रकाशले खायो
टहटह जून थियो, कालो बादल ला'यो
रातो रंग खैरो बन्यो, हाम्रो पार्टीमा
इमान्दारी थला पर्‍यो, पोल्यो छातीमा ।

## राजेन्द्र खेतान

राजनीति खेल मेरो, व्यापार मेरो धर्म
जेनतेन कम्युनिस्टले बुझे मेरो मर्म
द्रविभूत हुन्छु सधैं सी.पी. कमरेड बानी
खेर जाला जस्तो छ, पार्टीमा लगानी
ताकेको हो एउटा मन्त्री, मनभित्र आगो
नजाने गाउँको बाटो हिाडिएझैं लाग्यो ।

## दीपाश्री निरौला




दिनभरि दंग पर्छु रातभरि रुन्छु
पालो मेरो नजुर्ने भो, साह्रै दुखित हुन्छु
श्रीमान्‌बिना जीवनको दौडीरा'छ गाडी
निन्द्रामा'नि भन्ने गर्छु, कसले ल्याउला साडी
रौसी, सेउसी, ट्याउसी चढ्ने बानी नभा'को
कोही छौ कि साथ दिने टाईसुट लगा'को ?

## सुवास नेम्वाङ

साागुरको खोरजस्तो लाग्न थाल्यो सभा
वास्ता छैन कसैलाई, नाटक कहीं न'भा
संविधान दिन मन थियो, आउने दसैंमा
नेम्वाङमा'नि विश्वास छैन, भन्छन् कसैमा
बाह्र बज्यो, संविधान भन्दै, दुख्छ चसक्क
ङ्यारङुर गर्दै जान्छ क्या हो, केही दशक ।

## राजेश हमाल



राहु केतु रिसाए कि साइत मिलेन ?
जेङ्गो बडी, जुनी बित्यो कुट्दै भिलेन
सहर, बजार हिजोसम्म भन्थे, राजेश दाइ
हलमा ऐले जानै हुन्न, अंकल भन्छन् मलाई
माया लाउाछु भन्दा उहिले खााचो ठानिना
लक मेरो 'लकअप' हो कि माया लाउन जानिना ।

## खगेन्द्र संग्रौला

खरो बोली टर्रो कलम, दह्रो लेखन
गेरु वस्त्र छैन तर जोगी फेसन
द्रविभूत हुन्छन् धेरै, मलाई पढेर
शंका गर्दै हेर्छन् कोही, आँखा गाढेर
रौसे मान्छे परियो, बांगो बोलिन्छ
लाज, डर नभए'सि सत्य बोलिन्छ ।

## कमल थापा

श्रीमान् गम्भीर नेपाली
कस्तो भाग्य रहेछ यसपालि
मण्डले र कुण्डले भनेर
लखेट्दैछन्, बाटोमा गनेर
थाहा पायौ हाम्रो बन्द देखेर
पाइन अब देखाउाछौं, हेरेर ।

## नीर शाह



नीर थिएा सिनेमामा, राजा थिएँ देशमा
रहरमात्रै बन्यो व्यापार, टाट पल्टिएँ त्यसमा
शाह मेरो थरमात्रै, फालें शाही रंग
रंगफेरी मुड्की कस्दा, दंग छन् प्रचण्ड ।

## रुकमाङ्गद कटवाल

रुक रुक रुक, अरे बाबा रुक
माओबादी ढाड कड्याक कुडुक
ङ्यार् ङ्यार् ङुर ङुर दिल धड्के
गलाउन खोजे, आफैं गलहत्तिए पड्के
दम मारो दम, जित गए हम
कहो शुभ साम, हरे बरण हरे राम
टलटल टल्कने सियो
वाह वाह क्या गज्जब दियो
लड्यो शाषन
जीवनमा एकदिन फर्काउने आशामा ।



# होलीका इडियट्स शिरोमणिहरू



प्रस्तुति : दीपकराज गिरी

**गिरिजाप्रसाद कोइराला :** राजनीतिको बादशाह, तासको प्रमुख पत्ता, नाकमा अक्सिजन, हातमा सत्ता ।

**माधव नेपाल :** स्वच्छ छवि, कोमल छ मन, जाँचमा फेल, रिजल्टमा डिस्टिङ्गसन ।

**प्रचण्ड :** ऐतिहासिक विजय, चर्चा टोल-टोल, मुखमा नो कन्ट्रोल तोलमोलके बोल ।

**शेरबहादुर देउवा :** कतै स्वास्नी कतै सासू कतै छ सालो, एउटै बोली- अब त मेरो पालो ।

**सुशील कोइराला :** कहिले दस कहिले पन्ध्र, कहिले सुजाता कहिले रामचन्द्र ।

**रामचन्द्र पौडेल :** स्वर सुकेको, पेट फुकेको ।

**केपी ओली :** ओलीको बोली, माओवादीलाई चोट, बुद्धिमा तीक्ष्ण विद्यामा खोट ।

**झलनाथ खनाल :** कम्प्युटर छ साथमा हातमा छैन माउस, पावर बिनाको राम्रो पावरहाउस ।

**बाबुराम भट्टराई :** पढाइमा अब्बल, व्यक्ति बेस, कारबाहीमा पर्छन् फुलिसक्यो केश ।

**विजयकुमार गच्छदार :** सरकारलाई चाहिने पुऱ्याउँछन् कोरम, कहिले कांग्रेस कहिले फोरम ।

**विद्या भण्डारी :** ठेगान हुँदैन यिनको बोलीको, स्वर यिनको शब्द ओलीको ।

**सपना मल्ल प्रधान :** छोटो समयमा ताराझैं चम्कनु, स्वास्नी कुट्दा नि यिनलाई सम्झनु ।

**भूषण दाहाल :** कहिले फायर साइड, कहिले म्युजिक भिडियो, केटीभीका यिनी तानाशाही सिडियो ।

**नारायण वाग्ले :** कान्तिपुरबाट हिडेका यी नागरिक वाग्ले नामका अग्ले, कफी पिउँदै पल्पसा क्याफे ।

**महजोडी :** हरिबिनाको मदन, मदनबिनाकी मुना, नाम-दाम दुवै बनाऔं दुई गुना ।

**दीपाश्री निरौला :** यिनी जस्ती पाउन जानुपर्छ लंका, धेरै लेखूँ भने आफैमाथि शंका ।

**करिश्मा मानन्धर :** फिलिम चलेन दुख्न थाल्यो गिंजा, अमेरिका गै पाउरोटी र पिज्जा ।

**नवीन के भट्टराई :** साँझपख एकान्तमा..., केटीले नपत्याएपछि सधैं एकान्तमा ।

**सञ्चिता लुइँटेल :** राम्रो छ रूप, राम्रै छ स्वर, प्रगति होस् निरन्तर- जय निखिलेश्वर ।

**आलोकश्री :** नमच्चिने भए पनि सय फड्के पिङ, उदितदेखि जगजित सिंह ।

**आरजु देउवा :** लोग्नेको नाममा सत्ता रस पियो, भएभरको टायम एनजीओलाई दियो ।

**मनीषा कोइराला :** फेरि भेटौंलादेखि फेरि आयो धर्मा, फिलिम नभए पनि बास छैन घरमा ।

**नीर शाह :** राम्रा कलाकार टन्न छ पेट, राजा छाडेर कमरेडलाई भेट ।

**सुजाता कोइराला :** महिला दुर्योधन ।

**उपेन्द्र यादव :** मधेस आन्दोलन जनताको मुक्ति, सत्तामा जाने राम्रो जुक्ति ।

**किरण वैद्य :** जसको सिंग छैन उसको नाम तिखे, औषधीबिनाको राम्रो वैद्य ।

**नारायणकाजी श्रेष्ठ :** अध्यक्ष राजी त पावरफुल पाजी ।

**भरतमोहन अधिकारी :** अर्थ न वर्थ गोविन्द गाई, आफू



थन्कियो सुरेन्द्रको रजाइ ।

**सुनिल पोखरेल :** नाटकमा लागी यश कमायो, स्वास्नीलाई समेत विदेश घुमायो ।

**सुगम पोखरेल :** आधुनिक गायकका मुखमा ताला, उनका त सधै चल्या छ पाठशाला ।

**अञ्जु पन्त :** बिर्सूं भन्छु तिम्लाई कसरी बिर्सनु, वसन्त सापकोटासँग सोध्नु ।

**राजेन्द्र खेतान :** व्यापारदेखि सभासदको यात्रा, सिद्राको व्यापार पशुपतिको जात्रा ।

**विनोद चौधरी :** ढुकुटीभरि, विनोद चौधरी ।

**स्नेहा राणा :** बीबीसी (बूढी-बूढी च्वाँक) ।

**रेखा थापा :** छविराजदेखि छविलाल (प्रचण्ड) सम्म डाइरेक्टरदेखि कविसम्म ।

**उषा खड्गी :** सदावहार मिस नेपाल, बुद्धि त उही हो अनुहार र कपाल ।

**माल्भिका सुब्बा :** पूर्व मिस नेपाल, बुझ्न सकिनू यिनको ताल ।

**मिथिला शर्मा :** राजेश हमालकी यी दिदी, बिहे गराउने के होला विधि ?

**रामकुमारी झाक्री :** कुमारी रहिनन् अब यी राम झाँक्री ।

**आलोक नेम्वाङ :** छुँदैनन् कहिले ह्वीस्की र स्याम्पेन, कम्मर मर्काउन केटीभन्दा च्याम्पेन ।

**सुवास नेम्वाङ :** परें म दोधारैमा जेठी छोडे घरबार जान्छ, संविधान बने सभामुख कसले खान्छ ?

**विजय पौडेल :** बोल्दा शरीर तीनतिर भाँचन, स्टाइलमा पनि हुँदो रहेछ वाचन ।

**विजयकुमार पाण्डे :** क्लासको मात्र इन्टरभ्यु गर्छु, दिशानिर्देशमै बाँच्छु, त्यसमै मर्छु ।

**डा. रामवरण यादव :** राजा हुन्थे पहिले पहलमानी लडेर, आफू त भइयो भैंसी चढेर ।

**उपेन्द्र महतो :** सबैलाई यिनको साह्रै महत्त्व, कति कमाउँछन् अत्तो न पत्तो ।

**कुशकुमार जोशी :** कहिलेकाहीं आफै देखिन्छ बाउको बे, नो वर्क नो पे ।

**डा. शशांक कोइराला :** काट्न छाडेर कटिन आएका, चोक्टा छाडेर झोल पाएका ।

**रुकमाङ्गद कटुवाल :** मान्नैपर्छ चम्मु छन् कटुवाल, प्रचण्ड सुताउने बहुत राम्रो चाल ।

**डा. भोला रिजाल :** कवितामा स्त्री शोक, पेशामा स्त्री रोग ।

**युवराज घिमिरे :** यताबाट उता, उताबाट यता, घुमिरहने घिमिरे, के सन्ध्या के मिर्मिरे ?

**पुष्करलाल श्रेष्ठ :** इतिहास बोकेको प्रसिद्ध कामना, उदितसँग दह्रो सामना ।

**कृष्ण ज्वाला देवकोटा :** कृष्णमा कहाँ थियो र ज्वाला ? ज्वालाले एक दिन आफैलाई खाला ।

**कनकमणि दीक्षित :** विद्या, बुद्धि, विवेकमा शिक्षित, एमालेबाट राम्ररी दीक्षित ।

**दिनेश डिसी :** गुरुका बारेमा लेख्न गाह्रो, प्रशंसा यिनलाई साह्रै छ प्यारो ।

**उद्धव पौडेल :** गोपिनी हराएका यी गोपीकृष्ण, चतुर छन् यिनी बुद्धि छ तीक्ष्ण ।

**शम्भुजित बासकोटा :** सुनकोशी सुसेलेको दूधकोशीले सुन्छ, खराब लेखौं उसैले मुख थुन्छ ।

**र म आफै, दीपकराज गिरी :** हाने मर्छ बोले टर्छ आगो हो यो पोल्छ, जान्नु-बुझ्नु केही छैन प्याचपुच्च बोल्छ ।




● मेरो अनुभव ●

# रंग

ऋचा घिमिरे (नायिका)



तराईमा खेलिने रानी र नीलो रंगले मलाई लोभ्याउँछ। म होलीमा त्यसरी नै रंगिन मन पराउँछु, तर यहाँ रंगसँगै विकृतिको अनुभव पनि म सुनाउँछु र यो अनुभव पनि रंगसँगै गाँसिएको छ। आठ वर्षजति अघिको कुरा हो, त्यतिबेला म चाबहिल बस्थें र र्‍याम्प मोडलिङ गर्थें। होलीभन्दा हप्ता दिनजति अघि मलाई बिहानै एउटा फेसन शोको प्राक्टिसका लागि जानुपर्ने थियो। बिहानै निस्किएँ। मैले सेतो रंगको नयाँ वानपिस र लेगिज लगाएकी थिएँ। होलीकै बेला भए पनि बिहानबिहानै त कसैले लोला नहिर्काउलान भन्ने लागेको थियो। घरबाट कुमारीगाल हुँदै गौरीघाट नजिकै के पुगेकी थिएँ, मेरो अघिल्तिर र पछिल्तिरबाट गन्हाउने पानी र कडा रंग हालिएको प्लास्टिकका पोकाहरू आएर मेरो ढाड र आँखामा बज्रिए।

म रन्थनिएर लडें। दस सेकेन्डजति त मेरो आँखै फुट्यो भन्ने लाग्यो। ढाड पनि दुख्यो। वरपरबाट मानिस जम्मा भए। घरनजिकै भएकाले उनीहरूले मलाई चिन्थें। उनीहरूले मलाई उठाए र नदेखिएका लोला हान्ने मानिसहरूलाई गाली गर्न थाले। म कसले हान्यो भन्ने थाहा पाउनतिर लागिनँ। चोट लागेर सुन्निएको आँखा सुमसुमाउँदै घर गएँ र लुगा फेरें। कडा रंगले मेरो नयाँ सेतो वानपिस अर्को पटक लगाउनै नहुने गरी बिगारेको थियो। रिस त निकै उठ्यो। मम्मीले नजा भन्दाभन्दै गगल्स लगाएर म ट्याक्सी चढेर प्राक्टिसमा गएँ। फर्कंदा गौरीघाटको त्यही बाटो हिंड्दै फर्कने निधो गरें। पछाडिबाट स्वर सुनियो- 'हेर न, अघि बिहान हामीले हिर्काएको केटी, त्यो त फेरि आइछ। हान, हान।' फनक्क फर्किएँ। एक जना ठूलो केटा र दुई जना सात-आठ वर्षका बालक रहेछन्। अरू त भागे। एक जना बालकको हात समातें। उसलाई तिम्रो घर लैजाऊ भनें। उसले लग्यो, त्यहाँ उसकी मम्मी थिइन्। उनीहरूको बदमासीले मेरो लुगा बर्बाद भएको र मलाई चोट लागेको कुरा बताएँ। उनले मेरो सोचविपरीत जवाफ दिइनँ- 'होलीको बेला हिंड्ने हो त ? साना केटाकेटीले रमाइलोका लागि हानेका होलान्। तपाईं आफैं बचेर हिंड्नुपर्छ।' उनको जवाफ म कहिल्यै बिर्सन्नँ। त्यसपछि मैले यस्ता घटनामा ती बालकको भन्दा उनका अभिभावककै दोष बढी पाएँ।

# भाङ



रेखा थापा (नायिका)

मोरङमा खेलिएको होली म सधैं मिस गर्छु। त्यहाँ जस्तो रमाइलो यहाँ (काठमाडौंमा) हुँदैन। यहाँ त मानिसहरूले मनले होली खेलेको कमै देखेको छु। अरूलाई लोला हानेर र दुःख दिएर सद्भावको यो चाडमा कहीं रमाइलो हुन्छ र ? मित्रता बढाउने चाडले शत्रुता बढाएको पनि देखिएको छ। फेरि यहाँ होलीजस्ता चाडमा घरमै लुकेर बस्नेहरू पनि धेरै छन्। सरकारले घरमै लुकेर बस्न सार्वजनिक बिदा दिएको हो र ? हाम्रो टोलमा सबैजना जम्मा हुन्थ्यौं। खानपिन, नाचगानपछि एक-आपसमा रंग दलेर रमाइलो गर्थ्यौं। टोलमा बूढापाकादेखि केटाकेटीसम्म सबैले रमाइलो गर्थे। कतिपय भाङको नशामा मात्तिन्थें। त्यतिबेला म १३-१४ वर्षकी थिएँ। बिहानैदेखि होली खेल्दै साथी रमिला (मोडल रमिला अधिकारी) र म विराटचोकसम्म पुगेछौं। १२ बजेपछि फर्केर घर आएको त सबै जना जम्मा भएर रमाइलो गर्न सुरु भैसकेको रहेछ। बुबा, आमा, दिदी र दाइहरू, साथीभाइ, छिमेकी आफन्तहरू सबै जम्मा भएर होली खेल्दै थिए। त्यति सम्झना त छैन, तर कसले पो हो मलाई लड्डु खाने भनेर एउटा बुन्दीको लड्डु दियो। केटाकेटी न थिएँ, केही सोच विचार नगरी त्यो लड्डु खाएँ। आधा घण्टाजतिपछि मलाई रिंगटा लागेजस्तो भयो। त्यसपछि उडेको उड्यै पो भएँ। मैले खाएको लड्डु त भाङको लड्डु पो रहेछ। म त हाँस्न थालेछु, बेला-बेलामा रुन पनि थालिएछ। मैले तमासा देखाउन थालेपछि आमाले लगेर कोठामा सुताइदिनुभएछ, दिनभरि होली खेलुँला भन्ने कस्तो योजना थियो। १ बजेदेखि नै सुतिएछ। त्यही भएर त्यो बेलादेखि होलीको दिन होली खेल्न छाडेर अरूले दिएको केही पनि नखाने निधो गरेकी छु। के थाहा भाङ मिसाइएको हुन्छ कि ?

# लोला

झरना थापा (नायिका)



लोलाका बारेमा मसँग एउटा हाँसोउठ्दो अनुभव छ। मेरो माइती दाङ हो। त्यतिबेला म आठ कक्षामा पढ्थें। एक दिन स्कुलबाट फर्कंदा एउटा केटाले उसको घरको छतबाट मलाई ताकेरै लोला हिर्कायो। त्यो लोला मेरै छेउबाट सुइँय गर्दै गयो। मलाई छुनसम्म पनि सकेन, तर मलाई भने एकदमै रिस उठ्यो। रिसले आँखै देखिनँ। बाटोबाट ढुंगा टिपें र त्यो केटोलाई ताकेर हिर्काएँ। धन्न लागेन, लागेको भए बबाल हुन्थ्यो होला, तर त्यतिले मेरो रिस मरेन। गाली गर्दै उसको घरमा छिरें, ऊ त थुरथुर काम्यो। पिट्न त पिटिनँ, गालीचाहिँ मज्जाले गरेर फर्किएँ। त्यो घटना सम्झदाँ अहिले पनि हाँसो उठ्छ।

होली मलाई मन पर्ने चाड हो। सानैदेखि होली खेल्दा अनि बाटोमा हिंडेका अपरिचितहरूलाई लोला हान्दा रमाउँथें। नचिनेका मानिसलाई झ्याम्म लोला हान्यो, खुर्र भाग्यो। कति पटक त गाली पनि खाइयो। अहिले सम्झदा बेकारमा मानिसहरूलाई दुःख दिएजस्तो लाग्छ। आफू-आफूमा लोला खेलेको रमाइलो हुन्छ। बटुवा वा अपरिचितलाई घरको छतबाट लुकेर लोला हानेर लुक्दा केही मज्जा होला, तर कुनै कामविशेषले हिंडेको मानिसको अवस्था कस्तो हुन्छ होला, आफैंलाई त्यो ठाउँमा राखेर विचार गर्छु। विशेष गरी काठमाडौंमा होली आउनु हप्तौंअघिदेखि केटीहरूलाई ताकी-ताकी लोला हानिन्छ। यो नराम्रो काम हो। त्यसका कारण झै-झगडा हुनसक्छ वा ठाउँ कुठाउँमा लागेर घाइते भएका घटना पनि सुन्नमा आएका छन्। त्यसैले धेरै वर्ष भयो, म होली खेल्छु, लोला बनाउँछु, ताकेरै हान्छु तर आफ्ना मानिसहरूलाई मात्र।

# मस्ती र नाचगान

नम्रता श्रेष्ठ (नायिका)



मलाई रंगको हल्का एलर्जी छ। रंग खेलिसकेपछि मेरो अनुहारभरि एलर्जीको दाग आउँछ, तर पनि रमाइलो र मस्ती हुने भएकाले म होली खेल्छु। साथीभाइहरूसँग रमाइलो गरी बिताउने यो चाडको विशेषता नै मस्ती र रमाइलो हो, अनि रंग खेल्दाखेल्दै गीत गाएर वा बजाएर नाच्नुको मज्जा अर्कै हुन्छ। कान्तिपुर एफएमको होली म कहिल्यै बिर्सन्नँ। दुई वर्षअघि नमस्ते सुपरमार्केटपछाडिको स्विमिङ पुल छेउमा स्टेज बनाएर साथीहरू र सेलिब्रेटीहरूसँग मनाएको होली सबैभन्दा रमाइलो थियो। म एफएमको आरजे पनि थिएँ। त्यसैले अरू आरजेहरूसँग घनिष्ठता थियो। मानिसहरू जम्मा गरेर हरेक वर्ष निरन्तर होली मनाउँदै आएको कान्तिपुर एफएमको त्यो होलीमा स्विमिङ पुलमा रंग मिसाएको पानी राखिएको थियो। होलीको रंग र पानीले बिगार्छ भनेर अरू दिन आँखामा कन्ट्याक्ट लेन्स लगाए पनि त्यो दिन म चस्मा लगाएर गएकी थिएँ। कार्यक्रम सञ्चालन गरेपछि स्टेजबाट के ओर्लिएको थिएँ, प्रशान्त दाइ (प्रशान्त स्याङ्देन) ले मलाई जुरुक्क बोकेर स्विमिङ पुलमा चोपल्नुभयो। पानीमा खसाइएपछि म एकैछिन अत्तालिएँ। मेरो त चस्मा एकातिर, जुत्ता अर्कातिर भयो। पछि अरू साथीहरूले खोजेर ल्याइदिए। मस्ती निकै भएकाले म त्यो होली कहिल्यै बिर्सन्नँ। अनि गएको वर्ष पनि एफएमको लाइभ सकिएपछि भाङ मिसाइएको लड्डु खाइएछ। अरू साथी भाङको नशामा धेरै नै मस्त भए। सानो टुक्रा खाएकीले मलाई पनि हल्का नशा चढेछ। डिजे राजुको डिजेइङमा तीन घण्टा निरन्तर नाचेको पत्तै भएन। तीन बजेसम्म नाचेको नाच्यै थिएँ। डिजेले म्युजिक बन्द गरेपछि मात्र रोकिएको सम्झना छ।

**प्रस्तुति : सुब्रत आचार्य**

# कसरी सफा गर्ने होलीको रंग



होली हर्षोल्लास, प्रेम, त्याग एवं द्वेषरहित पर्व हो। होलीको बिदाइसँगै केही तीता-मीठा सम्झना रहन्छन्। ती तीता-मीठा सम्झनामा शरीरमा लागेको रंग पनि एक हो।

होलीमा हामी जसलाई रंग लगाउँछौं वा जसले हामीलाई रंग लगाइदिन्छ, त्यसमा प्रेम, अपनत्व एवं रमाइलो भावना लुकेको हुन्छ। यद्यपि कतिपय अवस्थामा जतिसुकै प्रेमले लगाइदिएको रंगले हानि पुऱ्याउन सक्छ।

प्राचीन कलामा होली खेल्दा जंगलमा पाइने विशेष फूललाई पानीमा भिजाइन्थ्यो। उक्त फूल पानीमा भिज्दा पानी रंगीन हुन्थ्यो। आजभोलि आयुर्वेदिक औषधिका रूपमा प्रयोग गरिने टेसु फूल नै त्यसबेला होलीका लागि आवश्यक पर्ने रंग थियो। टेसुको रंगमा छालाको रोग निको पार्ने मात्र होइन, हृदय शान्त पार्ने गुण पनि हुन्छ। यो रंगले होली खेल्दा मानिसमा प्रेम एवं भाइचाराको सम्बन्ध स्थापित हुन्छ भन्ने कथनकै कारण वर्षभरि कुनै निहुँमा झगडा गर्ने झगडियालाई चोकमा राखेर यो रंगले नुहाएपछि मात्र मित्रता गाँस्न एवं पुराना कुरा बिर्सन लगाइन्थ्यो। त्यसपछि अबिर, गुलाबजल एवं कत्थाको मिश्रणबाट बन्ने रंगले होली खेलिन्थ्यो। आजभोलि सिसाबाट बनाइएको पोटासियम डाइक्रोमेटबाट निर्मित रंग प्रयोग गरिन्छ। यस्ता रंग लामो समय शरीरमा रहँदा हानी गर्ने विभिन्न अध्ययनले देखाएका छन्।

## रंगको दुष्परिणाम

होलीको रमाइलोमा डुबेका बेला शरीरमा कुन रंग पऱ्यो र त्यसले शरीरमा के हानि गर्छ त्यसको ध्यान हुँदैन। यस्तो बेलामा रंगका बारेमा कुरा खेलाउन थाल्यो भने होलीको रमाइलो पनि लिन सकिँदैन। अहिलेसम्म भएका अध्ययनबाट के निष्कर्ष निकालिएको छ भने शरीरमा जति धेरै प्रकारका रंग मिसिन्छ, त्यसले त्यति नै बढी कार्बन उत्पन्न गर्छ। यति हुँदाहुँदै पनि तुरुन्तै यसले हानि पुऱ्याउँदैन। कारण, छालाको माथिल्लो तहमा विभिन्न रसायनसँग लड्ने क्षमता हुन्छ। यद्यपि घाउ भएको स्थानमा यस्ता केमिकलयुक्त रंग पऱ्यो भने घाउ निको समय लाग्छ। घाउ भएको स्थानमा इन्टिसेफ्टिक क्रिम लगाएर त्यसमा पट्टी बाँधेर होली खेल्न जाने हो भने घाउलाई थप हानि पुऱ्याउँदैन।

बजारमा पाइने रंग विभिन्न गुणस्तरका हुन्छन्। गुणस्तरीय रंगले शरीरलाई हानि पुऱ्याउँदैन, तर साधारण पसलमा पाइने रंग तथा अबिरमा सिसाको मात्रा अत्यधिक हुन्छ। यस्ता सिसाहरू छालामा रहेको रोमछिद्रमार्फत शरीरको भित्री भागमा पुग्छन्। यस्ता सिसाको मात्रा बढी भएको अवस्थामा यी सीसा रगतमा घुल्छन्। यसले रक्त क्यान्सरजस्ता गम्भीर रोग लाग्ने सम्भावना पनि हुन्छ। यद्यपि यस्ता घटना ज्यादै न्यून हुने चिकित्सकहरूको ठहर छ। गुणस्तरहीन रंगको प्रयोगले टाउकाको छालामा प्रभाव पर्ने देखिएको छ। यस्ता रंगले चाँडै केश फुल्ने सम्भावना हुन्छ।

## रंग धुने तरिका

होली खेल्न जति आनन्द आउँछ, त्यसलाई सफा गर्न त्यति नै समस्या पर्छ। दुःख गरेर रंग धोइयो भने पनि त्यसले छाला सुख्खा हुने हुने एवं त्यसमा सेता धर्का देखिने समस्या देखा पर्नसक्छ। केश सुख्खा एवं सौन्दर्यहीन बन्न पुग्छ। कतिपय केमिकलको प्रभावले केश टुक्रने समस्या पनि देखिन्छ।

होली खेल्न निस्कनुपूर्व सम्पूर्ण शरीरमा क्रिम वा तोरीको तेल लगाउनु सबैभन्दा राम्रो उपाय हो। यसो गर्दा होलीमा खेलिने जति पनि रंग एवं अबिर छन्, त्यसले छालामा हानि पुऱ्याउँदैन। क्रिम वा तेलले रंगमा भएका हानिकारक तत्वलाई शरीरभित्र छिर्न दिँदैन। विशेषगरी रंगमा भएको सिसालाई त्यसले बाहिरै रोक्छ। होली खेलिसकेपछि नुहाउँदा रंग सजिलै जान्छ।

नुहाइसकेपछि रंगका कारण छाला सुख्खा हुनु स्वाभाविक हो। यद्यपि यसमा चिन्ता गर्नुपर्दैन। छालामा घिउकुमारीको रसमा कागती मिसाएर दल्नुपर्छ। आजभोलि घिउकुमारीको जुस सजिलै प्राप्त हुने भएकाले होलीमा यसको प्रयोग गर्न सजिलो छ।

नुहाउँदा पनि केही रंग गएन भनेर चिन्ता लिनुपर्दैन। गम्भीररूपमा छालामा टाँसिएको रंग हटाउन घरमा भएको नरिवल वा तोरीको तेलमा कपास भिजाउने। उक्त कपासले बिस्तारै रंग भएको स्थानमा रगड्ने। यसो गर्दा जिद्दी रंग पनि जान्छ।

गाढा रंगमा क्लिजिङ मिल्क प्रयोग गर्न सकिन्छ। त्यति गर्दा पनि रंग गएन भने बेसन, बेसार र तोरीको तेल मिसाएर बिस्तारै दल्दा पनि रंग निखिन्छ।

शरीरभरि अबिर लागेको अवस्थामा पानीले धुनु राम्रो मानिँदैन। पहिले त्यसलाई टबेलले राम्रोसँग पुछ्नुपर्छ। पानीले धुँदा अबिर फैलिएर त्यसमा भएका मसिना सिसा शरीरमा प्रवेश गर्ने सम्भावना हुन्छ।

रंग धोइसकेपछि शरीरका केही भागमा टट्याएको महसुस हुनसक्छ। यस्तो बेलामा गुलाबजलमा ग्लिसिरिन मिसाएर टट्याएको स्थानमा लगाउनुपर्छ। केही वैद्यले होली खेलिसकेपछि प्रयोग गर्ने विशेष तेल तयार पारेका छन्। यद्यपि यस्ता औषधी सर्वसुलभ नभएकाले यसलाई बनाउने विधि जान्नु आवश्यक छ। होली खेलिसकेपछि नुहाउनु मात्र समस्याको समाधान होइन। नुहाइसकेपछि छालालाई पुरानो स्वरूपमा फर्काउन निमको पात, बेसार, चन्दन एवं मुल्तानी माटोलाई बराबर मात्रामा मिसाउने। यो मिश्रणमा २ सय ५० ग्राम गुलाबजल मुछ्ने। त्यसपछि त्यसको प्याक शरीरमा लगाउने। बेसारमा एन्टिसेप्टिक गुण भएकाले सिसाले कोरिएको घाउ चाँडै निको हुन्छ। चन्दनले छालाको शीतलता प्रदान गर्छ। मुल्तानी माटोले छालामा खनिज लवण आपूर्ति गर्छ। गुलाबजलले छालामा रहेका फोहोरलाई हटाउन मद्दत गर्छ। यी सबैको एकसाथ प्रयोगले छालामा पुरानो कान्ति फर्केर आउँछ। नत्र होलीपछिका केही दिन छालामा समस्या आइरहन्छ।

कहिलेकाहीं आँखामा पनि रंग पर्छ। आँखा निकै संवेदनशील अंग भएकाले त्यसमा तुरुन्तै पानी छ्याप्नुपर्छ। चिकित्सकको निर्देशनअनुसार आइड्रप हाल्नुपर्छ। आँखाको भरपर्दो उपचार मुखमा पानी हालेर आँखामा पानी छ्याप्नु नै हो। मुखमा पानी हाल्दा आँखा तन्किन्छ।



फलस्वरूप आँखामा छ्यापेको पानीले भित्रका अवाञ्छित तत्वबाहिर निकाल्न मद्दत गर्छ। यदि कानमा रंग पस्यो भने गुलाबजलले रुवा भिजाएर बिस्तारै रंग निकाल्नुपर्छ।




# पेरिस हिल्टनको विवाह ?



२८ वर्षीया नायिका पेरिस हिल्टनले वर्ष २010 भित्रमा वैवाहिक जीवनमा बाँधिने घोषणा गरेको धेरै भएको छैन। आफ्नो घोषणालाई सही सावित गर्दै केही दिनअघि उनले प्रेमी डफ रेनहार्टसँग गोप्य इन्गेजमेन्ट गरेकी छिन्। अमेरिकामा चेन होटल सञ्चालन गरिरहेकी नायिका हिल्टनले चलचित्र 'द हिल्स' का नायक डफको विवाह प्रस्तावलाई एउटा च्यारिटी समारोहमा स्वीकारेकी थिइन्। डफसँग विवाह गर्ने पक्का भएपछि हिल्टन उनकै प्रसंशामा मस्त छिन्। डफसँग भेटेपछि आफ्नो जीवनमा परिवर्तन आएको तथा आफू पहिलेको भन्दा थप खुसी भएको उनी बताउँछिन्। साँचो प्रेम कस्तो हुन्छ भन्ने कुरा डफसँग भेटेपछि मात्र अनुभव गर्न पाएको समेत उनले बताएकी छिन्। उता डफ पनि पेरिसलाई संसारकै सबैभन्दा सुन्दर युवती मान्छन्। डफका अनुसार पेरिस सुन्दर मात्र छैनन्, बुद्धिमान पनि छिन्। स्मरणीय के छ भने गत अगस्ट महिनामा मात्रै पेरिस र डफका बीच एउटा सानो कुराले मनमुटाव भएको थियो, तर पछि उनीहरू पुनः एक भए।

# शाहरुखले रुवाए फराह र जोनलाई




सम्भवतः तपाईं आमिर खान अभिनीत चलचित्र तारे जमिन पर हेरेर भावुक हुनुभएको थियो, तर तपाईंलाई थाहा छैन होला, निर्देशक फराह खान र अभिनेता जोन अब्राहम भावुक बने र आँसु पनि झारे। चलचित्र तारे जमिन पर हेरेर होइन, किङ खान शाहरूख अभिनीत माइ नेम इज खान हेरेर। स्रोतका अनुसार चलचित्र हेरेर फराह खान भन्दा जोन बढी रोएका थिए। सँगै चलचित्र हेरेका फराहको भनाइलाई उद्धृत गर्दै स्रोतले जनाएको छ– जोनले आफ्नो आँसु पुछ्न फराहको साथमा रहेको सबै टिस्यु पेपर रित्याएका थिए।

# कटरिनाकी बहिनीको एमएमएस



कटरिना कैफकी बहिनी इसाबेल एमएमएस स्क्यान्डलमा फसेकी छिन्। इसाबेल कैफजस्तै देखिने युवती संलग्न १० मिनेट लामो उक्त सेक्स टेप एमएमएसका रूपमा सार्वजनिक भएपछि युके र इन्डियामा इन्टरनेटमा सबैभन्दा बढी सर्च गरिने आइटमका रूपमा कटरिनाकी बहिनी इसाबेल नै भएकी छिन्। तथापि उक्त सेक्स भिडियोमा देखिएकी युवती इसाबेल हुन नसक्ने र अनुहार मात्र मिल्न गएको हुन सक्ने अनुमान पनि गरिएको छ। यद्यपि कैफनजिकका व्यक्तिहरूको टिप्पणीले भने यो अनुमान गलत हुन सक्छ। स्रोतका अनुसार उक्त भिडियो क्यामरिकर्डरद्वारा खिचिएको बुझिन्छ भने भिडियोमा पुरुषलाई स्पष्ट रूपमा देखाइएको छैन। इसाबेलको फिल्ममा एन्ट्रीका लागि अभिनेता सलमान खान र कटरिना स्वयंले उनलाई ग्रुमिङ पनि गरेको बताइन्छ।

# म्याडोनाको नयाँ अफेयर



पपगायिका म्याडोना ५१ वर्षकी भैसकिन्, तर पनि उनको मन अझै तरुनो छ। पछिल्लो समयमा उनी आफ्नो उमेरभन्दा ठ्याक्कै आधा उमेरका युवाहरूप्रति आकर्षित हुन थालेकी छिन्। केही समयअघिसम्म उनलाई जिसस लुजसँग अँगालोमा बाँधिएर हिंडेको देखिन्थ्यो, तर अहिले म्याडोनाले जिससको साथ छोडिसकेकी छिन्। करिब आठ महिना लामो म्याडोना-जिससको रोमान्स टुटेको छ। जिसससँग अलग भएलगत्तै उनले नयाँ प्रेमी फेला पारेकी छिन्। यसपटक उनले हेन्डसम मोडल जोन कोर्टाजरेनलाई नयाँ प्रेमी बनाएकी छिन्। अचम्मको कुरा के छ भने जोनको उमेर जम्मा २४ वर्ष मात्र छ। म्याडोना मात्र होइन, जोन पनि उनीप्रति उत्तिकै आकर्षित छिन्। एउटा वेबसाइटमा प्रकाशित समाचारमा भनिएको छ– 'दुवैबीच डेटिङ नै सुरु भैसकेको छ।'

# ब्रेकअपपछि सुन्दर



हलिउड नायिका चार्लिज थेरोनले आइरिस प्रेमीसँगको सम्बन्ध टुटेपछि आफू वास्तवमै तरोताजा तथा सुन्दर भएको बताएकी छिन्। स्टीवार्ट टाउनसेन्डसँग उनी अघिल्लो महिनामात्र अलग भएकी हुन्। उनीहरू विगत नौ वर्षदेखि रोमान्स गरिरहेका थिए। सामान्यतः हलिउडमा एउटै जोडीले यति लामो अवधिसम्म रोमान्स गर्दैनन्, तर उनीहरू अपवादका रूपमा देखा परे। उनीहरूलाई कहिल्यै अलग नहुने जोडीको उपाधी पनि प्राप्त भएको थियो, तर त्यो कायम रहन सकेन। प्रेमीसँग अलग भएपछि चार्लिज डिप्रेसनमा जाने अनुमान धेरैको थियो तर भैदियो ठीक उल्टो। यसअघि कमै समय पाउने साथीहरूले उनको बढीभन्दा बढी समय पाएका छन्। प्रेमीसँग अलग भएपछि थप खुसी देखिएकी थेरोन अब आफ्नो सम्पूर्ण ध्यान अभिनयलाई दिने बताउँदैछिन्। यसको ठीक विपरीत टाउनसेन्ड भने ओस्कार विजेता प्रेमिका थेरोनसँगको साथ छुटेपछि तनावमा आएको बताइएको छ।

# अभिषेक अब व्यापारी



जुनियर बी अर्थात् अभिषेक बच्चनले अब नयाँ जिम्मेवारी आफ्नो काँधमा लिने भएका छन्। आफ्नो परिवारको फिल्म प्रोडक्सन कम्पनी एबीसीएललाई अबका दिनमा जुनियर बच्चन आफैंले हाँक्ने भएका छन्। सुरुका दिनमा फिल्म निर्माणबाट टाट पल्टिएको एबीसीएलले निर्माण गरेको पछिल्लो चलचित्र 'पा' ले राम्रो व्यवसाय गरेपछि जुनियर बच्चन उक्त कम्पनीलाई राम्रोसँग अघि बढाउन उत्साहित भएको बताइन्छ। यस सम्बन्धमा जुनियर बच्चनले केही योजना पनि बनाइसकेको र सोही अनुसार उनी अघि बढिरहेको बताइन्छ।

## ● फिल्मी खबर ●

### मलेसियामा पश्चाताप

'फ्ल्याट नम्बर १८७' तथा 'गुड बाई काठमाण्डू' निर्माण गरिसकेका निर्माता जितेन्द्र चेम्जोङको तेस्रो चलचित्र 'पश्चात्ताप' हालै किराँत याक्थुम चुम्लुङ क्षेत्रीय कमिटी मलेसिया तथा धनकुटा चौबीसे एकता समाज मलेसियाको संयुक्त आयोजनामा गत आइतबार मलेसियाको सेनाङ सहरमा प्रदर्शन गरियो। झन्डै १२ सय नेपाली चलचित्र पश्चात्ताप हेर्न पुगेका थिए। परिवारभित्रको एक सदस्यले गलत निर्णय लियो भने त्यसको परिणाम नराम्रो हुनसक्छ भन्ने विशुद्ध पारिवारिक कथामा आधारित चेतनामूलक चलचित्र पश्चात्तापको निर्देशन दर्जनौं म्युजिक भिडियो निर्देशन गरिसकेका युवा मिलन चाम्सले गरेका हुन्।

### सेन्सरले रोक्यो दसगजालाई

सीमा विवादको विषयमा नवल खड्काले निर्माण गरेको चलचित्र 'दसगजा'लाई केन्द्रीय चलचित्र जाँचपास समितिले प्रदर्शनमा रोक लगाएको छ। चलचित्रको संवाद तथा दृश्य विवादित भएको भन्दै समितिले चलचित्रमा रोक लगाएको हो। राजेश हमालले केन्द्रीय भूमिका निर्वाह गरेको उक्त चलचित्रमा समितिले आपत्तिजनक मानेका दृश्य तथा संवाद हटाउँदा साढे दुई घण्टाको चलचित्र २० मिनेटको हुने निर्माता तथा नायक खड्काले बताए।

### बन्दी पनि आउने

रमेश गुरुङ 'कर्मा'ले निर्माण गरेको चलचित्र 'बन्दी'को प्रदर्शन सम्भवत: यही वर्षको अन्त्यसम्ममा हुनेछ। प्रेम तथा द्वन्द्वमा आधारित यो चलचित्रमा दिलीप रायमाझी, सुमन सिंह, आर्यन सिग्देल, सञ्चिता लुइँटेल, सञ्चिता गुरुङ आदि कलाकारले अभिनय गरेका छन् भने चलचित्रका निर्देशक विजय केरुङ हुन्।

### सकियो शक्तिमान

दर्शना आर्ट्सको ब्यानरमा दीपक अधिकारी तथा लीलाधर न्यौपानेले निर्माण गरिरहेको चलचित्र 'शक्तिमान'को छायांकन सम्पन्न भएको छ। भोजपुरी तथा नेपाली भाषामा स्वरांकन गरिने उक्त चलचित्रको सम्पूर्ण छायांकन एवं प्राविधिक कार्य मुम्बईमा गरिएको छ। विराज भट्ट, पुजना प्रधान, पुष्कर भट्ट, लीलाधर न्यौपाने आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको चलचित्र शक्तिमानमा हिन्दी चलचित्रकी नायिका सोनाली जोशीले पनि अभिनय गरेकी छिन्।

### सुरु भयो सडक

निर्देशक प्रदीप श्रेष्ठको अर्को चलचित्र 'सडक'को छायांकन प्रारम्भ हुने भएको छ। हरि बरालले निर्माण गर्ने यो चलचित्रको छायांकन फागुन महिनाको दोस्रो सातादेखि पोखराबाट थालिएको हो। दुईवटा गीतको छायांकन सकिएपछि काठमाडौं तथा पोखरामै छायांकन गरिने यो चलचित्रमा आयुष रिजाल तथा रेखा थापाको मुख्य भूमिका छ।





## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २३ वर्षीय युवक हुँ। विगत दुई वर्षदेखि मैले एउटी युवतीलाई मन पराउँदै आएको छु। ती युवतीलाई म निकै माया गर्छु र उनी पनि मलाई माया गर्छिन्। हामी एक-अर्काविना बाँच्न पनि चाँहदैनौं, तर यसबीच मेरो जीवनमा एउटा यस्तो समस्या आइपऱ्यो कि मलाई मेरो जिन्दगी र मायादेखि पनि दिक्क लागेर आउँछ। विगत ८-९ महिनादेखि एउटी अर्की युवतीले मप्रति माया दर्साउन थालेकी छिन्, तर ती युवतीको बानी र व्यवहार देख्दा मेरो मनमा उनीप्रति घृणा जागेर आउँछ। ती युवतीलाई मैले आफ्ना बारेमा सबै कुरा बताएर आफ्नो प्रेमीका भएको समेत उल्लेख गरें। मेरो कुरा सुनेर ती युवतीले उल्टै मलाई नछोड्ने र मैले उनलाई छाडे झुन्डिएर मर्ने, जिन्दगीभर विवाह नगरी बस्ने धम्कीसमेत दिन थालेकी छिन्। यस्तो स्थितिमा म के गरूँ ? म आफूले मन पराएकी युवतीलाई छाड्न सक्दिनँ र छाड्न पनि चाहन्नँ।**

**-एन.**

तपाईं आफ्नी प्रेयसीलाई असाध्यै माया गर्नु हुँदो रहेछ, खुसी लाग्यो। दुई-चार जनासँग समानान्तर रूपमा माया गर्नेहरूको जगजगी भएको आजभोलिको जमानामा तपाईंजस्ता युवकको आफ्नी प्रेयसीप्रतिको प्रतिबद्धता वास्तवमै प्रशंसायोग्य छ। जहाँसम्म तपाईंलाई माया गर्ने भनिएकी अर्की युवतीको कुरा छ, तपाईंले ती युवतीको कुरा एउटा कानले सुनेर अर्को कानले उडाइदिए हुन्छ। जहाँसम्म आत्महत्या वा जिन्दगीभर विवाह नगर्ने धम्कीको प्रश्न छ, त्यो फगत धम्की मात्र हो। त्यसैले आफ्नी प्रेयसीको विश्वासलाई कायम राख्दै आफ्नो मायाप्रति प्रतिबद्ध रहनुहोस्। जीवनको गोरेटोमा कुनै पनि जोडीको सम्बन्ध तलमाथि हुने, मनमुटाव हुने वातावरण परिस्थितिवश निर्माण भैरहन्छ। यस्तो वातावरणलाई आफ्नो माया र विश्वासले ओझेलमा पार्दै जानुपर्छ। त्यसैले म तपाईंलाई के सल्लाह दिन्छु भने तपाईं आफूलाई माया गर्ने र मनले खाएकी युवतीप्रति समर्पित हुनुहोस्।



## ● तीन प्रश्न ●



टेलिभिजनबाट प्रसारण भैरहेका हास्यकलाकार लोकप्रिय हुने क्रम जारी छ। हास्यश्रृंखलाको लोकप्रियतासँगै हास्यकलाकार पनि दर्शकमाझ उत्तिकै भिजेका छन्। शेखर खनाल सानो पर्दाका त्यस्तै एक हास्यकलाकार हुन्, जसले पछिल्लो समयमा दर्शकलाई स्वस्थ मनोरञ्जन मात्र गराएका छैनन्, उनको थेगो आम जनजिब्रोमा समेत झुन्डिन थालेको छ। विगत दुई वर्षदेखि दमन रूपाखेतीको निर्देशनमा तयार भएको हास्यश्रृंखला 'झ्याइँकुटी झ्याइँ' मा अभिनय गर्न थालेपछि उनी चिनिन थालेका हुन्। 'भुइँकटहरे काका' को भूमिका निर्वाह गर्न थालेपछि उनले बोल्ने 'म त छक्क परें...' थेगो दर्शकले औधी रुचाएका छन्। उमेरले ३० नकाटेका शेखरले श्रृंखलामा झन्डै ६० वर्ष उमेरका काकाको भूमिका निर्वाह गरेका छन्। मोहन

निरौलामार्फत अभिनय क्षेत्रमा आएका शेखर अभिनयका साथै निर्देशनमा पनि उत्तिकै सक्रिय छन्। होचा पुड्का कलाकारलाई भेला पारेर उनले निर्देशन गरेको चलचित्र 'सारथी' ले राम्रो व्यापार गरेको थियो। केही वर्षअघि इमेज च्यानलबाट प्रसारण भएको हास्यश्रृंखला 'एक्स्क्युज मि.' पनि उनैले निर्देशन गरेको श्रृंखला हो। यसबाहेक उनले दर्जनौं टेलिश्रृंखलामा अभिनय गरिसकेका छन्। नेपालगन्जका स्थानीय बासिन्दा शेखर पछिल्लो समयमा 'झ्याइँकुटी झ्याइँ' को निर्देशनमा पनि सक्रिय छन्। दमन रूपाखेतीले निर्देशनमा सहयोग गर्न गरेको आग्रहलाई उनले स्वीकारेका हुन्। पछिल्लो समयमा विभिन्न महोत्सवमा समेत प्रस्तुति दिँदै आएका शेखरसँग *साप्ताहिकले* तीन प्रश्न सोधेको थियो :

**निर्देशक बन्न आएको मान्छे कलाकारका रूपमा लोकप्रिय हुनु भयो नि ?**

वास्तवमा म निर्देशक नै बन्छु भनेर कलाकारिता क्षेत्रमा प्रवेश गरेको थिएँ तर काम गर्दै जाँदा कलाकारकै रूपमा स्थापित हुन पाएको खुसी छु।

**हास्यश्रृंखलामा अभिनय गर्न सजिलो कि निर्देशन गर्न ?**

गाह्रो प्रश्न सोध्नुभयो। दुवै उत्तिकै प्रभावकारी छन् तर एउटा छनौट गर्नुपर्दा म अभिनयलाई नै रोज्छु। निर्देशकले सबै कलाकारलाई ध्यान दिनुपर्छ, अभिनय गर्ने कलाकारले आफ्नो भूमिकामा मात्र ध्यान दिए पुग्छ।

**बाटोमा हिंड्दा दर्शकले छक्क पार्छन् कि पार्दैनन् त ?**

झ्याइँकुटी..मा मेरो गेटअप वास्तविक जीवनको भन्दा बिल्कुलै पृथक् भएकाले बाटोमा दर्शकले हत्तपत्त चिन्दैनन्। चिनेर जिस्काइहाले भने म त छक्क परें भनेर मुस्कुराइदिन्छु।

## ● सानो पर्दा ●

### पोखरामा अधुरो माया

त्रिकोणात्मक प्रेमकथामा आधारित एउटा नयाँ टेलिश्रृंखलाको छायांकन प्रारम्भ भएको छ। 'अधुरो माया' शीर्षकको यो श्रृंखलाको छायांकन पोखराबाट प्रारम्भ गरिएको हो। गत आइतबारदेखि छायांकन प्रारम्भ भएको यो श्रृंखलाको निर्देशन ऋषिराज आचार्यले गरिरहेका छन्। सरिता पटवाद्वारा निर्माण गर्न लागिएको यो श्रृंखलामा शीतल केसी, सूरवीर पण्डित, मञ्जु श्रेष्ठ, अपेक्षा सिग्देल, मुना खरेल, शैलेश मैनाली आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। श्रृंखलामा काठमाडौं तथा पोखरामा बसोबास गर्ने दुई भिन्न परिवारको कथा समेटिएकाले पोखराबाट यसको छायांकन प्रारम्भ गरिएको निर्देशक आचार्य बताउँछन्। आचार्यले नै निर्देशन गरेको अर्को श्रृंखला 'आफन्त' भने नेपाल टेलिभिजनबाट प्रत्येक आइतबार दिउँसो ३:३० बजेदेखि प्रसारण भैरहेको छ। 'अधुरो माया' को प्रसारण भने चैतको दोस्रो सातादेखि प्रारम्भ हुने बताइएको छ।

### वार अफ डिजे

तराई टेलिभिजनले नयाँ रियालिटी शो तयार पारेको छ। 'वार अफ डिजेज-२०१०' शीर्षकको यो कार्यक्रममा नयाँ-नयाँ डिस्को जक्की (डिजे) बीच प्रतिस्पर्धा गराइन्छ। सर्वोत्कृष्ट डिजेको एवार्ड जित्नेलाई ५० हजार रुपैयाँ नगद पुरस्कारसमेत राखिएको यो कार्यक्रमको सञ्चालन नरेश भट्टराईले गरिरहेका छन्। फुर्वा शेर्पाको निर्माण तथा निर्देशनमा प्रसारण हुन थालेको यो कार्यक्रममा तिम्रो हाम्रो इभेन्टको पनि सहभागिता छ। कार्यक्रमको प्रसारण मिति भने तय भएको छैन।

### म्युजिक भिडियोमा हास्यकलाकार

हास्यव्यंग्यकार मनोज गजुरेलले तयार पारेको राष्ट्रिय गीतहरूको संग्रहको एउटा म्युजिक भिडियोमा विभिन्न हास्यश्रृंखलाका लोकप्रिय कलाकारले अभिनय गरेका छन्। गजुरेलको शब्द, संगीत तथा स्वरमा तयार भएको उक्त भिडियोमा आधा दर्जन हास्यकलाकारले अभिनय गरेका छन्। राजेश थापाको निर्देशनमा तयार भएको म्युजिक भिडियोमा दीपकराज गिरी, शिवहरि पौडेल, किरण केसी, गोपाल नेपाल फिस्टे, सीताराम कट्टेल 'धुर्मुस', केदार घिमिरे 'माग्ने बूढा' आदिले अभिनय गरेका छन्। विभिन्न टेलिभिजन च्यानलबाट प्रसारण प्रारम्भ भैसकेको उक्त भिडियो राष्ट्रिय एकता, जातीय समनता तथा सामाजिक सद्भावका लागि हास्यकलाकारको सामूहिक आवाजका रूपमा तयार पारिएको गायक गजुरेलले बताएका छन्।

### आरपीको नयाँ थेगो

यसअघि 'याया थुक्क' भन्दै दर्शकलाई हँसाइरहेका हास्यकलाकार तथा गायक आरपी भट्टराईलाई



दीपकराज गिरीले हास्यश्रृंखला 'तीतो सत्य' मा नयाँ थेगोमार्फत प्रस्तुत गरेका छन्। तीतो सत्यमा तोते बोली बोल्ने व्यक्तिको भूमिका निर्वाह गरिरहेका आरपी 'लाजालाम हो मेलो लाम' (राजाराम हो मेरो नाम) भन्दै दर्शक हँसाइरहेका छन्। आरपी भन्छन्– 'तोतेबोली बोल्ने व्यक्तिको भूमिकामा प्रस्तुत भएको छोटोसमयमै मलाई बाटोमा हिंड्दा लाजालाम...भन्दै जिस्क्याउन थालिसकेका छन्।'

### साइबर संसार पनि कार्यक्रम

तराई टेलिभिजनले नयाँ मनोरञ्जनात्मक कार्यक्रम 'साइबर संसार' को प्रसारण प्रारम्भ गरेको छ। जेनी खड्काले सञ्चालन गर्ने यो कार्यक्रम प्रत्येक सोमबार साँझ ७ बजे प्रसारण हुन्छ। सूचना प्रविधि, सीआरबीटी, एसेसेरिजजस्ता विषयमा जानकारी दिने यो कार्यक्रममा इन्टरनेटका बारेमा समेत जानकारी गराइन्छ।




### एकताको नयाँ कदम

बालाजी टेलिफिल्म्स तथा बालाजी मोसन पिक्चर्सकी प्रमुख एकता कपुरले हालसालै एउटा नयाँ प्रोडक्सन हाउस स्थापना गरेकी छिन्। रमाइलो कुरा के छ भने एकताले आफ्नो यो प्रोडक्सनको हाउसको नाम बीबाट नराखेर अल्ट इन्टरटेन्मेन्ट राखेकी छिन्। टेलिभिजनका वयष्क दर्शकले मन पराउने बोल्ड शैलीका कार्यक्रम निर्माण गर्न यो प्रोडक्सन हाउस स्थापना गरिएको एकताले स्पष्ट पारेकी छिन्।

### क्राइम पेट्रोलमा पार्वती भाभी

'कहानी घर घर की' मा पार्वती भाभीको भूमिका निर्वाह गरेर लोकप्रिय भएकी कलाकार साक्षी तँवर पुन: सानो पर्दामै फर्किएकी छिन्। कफीहाउसजस्तो चलचित्रमा काम गरिसकेकी साक्षी यसपटक 'क्राइम पेट्रोल' कार्यक्रममार्फत प्रस्तुत हुन लागेकी छिन्। वास्तविक घटनाक्रममा आधारित यो कार्यक्रममा अपराधको संसारको चित्रण गरिन्छ। सोनी च्यानलबाट यो कार्यक्रम सन् २००३ देखि प्रसारण हुन थालेको हो। बीचमा रोकिएको यो कार्यक्रमको प्रसारण गत सातादेखि पुन: प्रारम्भ भएको छ।



## ● विदेशबाट ●

### आउँदैछ इन्डियन आइडल

सोनी च्यानलबाट इन्डियन आइडलको नयाँ सिजन प्रारम्भ हुने भएको छ। कार्यक्रमका लागि भारतका विभिन्न सहरमा अडिसन प्रारम्भ भएको छ। सोनीले जनाएअनुसार कार्यक्रमको प्रसारण इन्डियन प्रिमियर लिग (आईपीएल) पछि प्रारम्भ हुनेछ। यतिबेला च्यानलले कार्यक्रमको लोकप्रियता जगाउन पछिल्लो सिजनका लोकप्रिय गायक-गायिकाहरूलाई प्रयोग गरिरहेको छ। आइडलको नयाँ संस्करणका लागि संगीतकार अनु मलिकबाहेक अन्य निर्णायकको छनौट गर्न बाँकी छ।



## जम्का भेट

८५ भन्दा बढी चलचित्रमा नायक भएका निखिल उप्रेतीलाई अब नेपाली समाजमा चिनाइरहनु पर्दैन। चलचित्र निर्माता तथा निर्देशकहरूबाट रुचाइएका उप्रेतीको जन्मथलो सर्लाहीको पिप्राभित्ता हो। स्कुले जीवन गाउँमै बिताएका निखिलको मार्शल आर्टको रुचिले अहिले उनलाई नेपाली चलचित्रका अत्यधिक व्यस्त नायक बनाएको छ। तर्कसंगत कुरा गर्ने निखिलले फागुपर्व आफ्नै गाउँमा बाहेक कलेज पढ्दा वीरगन्जमा, संघर्ष गर्दा र स्टन्ट आर्टिस्ट भएर मुम्बईमा काम गर्दा तथा नायक भएर स्वदेशमा चर्चामा रहँदा मनाएका छन्। हालै उपत्यका बन्दका बेला बुढानीलकण्ठमा एउटा चलचित्रको छायांकन गरिरहेका नायक उप्रेतीसँग मोबाइलमार्फत सुव्रत आचार्यको जम्काभेट भयो :

**यसपटकको होली कसरी खेल्नुहुन्छ ?**

पाँच-छ वर्ष भयो होला होली नखेलेको। यसपटक पनि होली खेल्ने कुनै चाह छैन।

**किन होलीप्रति वितृष्णा ?**

वितृष्णा नै भनिनहालौं। चलचित्र कलाकार भएपछि दिनहुँ मेकअप गर्नुपर्छ, यसले अनुहारको छालाको दुर्गति भैसकेको छ। त्यसमाथि नानाथरी मिसाइएका रंग अनुहारमा दलिँदा त बर्बादै हुन्छ होला। होली मेरो फेभरेट पर्व हो। पहिले निकै खेलियो। अचेल ती दिन सम्झँदै होलीको दिन बिताउने गरेको छु।

**कस्तो हुन्थ्यो, तपाईंको गाउँको होली ?**

कमसे कम होली आउनुभन्दा सात दिनअघिदेखि पानी भरेको लोला हानेर बटुवालाई दु:ख दिइँदैनथ्यो। होली मात्र होलीकै दिन खेलिन्थ्यो। साथीभाइहरू जम्मा हुन्थ्यौं, बाल्टीभरि रंग मिसाइएको पानी र हात-हातमा पिचकारी अनि गोजीमा रंगीचंगी अबिर बोकेर एउटा गाउँबाट अर्को गाउँसम्म गएर होली खेल्थ्यौं। त्यो बेलाको होली सबैभन्दा रमाइलो थियो। एसएलसीपछि कलेज पढन वीरगन्ज आएँ। त्यहाँ चिनेजानेका धेरै थिएनन्। सीमित साथीहरूसँग होली खेलिन्थ्यो। वीरगन्जको होली पनि निकै रमाइलो हुन्थ्यो। मुम्बई ठूलो सहर त्यहाँ नचिनेकासँग होली खेल्ने चलन छैन। चिनेजानेकाहरूसँग भने मज्जाले होली खेलिन्छ। हामी कुनै एउटा साथीको घरमा भेला हुन्थ्यौं र रंग लगाएर, रंगपानी खन्याएर मस्ती गरेपछि खानपिन गर्दै नाचगान गरिन्थ्यो।

**काठमाडौंमा आएपछि होली खेलिएन ?**

काठमाडौंमा होली खेलेकै छैन। यहाँ होली खेल्ने वातावरण पनि छैन।

**चलचित्रको पर्दामा त खेल्नुभयो होला नि ?**

गएको जेठमा भोजपुरी चलचित्र ...साथी रे मा होली खेलियो। मध्यगर्मीमा क्यामरा सामु होली खेल्दा रमाइलै भएको थियो। बरु नेपाली चलचित्रमा भने अहिलेसम्म होली खेल्न पाएको छैन। पहिले-पहिलेका चलचित्रमा होली गीत हुन्थे, होलीजस्ता रमाइला पर्वलाई यहाँका निर्देशकहरूले बिर्सिएजस्तो लाग्छ।

**यसपटक साथीभाइहरू घरमै होली खेल्न आए भने के गर्नुहुन्छ ?**

साथीभाइले त्यसो गरे भने त खुसी नै हुन्छु।

● चलचित्र ●

# तीन पत्ती




पछिल्ला तीन सातादेखि तीन खानका चलचित्र प्रदर्शन भएको बलिउडमा यो शुक्रबारदेखि अमिताभ बच्चनको नयाँ चलचित्र 'तीन पत्ती' को प्रदर्शन प्रारम्भ हुँदैछ। ड्रामाको श्रेणीमा राखिएको यो चलचित्रको निर्देशन लिना यादवले गरेकी हुन्। चलचित्रमा अमिताभका अतिरिक्त शिर बेन किङ्स्ले, आर माधवन, राइमा सेन, ध्रुव गणेश, सिद्धार्थ खेर, डेनी डेङ्जोङ्पा, श्रद्धा कपुर, सुस्मिता सेन, इरफान खान, ज्याकी श्राफ, बोमन इरानी, शक्ति कपुर, अजय देवगण (विशेष भूमिका) आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। सलिम-सुलेमानद्वारा संगीतबद्ध यो चलचित्रका गीतमा सुनिधि चौहान, नरेश कामत, सलिम मर्चेन्ट आदि गायक-गायिकाले स्वर दिएका छन्।


आफ्नो यो नयाँ चलचित्रका कारण अमिताभ बच्चन निकै उत्साहित छन्। उनका अनुसार यो चलचित्रमा एउटा अनौठो विषयलाई कथा बनाइएको छ। मूलतः तीन पत्ती तासको एउटा खेल हो। गणित तथा तासको यो खेलबीचको सम्बन्धलाई यो चलचित्रमा मुख्य विषय बनाइएको छ। अमिताभ र बेन किङ्सले सँगै यही चलचित्रमार्फत शक्ति कपुरकी छोरी श्रद्धा कपुरले बलिउडको यात्रा प्रारम्भ गरेकी छिन्। चलचित्रमा अमिताभले वेंकटका रूपमा एउटा गणितज्ञको भूमिका निर्वाह गरेका छन्। उनी आफ्नो विषयमा दक्ष छन्। दिनरात उनी चिन्तन-मननमै डुबिरहन्छन्। सोही क्रममा उनले एउटा सिद्धान्त प्रतिपादन गर्छन् जसलाई वरिष्ठ प्राध्यापकले अस्वीकार गरिदिन्छन्। तास खेल्ने क्रममा एक दिन उनलाई तासको माध्यमबाटै उक्त सिद्धान्तलाई राम्रोसँग सम्झाउन सकिन्छ भन्ने लाग्छ। अमिताभले आफ्ना जुनियर प्राध्यापक शान्तनु (आर माधवन) लाई यो कुरा बताउँछन् र दुवै उक्त कुरालाई प्रमाणित गर्न जुवाघर जान्छन्। आफूले अनुसन्धान गरेको सिद्धान्तलाई प्रमाणित गर्न अमिताभले कतिसम्म संघर्ष गर्नुपर्छ भन्ने कुरालाई चलचित्रको अन्त्यसम्म आकर्षक ढंगले चित्रण गरिएको छ।

# सम्झना

माया पाउनुमा मात्र होइन समर्पणमा पनि सार्थक हुन्छ वा प्रेम पाउनु मात्र होइन त्यागमा पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ भन्ने भावनामा विश्वभरि हजारौं चलचित्र बने होलान्। यही भावनामा निर्माण भएको छ चलचित्र- सम्झना। योगेश घिमिरेको निर्देशन तथा प्रज्ञा जोशीको निर्माणमा चलचित्र 'सपूत' ले व्यावसायिक सफलता पाएपछि उनीहरूले नै चलचित्र 'सम्झना' निर्माण गरेका हुन्। माया प्राप्ति हुनेहरू आजीवन खुसी रहलान् तर माया नपाउनेका लागि मायालु सम्झनामा मात्रै रहन्छन् भन्ने कुरा चलचित्रमा देखाउन खोजिएको छ। आज शुक्रबार काठमाडौं उपत्यकामा सार्वजनिक हुन लागेको यो चलचित्रलाई निर्देशक घिमिरेले भावना, बलिदान, प्राप्ति र त्यागको समिश्रण भनेका छन्। निर्देशकका अनुसार चलचित्रमा अर्को एउटा विषय पनि छ- त्यो हो प्रेम, कुनै पनि समयमा कुनै पनि उमेर समूहबीच हुनसक्छ। उक्त विषयलाई चलचित्रको सहकथाका रूपमा प्रस्तुत गरिएको छ। चलचित्र 'सम्झना' मा निखिल उप्रेती, राजवल्लभ कोइराला, सञ्चिता लुइँटेल, गरिमा पन्त, सुवास मेचे आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रका दुई गीत 'दिल मोहनी' र 'कहाँ होला' प्रदर्शन अगावै चर्चित भैसकेका छन् जसका संगीतकार महेश खड्का हुन्।




# कोप आउट




केभिन स्मिथद्वारा निर्देशित हलिउडको नयाँ चलचित्र 'कोप आउट' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। चलचित्रमा ब्रुस विलिस, ट्रासी मोर्गन, एडम ब्रोडी, केविन पोलक, अना डे ला रेगुरा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। एक्सन, एड्भेन्चर तथा कमेडी श्रेणीमा राखिएको यो चलचित्रको विश्वव्यापी वितरण वार्नर ब्रोज पिक्चर्सले गर्न लागेको हो। एडम सिगेल तथा मार्क प्लाटले निर्माण गरेको यो चलचित्रको छायांकन अमेरिकाको न्युयोर्कमा गरिएको हो। चलचित्रमा दुई जना त्यस्ता अमेरिकी प्रहरीको जीवनकथा समेटिएको छ, जसले लामो समय सँगै काम गरेका छन्। न्युयोर्क पुलिस डिपार्टमेन्ट (एनवाईपीडी) मा कार्यरत यी दुई प्रहरीलाई एउटा नयाँ कामको जिम्मेवारी सुम्पिइन्छ। एक जना क्रूर ग्याङस्टरसँग लड्नुपर्ने जिम्मेवारी आफ्नो काँधमा आएपछि उनीहरू समस्यामा पर्छन्। जिम्मी र पलले बेसबलसँग सम्बन्धित एउटा घटनाको अनुसन्धान गर्ने क्रममा झेल्नुपरेको समस्या चलचित्रको रोचक पक्ष हो। जिम्मीलाई एकातिर छोरीको विवाह गर्नु छ भने अर्कातिर पौललाई उनकी श्रीमतीले घरायसी जिम्मेवारी पनि सुम्पिएकी छिन्। यस्तो अवस्थामा यी दुई प्रहरीले आफ्नो कर्तव्य कसरी निर्वाह गर्छन् भन्ने कुरालाई चलचित्रमा रोचक ढंगले प्रस्तुत गरिएको छ।






रेखा थापा

# साप्ताहिक होली हंगामा
## फागु पर्वको मंगलमय शुभ-कामना




सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका
तस्बिर : महेश प्रधान
आर्यन सिग्देल
आयुष रिजाल

## ● म्युजिक अपडेट ●

### इटर्निटीको विमोचन

गायक रोटस श्रेष्ठले गाएका पप गीतहरूको संग्रह 'इटर्निटी' को विमोचन साप्ताहिक तथा नारीका सम्पादक सुवास ढकाल एवं छायांकार विदुर पाण्डेले संयुक्त रूपमा गरेका छन् । सातवटा गीत समाविष्ट यो संग्रहमा गायक भरत सिटौला, रोशन के भट्टराई, प्रशन्न तथा गायक श्रेष्ठको शब्द तथा संगीत सुन्न पाइन्छ । विमोचन समारोहलाई सम्बोधन गर्दै सम्पादक ढकालले रोटसलाई सम्भावना बोकेका गायकको संज्ञा दिँदै उनको गीतिसंग्रह तथा सांगीतिक करियरको प्रगतिको कामना गरे । विमोचन समारोहमा संग्रहको एउटा गीतको म्युजिक भिडियो पनि प्रिमियर गरियो । कान्तिपुर टेलिभिजनको कल कान्तिपुर कार्यक्रमबाट पनि सोही दिन उक्त भिडियोको वर्ल्ड प्रिमियर गरिएको थियो । कुमार शाहको निर्देशनमा तयार भएको 'तिम्रो त्यो...' शीर्षकको भिडियोमा छायांकार अर्जुन तिवारीले पनि प्रसस्त मेहनत गरेको देखिन्छ । भिडियोमा गायक रोटस तथा समिता गुरुङले अभिनय गरेका छन् ।

### सांगीतिक यात्रा सम्पन्न

केही समयअघि प्रारम्भ भएको राष्ट्रव्यापी सांगीतिक कार्यक्रम 'विविधताको उत्सव: एक सांगीतिक यात्रा' सम्पन्न भएको छ । गत शनिबार राजधानीमा आयोजित अन्तिम सांगीतिक कार्यक्रमपछि यो यात्रा टुंगिएको हो । पूर्वी नेपालको पाँचथरदेखि पश्चिम नेपालको डडेल्धुरासम्मको यात्रा तय गरेर राजधानी आइपुगेको कलाकार तथा संगीतकर्मीको समूहले गत शनिबार अन्तिम कार्यक्रम प्रस्तुत गरेको हो । कार्यक्रममा नेपाली लोकबाजा तथा लोकधुनको प्रवर्द्धनमा जुटेको सांगीतिक समूह कुटुम्ब तथा मिथिला नाट्य कला परिषद्को प्रस्तुतिले दर्शकको मन जितेको थियो । डडेल्धुराको अमरगढी, कपिलवस्तुको तौलिहवा, बाराको कलैया, सिराहाको लाहान तथा पाँचथरको फिदिममा यो कार्यक्रम प्रस्तुत गरिएको थियो । उत्सवमा स्थानिय कलाकारहरूको समेत सहभागिता थियो ।

### रोयल्टी समाजमा खरेल

गीत-संगीतको रोयल्टी संकलन गर्ने संस्था रोयल्टी संकलन समाजको गत शनिबार सम्पन्न तेस्रो साधारणसभाले गीतकार यादव खरेललाई अध्यक्षमा चयन गरेको छ । यसअघि पनि खरेल नै अध्यक्ष थिए । सभाले नयाँ तथा पुराना गरी पाँच सदस्यीय गीतकार मनोनीत गरेको छ, जसमा श्रीपुरुष ढकाल, रमण घिमिरे, भूपेन्द्र खड्का, भरत शाक्य तथा बाबुराम दाहाल छन् । पाँच जना सदस्यीय संगीतकारको सूचीमा सात जनाको उम्मेदवारी परेपछि निर्वाचनमार्फत पाँच संगीतकारको छनौट गर्नुपरेको थियो । योगेश वैद्य, जेम्स प्रधान, मदन दीपबिम, शम्भु राई तथा सुदाम थापा निर्वाचनमार्फत सदस्य बन्न सफल भएका छन् । समाजले सोही सभामार्फत ११ जना संगीतकर्मीलाई सीआरबीटीको रोयल्टी प्रदान गर्दै रोयल्टी वितरण प्रणालीको समेत थालनी गरेको छ । रोयल्टी प्राप्त गर्नेहरूमा राष्ट्रकवि माधवप्रसाद घिमिरे, गीतकार रमण घिमिरे, एसपी कोइराला, कालीप्रसाद रिजाल, संगीतकार आलोकश्री, मदनसिंह दीपबिम, शम्भु राई, रामकृष्ण ढकाल, ममता दीपबिम, शिव परियार तथा मदन गोपाल छन् ।

### खानीखोलामा कन्सर्ट

लियो क्लबको आयोजनामा धादिङको खानिखोलामा एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा राजधानीबाट गएका गायकत्रय शसान कूडेल, बादल प्रसाईं तथा सन्तोष लामाले गीत-संगीत प्रस्तुत गरेका थिए । कार्यक्रममा स्थानीय कलाकारहरूले नृत्यमार्फत मनोरञ्जन प्रदान गरेका थिए ।

### उपचारमा समस्या

लिम्बू भाषाका गीतकार तथा कलाकार यासेली योङहाङ अस्वस्थ भएका छन् । मृगौलाको शल्यक्रिया गर्नुपर्ने भएपछि उनी आर्थिक सहयोगको अपेक्षा गरिरहेका छन् । शल्यक्रिया गर्न साढे ३ लाख रुपैयाँ चाहिने भएपछि उनको उपचारमा समस्या उत्पन्न भएको हो । म्युजिक भिडियो तथा टेलिश्रृंखलामा समेत अभिनय गरिसकेका यासेलीले लिम्बू भाषाका पाँचवटा गीतिसंग्रह समेत प्रकाशित गरिसकेका छन् ।

### पालो तामाङ संगीत एवार्डको

तामाङ चौतारी समूहले तामाङ भाषाका चलचित्र तथा संगीतको क्षेत्रमा पहिलो पटक एवार्ड वितरण गर्ने भएको छ । राजधानीमा आयोजित पत्रकार सम्मेलनमा तामाङ फिल्म एन्ड म्युजिक एवार्ड शीर्षकको उक्त कार्यक्रम आगामी वैशाखको पहिलो शनिबार प्रस्तुत हुनेछ । कार्यक्रमका संयोजक तथा तामाङ समूहका महासचिव विनोद तामाङका अनुसार तामाङ चलचित्र, गीत तथा म्युजिक भिडियोमा संख्यात्मकताभन्दा गुणात्मक वृद्धि गराउने उद्देश्यले यो कार्यक्रम आयोजना गर्न लागिएको हो ।

### गायकहरू नायक बन्दै

गायकका रूपमा करियर प्रारम्भ गर्ने कलाकारहरू धमाधम नायक बन्न थालेका छन् । पछिल्लो समयमा बाबु बोगटी, सत्यराज आचार्य, धीरज राई, मिलन लामा आदि चलचित्रको पर्दामा नायकका रूपमा प्रस्तुत हुने तयारी गर्दैछन् । सत्यराजले आफ्नै बुबा गायक भक्तराज आचार्यको जीवनीमा आधारित चलचित्र आचार्यमा मुख्य भूमिका निर्वाह गर्दैछन् । गायक बाबु बोगटी चलचित्र 'बाटोमुनिको फूल' मार्फत नायक बन्दैछन् । त्यसो त गायक यश कुमार पनि यही चलचित्रमा खलनायकका रूपमा पहिलो पटक चलचित्रमार्फत दर्शकसमक्ष पुग्दैछन् । गायक मिलन लामा भने 'हङकङ आईडी' शीर्षकको चलचित्रमा नायककै भूमिका निर्वाह गरिरहेका छन् ।

### पोखरामा सांगीतिक कार्यक्रम

संगीतका विभिन्न विधामा प्रशिक्षणमार्फत नेपाली सांगीतिक विकासमा समर्पित जोजिजू म्यूजिक सेन्टर, म्युजिक स्कुल तथा नेपाल संगीत विद्यालय काठमाडौंको संयुक्त आयोजनामा पोखरामा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । स्थानिय भद्रकाली उच्च मा.वि को सहयोगमा संगीतलाई शिक्षाका रूपमा विकास गराउने उद्देश्यले नर्वेको सांगीतिक समूह र शिशु नेपाल संगीत विद्यालयका संगीतप्रेमी स्रोतालाई मनोरञ्जन प्रदान गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजित गरिएको हो । कार्यक्रममा संगीतकर्मी शुभबहादुर सुनामले सेक्सोफोन बजाएर मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रममा दुर्गा खतिवडा, ऋजु तुलाधर, सुनिल कंसाकार, प्रल्हाद विमली, डेनियल रसाइली आदि कलाकारले नेपाली संस्कृति झल्काउने प्रस्तुतिमार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेका थिए ।

### प्रचण्डकी नातिनी गायिका

ए. माओवादी अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) की ११ वर्षीया नातिनी (छोरीकी छोरी) स्मिता प्रधान गायिका बनेकी छिन् । स्मिताले गाएका प्रगतीशील गीतहरूको संग्रह 'स्मिता' श्रोतामाझ आएको छ । मेरी आमा, थरीथरी फूलहरूको, ए बाबा, कस्तो भाग्य रै'छ आदि गीत संग्रहित यो संग्रहलाई सरोज वलीले स्रोतामाझ ल्याएका हुन् । यसबीच उक्त संग्रहको एउटा गीतको म्युजिक भिडियोको छायांकन गत शनिबार सम्पन्न भएको छ । आलोक नेम्बाङले उक्त भिडियोको निर्देशन गरेका हुन् । संग्रहको केही समयअघि राजधानीमा आयोजित एक समारोहमा विमोचन गरिएको थियो ।

### कुटुम्बको होली कन्सर्ट

रंगहरूको पर्व होलीको पूर्वसन्ध्यामा गत शनिबार राजधानीमा उत्सव प्रि होली शीर्षकको सांगीतिक कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सांगीतिक समूह कुटुम्बले गीत-संगीत प्रस्तुत गरेको थियो । भारतीय सांस्कृतिक केन्द्रले नक्साल, बालमन्दिर परिसरमा आयोजना गरेको कन्सर्टमा कुटुम्बका संगीतकर्मीले तराई, पहाड तथा हिमालको झझल्को दिने शास्त्रीय धुन प्रस्तुत गरेका थिए । कार्यक्रममा भोजपुरी, मैथिली, चण्डी, याकनाचजस्ता परम्परागत नृत्यसमेत प्रस्तुत गरिएको थियो ।

## ● अफबिट ●



**बल्ल सुहायो :** 'कसैले सोधे...' गीतको म्युजिक भिडियोको छायांकनअघि निर्देशक भुषण दाहाल गायक अमृत गुरुङको ढाका टोपी मिलाउँदै ।

## ● साताको स्वर ●



**सञ्जीव पुडासैनी**

**'मलाई भुली तिमी...' कस्तो प्रकारको गीत हो ?**

पप शैलीमा आधारित भए पनि यो सेन्टिमेन्टल गीत हो ।

**गीतको कुन पक्ष आकर्षक छ ?**

गायक डम्बर नेपालीको संगीतमा तयार भएको यो गीतको सांगीतिक पक्ष नै सबैभन्दा राम्रो छ । गायनमा पनि उत्तिकै मेहनत गरेको छु ।

**गायककै संगीतमा अर्को गायकले गीत गाउन कत्तिको सहज भयो ?**

एउटा गायकले तयार पारेको संगीतमा अर्को गायकले स्वर दिंदा सोचेजस्तो भाव प्रस्तुत गर्न गाह्रो हुने रहेछ ।

**गीतका लक्षित श्रोता को हुन् ?**

प्रेममा धोका पाएका श्रोताका लागि यो गीत तयार पारिएको हो ।

**म्युजिक भिडियो दर्शकले मन पराए त ?**

विभोर पोखरेलले निर्देशन गरेको भिडियोमा गीतकै भावनालाई समेटिएकाले वियोगान्त गीत मन पराउनेहरूले भिडियो पनि मन पराएका छन् ।

## ● विदेशबाट ●



### दशककै उत्कृष्ट गायिका

पप गायिका बियोन्सलाई २१ औं शताब्दीको पहिलो दशककै सबैभन्दा सफल संगीतकर्मी घोषणा गरिएको छ । रेकर्डिङ इन्ड्रस्ट्रिज एसोसिएसन अफ अमेरिकाले जारी गरेको सूचीअनुसार बियोन्स आफ्नो गीतिसंग्रह तथा भिडियो सर्टिफिकेसन र रिङटोन सर्टिफिकेशन काउन्टडाउनमा पहिलो स्थानमा रहन सफल भएकी छिन् । हलिउड रिपोर्टरका अनुसार २८ वर्षीया यी गायिकाको गीतिसंग्रह तथा भिडियोको बिक्रीका लागि ६४ गोल्ड र प्लाटिनम तथा रिङटोनका लागि १९ सर्टिफिकेशन प्राप्त भएको छ । म्युजिक ग्रुपको यो सूचीमा इगल्स पप ब्यान्ड तथा सोला आर्टिस्टको सूचीमा दिवंगत गायक माइकल ज्याक्सन पहिलो स्थानमा छन् । ५ लाख डिजिटल गीत तथा रिङटोन बिक्री गर्न सफल संगीतकर्मीलाई गोल्ड तथा १ लाखको आँकडा पार गर्ने कलाकारलाई प्लाटिनम एवार्ड प्रदान गरिन्छ ।



# तानसेनमा म:म जात्रा



**माधव अर्याल**

पाल्पा– म:म मासुबाट मात्र बन्दैन, म:म त जेबाट पनि बनाउन सकिन्छ। यसलाई नास्ता मात्र होइन, ब्रेकफास्टदेखि लिएर डिनरका रूपमा समेत खान सकिन्छ। यी र यस्ता परिचय दिंदै तानसेनमा पाचौं म:म जात्रा सम्पन्न भएको छ।

विगत पाँच वर्षदेखि नाङ्लो वेस्ट काठमाडौंले पाल्पा र बुटवलमा म:म जात्रा गर्दै आएको छ। 'म:म:को परिचय दिन हामीले जात्रा गरेका हौं', नाङ्लो वेष्टका पाल्पा प्रवन्धक रविन्द्र बज्राचार्यले भने, 'यसको परिचयलाई विस्तार गर्ने योजना हो'

यसपटक तानसेनका बासिन्दाले काठमाडौंकै म:मको स्वाद लिए। उनीहरू फलफूल, खुवा, मासु, च्याउ, गुदपाक, गाजर आदि २० प्रकारका म:ममा रमाए। स्थानीय बालमन्दिरमा आयोजित म:म: जात्रामा तानसेन र छिमेकी जिल्लाका बासिन्दाहरू सहभागी थिए जसमा साना देखि अधबैंसेसम्म थिए।

साउन्ड कडल्स काठमाडौंले म:म पारखीलाई सांगीतिक स्वाद प्रदान गऱ्यो। विगतमा जस्तै २ सयभन्दा बढीले म:म जात्रामा भाग लिए। 'जात्रामा २० थरीका म:म खान पाइयो', तानसेनको रीता शाक्यले भनिन्, 'म:म खाने र म: म बनाउने प्रतियोगिता हेर्न पाइयो।'

म:म जात्रामा तानसेन घुम्न आएका विदेशीहरूको पनि सहभागिता रह्यो। खाने र बनाउने प्रतियोगितासमेत गरियो। म:मको बजार प्रवर्द्धन गर्ने र पर्यटकलाई आकर्षित गर्न म:म जात्रा गर्दै आएका हौं। नेपाली परम्परागत खाना भए पनि फास्टफुडका रूपमा लिन थालिएकाले यसलाई प्रवर्द्धन गर्न कार्यक्रम गर्नुपरेको हो। खसी, कुखुरा र भेज म:म छ्याप्छ्याप्ती पाइए पनि फलफूल, गुँदपाक जस्ता थुप्रै प्रकारका म:म नखाएकाहरूको आकर्षणमा पर्छ। 'म:मको फरक स्वाद दिन खोजेका थियौं', प्रबन्धक बज्राचार्यले भने- 'सबैको उत्साह देख्दा हाम्रो पनि उत्साह बढेको छ।'

# नेवा परिकार महोत्सव

कीर्तिपुरको बाघभैरव क्षेत्रलाई होमस्टेका रूपमा विकास गर्ने अठोटका साथ आयोजित तीनदिने नेवा परिकार महोत्सव सम्पन्न भएको छ। महोत्सवका तीन दिनमा १० हजार दर्शकले सहभागिता जनाएको आयोजक नेवा लहनाले दाबी गरेको छ। महोत्सवको अन्तिम दिन खाना खाने प्रतियोगिता भयो। नेवारहरूले बिहान खाने खाना अर्थात् ज्योना प्रतियोगितमा सूदन महर्जन प्रथम भए। उनले ४ हजार नगद पुरस्कार पनि हात पारे। ज्योना खान सूदनले अरु ७ जना प्रतिस्पर्धीलाई पछि पार्दै ८ मिनेट १३ सेकेन्ड समय लगाएका थिए। महोत्सवको १६ वटा स्टलमा १ सय १० थरीका नेवा परिकार राखिएको थियो। युवायुवती तथा ज्येष्ठ नागरिकहरूले आ-आफ्नो ढंगले महोत्सवका सहभागीहरूको अतिथि सत्कार गरेका थिए। ज्येष्ठ नागरीकहरूको स्टलमा नेवारी चटपटे अर्थात् कुगुफोया राखिएको थियो। महोत्सवमा कुल ८ लाख रुपैयाँ बराबरको कारोबार भयो।

**–रविन राचलिका**

# नुवाकोट महोत्सवमा नयाँ गन्तव्य



**विष्णु तारुके**

'समृद्ध र समुन्नत नुवाकोट, हाम्रो लक्ष्य हाम्रो अठोट' नाराका साथ आजदेखि दोस्रो नुवाकोट महोत्सव सुरु हुने भएको छ। नुवाकोट उद्योग वाणिज्य संघको आयोजनामा हुन लागेको यो महोत्सवले जिल्लाको सामाजिक, आर्थिक, पर्यटकीय एवं सांस्कृतिक पहिचान गराउने उद्देश्य लिएको छ। नुवाकोटको धार्मिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय महत्त्व उजागर गर्दै आर्थिक विकासको सम्भावनालाई मूर्तरूप दिनु महोत्सवको प्रमुख लक्ष्य हो। स्थानीय उत्पादनको बजारको खोजी तथा प्रवर्द्धन गर्ने पनि महोत्सवको उद्देश्य हो। राजधानीबाट अत्यन्तै नजिक भएर पनि नुवाकोटको समुचित विकास हुन नसक्नुमा यहाको वास्तविक अवस्थाको पर्याप्त प्रचार हुन नसकेको महसुस गरी महोत्सवको आयोजना गर्नुपरेको हो। काठमाडौंबाट उत्तरपश्चिम १५ किमिको दूरीबाट नुवाकोटको सीमा प्रारम्भ हुन्छ भने सदरमुकाम विदुर ६९ किमि दूरीमा पर्छ।

महोत्सव अवधिभर कृषि उपज, हस्तकलाका सामग्रीहरू तथा विज्ञान प्रविधि प्रदर्शनी र बिक्री, विभिन्न सांस्कृतिक कार्यक्रम र प्रतिभाहरूको प्रतियोगिता, राष्ट्रिय कलाकारहरूबाट हास्यव्यङ्ग्य, गीत, नृत्य एवं नाटकमञ्चन, ट्राउट माछाको प्रदर्शनी एवं परिकारका साथै स्थानीय परिकार प्रदर्शनी एवं बिक्री हुनेछन्। कुल १ सय ३५ वटा स्टल रहने महोत्सव करिब २ लाखले अवलोकन गर्ने र करिब ६ करोडको कारोबार हुने लक्ष्य छ। महोत्सव ११ दिनसम्म चल्नेछ।

त्रिशूली नदीमा आन्तरिक एवं बाह्य पर्यटकका लागि ऱ्याफ्टिङको समेत व्यवस्था गरिएको छ। त्रिशूलीमा वहन पर्यटकहरूको आवागमन सुरु भैसकेको छ। अर्को नयाा गन्तव्यका रूपमा ककनी गाविसस्थित १ सय ८० मिटरको फुङफुङ झरना छ। ककनीको उच्च डााडोबाट नजिकै मनासलु तथा गणेश हिमाललाई चुम्बन गर्न मात्र होइन, नयाा फुङफुङ झरनामा मन आनन्दित बनाउन पर्यटकहरूको ओइरो लाग्ने विश्वास गरिएको छ। झरना राजधानीबाट ३५ किलिमिटरको दूरीमा अवस्थित छ।



# काउकुती लाग्ला है !

हर्के : तिमीलाई चुम्मा गर्न मैले के गर्नुपर्ला ?

सुन्तली : मलाई बेहोस हुने औषधी दिनुपर्छ ।

०००

हर्के : तिमीले कहिले थाहा पायौ तिमी मसँग प्रेम गर्छौ भनेर ?

सुन्तली : जब मानिसहरूले तिम्रा बारेमा भने, तिमी बेकार र पागल मान्छौ हो, त्यो कुरा सुनेर मलाई रिस उठेपछि ।

०००

सुन्तली : मेरी आमाले पनि तिमीलाई धेरै मन पराउनुहुन्छ ?

हर्के : तर तिमी चिन्ता नगर म तिमीसँग मात्र विवाह गर्छु ।

०००

हर्के : सुन्तली तिमीलाई थाहा छ, म जन्मँदा सिपाहीहरूले २१ पल्ट तोप पड्काएका थिए ।

सुन्तली : अचम्म, २१ पल्ट पनि तिनीहरूको निशाना चुकेछ ।

०००

हर्के : म त्यस्ती केटीसँग विवाह गर्न चाहन्छु जसले राम्रो खाना बनाउन जानोस्, घर सफा गर्न सकोस् ।

सुन्तली : मेरो घरमा आऊ न, यी सबै गुण मेरो घरमा काम गर्नेसँग छ ।

०००

सुन्तली : मेरो त मान्यता छ, विवाह एउटा चिट्ठा हो ?

हर्के : तर म यो कुरा मान्दिनँ ।

सुनतली : किन ?

हर्के : किनकि चिट्ठामा त फेरि अर्कोपल्ट भाग्य अजमाउने मौका पाइन्छ नि ?

०००

सुन्तली : यो व्यञ्जन मैले आफ्नो पुस्तक स्वादिष्ट व्यञ्जनबाट निकालेको हो ।

हर्के : ठीक गर्‍यौ, यो व्यञ्जन त्यो पुस्तकमा राख्न लायक नै थिएन ।

०००

सुन्तली : तिमी त सधैं काम-काम भन्छौ, मेरो वास्तै गर्दैनौ ?

हर्के : एउटा कुरा ध्यानले सुन, प्रेम गर्नेहरू कसैको वास्ता गर्दैनन् ।

०००

सुन्तली : हर्के, भन न, तिमीलाई मेरो के मन पर्छ, सुन्दरता कि बुद्धिमत्ता ?

हर्के : मलाई त तिम्रो यस्तै जिस्किने बानी मन पर्छ ।

०००

हर्के : यदि मैले तिमीलाई चुम्मा गरे भने तिमी चिच्याउँछ्यौ ?

सुन्तली : कसरी चिच्याउने ? मेरो मुख त बन्द हुन्छ ।

०००

हर्के : जिन्दगीमा विवाह गर्नु अति आवश्यक छ ।

सुन्तली : किन ?

हर्के : किनकि जिन्दगीमा खुसी नै सबै थोक होइन रहेछ ।

०००

सुन्तली : जब हाम्रो विवाह हुन्छ म तिम्रा सबै डर-चिन्ता अनि दुःखहरू बाँड्नेछु ।

हर्के : मलाई तिमीसँग यस्तै आशा थियो, तर मेरो जिन्दगीमा अहिलेसम्म कुनै चिन्ता वा दुःख छैन ।

सुन्तली : अहिलेसम्म हाम्रो विवाह पनि त भएको छैन नि ।

०००

हर्के : लौ भन त सुन्तली, के म तिमीसँग सुत्ने पहिलो पुरुष हुँ ?

सुन्तली : यदि आज सुत्यौ भने तिमी नै पहिलो हुन्छौ ।

सुन्तली : ए सुन न, हाम्री छोरीको कुनै केटासँग लभ परेजस्तो छ ।

हर्के : कसरी ?

सुन्तली : हेर न, धेरै दिन भयो उसले रिचार्जका लागि पैसा मागेकी छैन ।

०००

हर्केले सुन्तलीलाई झापड हानेपछि भन्यो : हेर, मानिसले त्यसैलाई झापड हान्छ जसलाई उसले माया गर्छ ।

सुन्तली : (दुई झापड हानेपछि) तिमीले के सोचेको, तिमी मात्र मलाई माया गर्छौ ?

०००

हर्के : तिमीसँग विवाह गरेर मलाई एउटा फाइदा भयो ।

सुन्तली : के फाइदा ?

हर्के : मैले आफुले गरेका पापको दण्ड जिउँदै पाएँ ।

०००

हर्के : तिमी किन सधैं मूर्खजस्तो कुरा गर्छ्यौ ?

सुन्तली : तिमीले मेरो कुरा राम्रोसँग बुझ्छौ कि भनेर ।

०००

नोकर्नी (सुन्तलीसँग) : आजभोलि हर्के सा'प किन उदास देखिनुहुन्छ ?

सुन्तली : उहाँ आजभोलि आफ्नो अफिसको स्टेनोसँग प्रेम गर्नुहुन्छ, त्यसैले ।

नोकर्नी : होइन, उहाँले त्यस्तो गर्न सक्नुहुन्न । तपाईंले मलाई जलाउन यसो भन्नुभएको होइन ?

०००

सुन्तली : हेर हर्के, तिमीलाई नरकमा पनि ठाउँ मिल्नेछैन ।

हर्के : ठीकै छ, म सधैं तिमीसँग बस्न पनि त सक्दिनँ ।

०००

हर्के : काम गर्ने शान्तिलाई बोलाऊ

सुन्तली : किन ?

हर्के : डाक्टरले भनेको राति औषधी खाएपछि शान्तिसँग सुत्नु ।

०००

सुन्तली : तपाईं बजार जाँदै हुनुहुन्छ भने कुकुरका लागि पनि केही खानेकुरा ल्याउनुहोला ?

हर्के : जब म तिमीले बनाएको खाना खान सक्छु भने कुकुरले किन खान सक्दैन ?

०००

सुन्तली : अण्डा खानु छ भने कुखुरा पाल्नैपर्छ ?

हर्के : तर म कुखुरा नपाली अण्डा खान्छु ।

सुन्तली : कसरी ?

हर्के : हाँस पालेर ।

०००

हर्के : मलाई ज्वरो आयो भने म त आधा बोतल रक्सी किन्छु अनि आधा घण्टामा खत्तम ।

राम : के ज्वरो ?

हर्के : होइन रक्सी ।

०००

हर्के : एक जना महान् लेखकले लेखेको छ कि श्रीमान्लाई पनि घरमा बोल्ने अधिकार हुन्छ ।

सुन्तली : बिचरा, के गर्ने उसले पनि लेख्न मात्रै सक्यो, बोल्न पाएन ।

०००

सुन्तली : थाहा छ कि छैन, म धेरै ठूलो खानदानबाट आएकी हुँ ?

हर्के : खोइ त्यो त थाहा छैन, तर धेरै ठूलो खानदानचाहिँ ल्याएकी छ्यौ ।

०००

रामे : हेर श्याम म ऊ, त्यो ठूलो रूखको टुप्पामा चढें भने इन्जिनियरिङ कलेजका केटीहरू भेटिन्छन् ।

श्याम : त्यही रूखको टुप्पामा पुगेर हात छोड मेडिकल कलेजका केटीहरू पनि देखिन्छन् ।

०००

राम : श्याम, मैले विवाहअघि आफ्नी श्रीमतीलाई एकपल्ट पनि माया गरेको थिइनँ । तिमीले गरेका थियौ ?

श्याम : खोइ, तिमी नाम त भन आफ्नी श्रीमतीको अनि बल्ल थाहा हुन्छ ।

०००

श्याम : मैले आफ्नी श्रीमतीलाई एसएलसी गराएँ, आई.ए. गराए, बी.ए. गराए अब के गरूँ ?

राम : अब एउटा राम्रो केटा खोजेर उसको विवाह गराइदेऊ ।

०००

हर्के : मेरो बुबा धेरै बुद्धिमान हुनुहुन्छ, उहाँले जहिले पनि सलाई किन्दा पूरा ५० काँटी गनेर किन्नुहुन्छ ।

सुन्तली : मेरो बुबा त अझ बुद्धिमान हुनुहुन्छ, उहाँ त पूरै काँटी बालेर जाँचेपछि मात्र किन्नुहुन्छ ।

**प्रस्तुति : संजय**




# कविता

## हामी

**अर्जुन पराजुली**

हामीले
लुगा राम्रो लाउन सकेनौँ होला
तर, चुक्ली राम्रै लायौँ
हामीले साह्रोमा गैँडाको खागदेखि
गिलोमा गोबरसम्म खायौँ
हामीले गफको जुलुस निकाल्यौँ र
कामलाई काम नलाग्ने बनायौँ
हामी
किसानको जमिन जोत्ने हलो खोसेर
होटलको चिकेनरोष्ट र मिटबल जोत्छौँ
हामी
धान रोप्ने खेतमा घर रोप्छौँ र
खानेबेलामा चामल खौज्छौँ
हामी
आफ्नै पोल्टाको आफ्नै सामल
चमलचोरसँग भीक माग्छौँ
आफैँलाई बदल्न नसक्ने
हुतीहारा हामीले
युग बदल्ने डिङ हाँक्छौँ
आमा जब जिउँदै हुन्छिन्
हामी
उनलाई भोकै राख्छौँ र
आफूलाई खीर ख्वाउँछौ
आमा जब मर्छिन्
हामी
आफूलाई भोकै राख्छौँ र
उनलाई खीर ख्वाउँछौँ
हामी
भन्न त नुनको सोभ्रो गर्दैछु भन्छौँ
तर
नुन ज-जसको खान्छौँ
गोली उसैलाई हान्छौँ
भाइले भाइलाई सौता ठान्छौँ
मूर्तिचोरलाई चौता मान्छौँ
हामी
रातसँग दिन भिक्षा मागेर
गुजारा चलाउन पल्किएका माग्नेहरू हौँ
हामी आफ्नै छायाँको डरले
सुरुवाल सिंचाई गर्दै भाग्नेहरू हौँ
हामी
रोगीलाई गोली खान्छु भनेर माग्दामाग्दै
पनि दिँदैनौँ
निरोगीलाई गोली
खान्न भनेर भाग्दाभाग्दै पनि दिन्छौँ
हामी
लोग्नेको ज्यान लिन्छौँ र
बदलामा स्वास्नीलाई तक्मा दिन्छौँ ।
तर खबरदार
हामीलाई बोलाउँदा कसैले पनि
पशु भनेर नबोलाओस
घाँस खाइदिनुपर्‍यो भनेर कसैले पनि
हामीलाई ताकेता नलगाओस्
किनकि
हामीलाई कसैले
घाँस ख्वाउन ल्यायो भने
अपमान हाम्रो हुँदैन घाँसको हुन्छ
हामीलाई कसैले
पशु भनेर बोलायो भने
इज्जत हाम्रो जाँदैन पशुको जान्छ ।

## सूर्यग्रहण

**लव गाउाले**

सूर्यग्रहण हेरिसकेपछि
मैले सूर्यलाई इमेल पठाएः–
'हे सूर्यदेव !
तपाईंमाथि समय-समयमा ग्रहण लागिरहन्छ
यस विषयमा तपाईंको अनुभव र प्रतिक्रिया
के छ प्रभु ?'
सूर्यले तुरुन्तै टेलिफोनबाट जवाफ दिनुभयो–
'हे नेपाली मनुवा !
मलाई नेपाल भन्ने देशमा उदाउनुपर्दा
सधैं ग्रहण लागेको अनुभव भैरहन्छ !'
२०६३

राजनीति,
सिंहझैं गर्जेर मूल सडकमा आयो
परबाट,
मुसा आकारमा लोकतन्त्र खुरखुर आउादै
थियो
बीचैमा सिाहले गर्जिंदै भन्यो-
'मुसा भएर ता हाम्रो बाटो छेक्ने ?'
नम्र भएर मुसाले भन्यो-
'म छेउ लागिदिन्छु !'
त्यसपछि
लोकतन्त्र छेउको छेउ भयो
र राजनीति मूल सडकमै कायम रह्यो !

## आँखाको भाषा

**यादव खरेल**

तिमी भन्छौ मैले केही दिइनँ, म के दिऊँ ?
जब कि तिमीसँगको बाजीमा
मैले आफैंलाई हारेको छु
तिमी भन्छौ म आजकल त्यति बोल्दिनँ,
के बोलूँ ?
भन्ने कुरा जति मैले
आँखाले बोलिसकेको छु ।
भाषण
म भाषण ओढ्छु, भाषण ओछ्याउँछु र
भाषण खान्छु
आमनेपालीझैं भाषणपीडित म
महँगीको यो मारमा
सबैभन्दा सस्तो यही लाग्छ ।
अब त सडकमा
माग्नेले गरेको विलाप पनि
बौलाहाले गरेको प्रलाप पनि
राजनैतिक दलको भाषणझैं लाग्छ ।

## मुक्तकहरू

**ज्ञानुवाकर पौडेल**

१
रूप जति सिंगारे पनि तिमीले
जोबन जति स्याहारे पनि तिमीले
सक्नेछैनौ छेक्न ओइलाएको आफ्नो यौवन
ऐना जति निहारे पनि तिमीले ।

२
कसैलाई रिझाउन पनि अहो कस्तो गाह्रो
कसैलाई फकाउन पनि अहो कस्तो गाह्रो
मन मिलेर मात्र के गर्नु, कुरा नमिलेपछि
प्रेमको पाठ सिकाउन पनि अहो कस्तो गाह्रो ।

३
सिर्जनाको नसामा डुब्न पनि कला चाहिन्छ
सफलताको मातले झुम्न पनि कला चाहिन्छ
सोचेअनुसार नभइदिंदा कहिलेकाहीं यस्तो लाग्छ
आफ्नै प्रेमिकालाई चुम्न पनि कला चाहिन्छ ।

## प्रेस ब्रिफिङ

**कालीप्रसाद रिजाल**

उच्चस्तरीय राजनैतिक संयन्त्र
निकै प्रभावकारी भएको
प्रवक्ताले पत्रकारहरूलाई सगर्व बताए
कुन-कुन कुरामा के-के सहमति भयो ?
पत्रकारको प्रश्नमा उनले भने–
भोलि यति ठाउँ, यही समयमा
अर्को बैठक बस्ने सहमति भयो ।
त्यस दिनको खानपानको मेनुलाई
बैठकले सर्वसम्मतिबाट
स्वीकृति प्रदान गर्‍यो ।
सबै वरिष्ठ गरिष्ठ नियुक्तिहरू
भागबन्डाको आधारमा गर्ने
र वर्ष दिनको बजेट बाँडीचुँडी
६ महिनामा सक्नुपर्ने कुरामा
सबैको एकमत भयो ।
पत्रकारले सोधे–
मतभिन्नताचाहिँ कुन कुरामा भयो ?
जवाफमा खाना डकार्दै प्रवक्ताले भने
नयाँ संविधानको निर्माण, शान्ति स्थापना,
लडाकु समायोजन र
नयाँ संयुक्त राष्ट्रिय सरकारमा ।

## नयाँ पार्टी नयाँ नेपाल

**भाउपन्थी**

गाउामा हल्ला भयो
जोगी पार्टी आयो, जोगी पार्टी
तर जोगीहरू आउनुमा के आश्चर्य
उनीहरू त आइरहन्छन् गाउामा
तर उत्सुकता थियो, हेर्न गइयो
कस्ता जोगी हुन् ?
ती त जोगी थिएनन्
नाम मात्र थियो जोगी पार्टी
ती सबै थिए नेता खग्गु पुराना
पजेरोमा, प्राडोमा र नानाथरी वाहनमा
नाम नयाा जुराएका रहेछन् भोगीहरूले ।

## तीन लाइन कविता

**अशेष मल्ल**

१. टेबलमुनि
हात्तीको बन्डल
अनि पो ठेक्का
२. उखु हो देश
चुस मज्जाले चुस
अनि पो नेता
३. पजेरोमा चढ्न पो
गरेका रहेछौ
जनयुद्ध
४. झूटो बोल्न सिकाउ
छोरा-छोरीलाई
करोडपति बनाउनु छ भने
५. नपढे नेता भइन्छ
पढेर किन
बेरोजगार बन्ने ?
६. बोतल रित्तिएकै छैन
कसरी सुरु हुन्छ
क्रान्तिका कुरा ?
७. तिमीले चुनाव जितेपछि
शान्त छ
गाउँ

### संयोग

जिन्दगी व्यापार होइन
र त यसको रेट हुँदैन
संयोग भनेको सधैं हुँदैन
र त तिम्रो-मेरो भेट हुँदैन ।

### प्रेम

हाम्रो प्रेम
बादलजस्तो
कहिले समर्थनमा हुन्छ
कहिल खण्डनमा हुन्छ ।



# राजनीतिले टुक्र्याउँछ, संस्कृतिले जोड्छ



पृष्ठ ५ बाट जारी

मिलेर संवत् जलाउने र भोलिपल्ट होली खेल्ने चलन छ। वास्तवमा त्यो नयाँ वर्षको स्वागत गरिएको हो। यो विधि-विधान अरू स्थानमा नभएकाले जनकपुरको होली अरू स्थानको भन्दा विशेष भएको हो।

**होलीमा पुरानो दुस्मनी बिर्सेर नयाँ सम्बन्धको थालनी गर्ने चलन छ, यो चलन किन चलेको होला ?**

नयाँ वर्षको प्रारम्भमा पुराना तीता-मीठा कुरा बिर्सेर नयाँ कुराको थालनी गर्नु संसारका सबै देशको चलन हो। होली वसन्त ऋतुको आगमन हो। यसलाई वैष्णवहरूले नयाँ वर्षको प्रारम्भ मानेर खुसीयाली मनाउन थाले। यो नयाँ दिनमा मनका रिस, द्वेष, गलत आचरण एवं द्वन्द्वलाई फ्याँकेर राम्रो काम प्रारम्भ गरिने भएकाले पुरानो दुस्मनी बिर्सने चलन चलेको हो।

**तपाईंले होलीलाई वैष्णव सम्प्रदायको पर्व भनिरहनुभएको छ, जबकि होली हिन्दू धर्मावलम्बीले मात्र होइन, मुसलमान र बौद्ध धर्मावलम्बीहरूले पनि मनाएको देखिएको छ, यसलाई किन खुम्च्याउनुभएको ?**

मैले प्रारम्भमा होली कसरी सुरु भयो भन्ने अर्थमा मात्र वैष्णव सम्प्रदायको कुरा गरेको हुँ। होली सम्पूर्ण हिन्दू र अन्य धर्मावलम्बीले पनि मनाउँछन्, त्यसको गहिरो कारण छ। होली त्यस्तो पर्व हो, जहाँ देवी देवताको पूजा हुँदैन। दसैंमा दुर्गाको पूजा हुन्छ। तिहारमा लक्ष्मीको पूजा हुन्छ। रामनवमी, कृष्ण अष्टमीजस्ता जति पनि पर्व छन्, त्यसमा देवी-देवताको आराधना गरिन्छ, तर होली वसन्तको आगमनमा मनाइने मानव खुसी एवं सांसरिक उत्सव हो। जसले खुशी र आनन्दको कुरा गर्छ, उसले सबै धर्म-सम्प्रदायलाई आकर्षित गर्छ। यस अर्थमा होली यस्तो उत्सव हो, जसमा हिन्दू, बौद्ध, मुस्लिम सबै रमाइलो गर्छन्। किनभने रंगले हिन्दु, बौद्ध एवं मुसलमान छुट्याउँदैनन्। एक अर्कामा मित्रता, भावनात्मक सम्बन्ध सबै धर्मका लागि उस्तै हुन्।

**होली समूहमा मनाइन्छ, यसको अर्थ के हो ?**

किनभने त्यहाँ पुरेत, पण्डितजस्ता सहजकर्ताको आवश्यकता पर्दैन। दुर्गा पूजाका आफ्ना विधान छन्, लक्ष्मीपूजाका आफ्ना विधान छन्। यी सबै पूजा वा आराधना निश्चित स्थानमा बसेर मनाइन्छन्, तर होलीको कुनै विधि विधान हुँदैन। यसको प्रारम्भ नै समूहमा संवत् जलाउने, समूहमा खुसी व्यक्त गर्ने, आफ्ना गुरु, शुभचिन्तक एवं मित्रवर्गको घरमा जाने, अरूको घरमा पाकेका मीठा कुरा खानेजस्ता चलनबाट सुरु भएको हो। अरू पर्वमा आफ्ना घरमा मीठो कुरा पकाएर आफैं खाइन्छ, तर होलीमा समूहमा आउने व्यक्तिहरूका लागि पकाएर राखिन्छ। यसको सीधा अर्थ के हो भने अरू पर्वमा जस्तो यो नाता केन्द्रित पर्व होइन, यो समाजमा सँगै बसेका व्यक्तिसँगको नाता नवीकरणको पर्व हो।

**हिन्दू धर्ममा रातो रंगको प्रयोग सबैजसो पर्वमा देखिन्छ, होलीमा पनि रातो रंगको आधिक्यता किन ?**

मैले अघि नै भनें, हिन्दू धर्मभित्र शैव, शाक्त एवं वैष्णव सम्प्रदाय छन्। दसैंमा जुन रातो टीकाको चलन छ, त्यो बलिदानको प्रतीक हो। यो देवीलाई बलि दिएपछि प्रयोग गरिन्छ, तर वैष्णव सम्प्रदायमा रातो रंगको अर्थ उत्सव हो, सामूहिक खुसी हो। दसैंको रंग सिम्रिक हुन्छ भने होलीको रंग गुलाबी हुन्छ। दसैंमा आसुरी शक्तिको नाश गरियो भनेर खुसी मनाइन्छ। होलीमा सबै मिलेर गलत कुराको अन्त्य गरौं भन्ने सामूहिक प्रतिबद्धता व्यक्त गरिन्छ। त्यसैले होलीको रंग गुलाबी रातो हो, पूर्ण रातो होइन।

**केही अपवादबाहेक होली सामूहिक खुसीको उत्सव रहेन। विशेषगरी काठमाडौंमा होली विकृत हुँदै गएको छ, यसको कारण के होला ?**

काठमाडौंलगायत नेपाली सहरी परिवेशमा मानिसको दृष्टिकोणमा ठूलो परिवर्तन आएको छ। पहिले प्रेमलाई जीवनको पूजी मानिन्थ्यो। मानिसलाई प्रेमपूर्वक बाँच्न सिकाइन्थ्यो। अहिले यो प्रतिस्पर्धामा परिवर्तन भएको छ। प्रतिस्पर्धाको अर्थ के हो ? जसरी पनि अघि बढ्ने, अरुको खुट्टा तानेर हुन्छ कि अर्काको काँधमा राखेर बन्दुक चलाएर हुन्छ। जहाँ प्रतिस्पर्धा हुन्छ, त्यहाँ प्रेमको अन्त्य हुन्छ। यो जीवनको बाध्यता बन्न थाल्यो। जहाँ प्रेम हुँदैन, त्यहाँ विकृति हुन्छ। पर्वलाई पनि ठट्टा मान्न थालिन्छ। यसले विकृति बढाउँछ।

**कतिपयले होली काठमाडौंका लागि आयातीत पर्व भएकाले यसमा विकृति आएको मान्छन्, किनभने जहाँ आफ्नोपन हुँदैन, त्यहाँ त्यसको मर्म बुझिँदैन।**

होली काठमाडौंको पर्व होइन भन्न मिल्दैन। किनभने जुन दिन जनकपुरमा मिथिला परिक्रमा हुन्छ, त्यसै दिन काठमाडौं दरबार स्क्वायरमा चीर गाडेर होली प्रारम्भ भएको घोषणा हुन्छ। जुन दिन मिथिला परिक्रमा सकिन्छ, त्यही दिन उक्त चीरलाई टुडिखेलमा दहन गर्ने चलन छ। यसबाट मिथिलामा भएको गतिविधिसँग काठमाडौं पूर्णरूपमा परिचित मात्र होइन, त्यहीअनुसारको होली मनाउने चलन थियो भन्ने बुझाउँछ। मल्लकालमा काठमाडौंको होलीको आकर्षक वर्णनको कथा अझै पनि पुरानो नेवारी बस्तीमा कायम छ। जब काठमाडौंमा पूर्व मेचीदेखि महाकालीसम्मका भिन्न परिवेश र संस्कृतिका मानिस जम्मा भए, त्यो एकै ठाउँमा मिसमास भयो। यसले एक अर्कामा रंग हाल्ने कुरा त सम्झायो, तर रंग किन हाल्ने ? त्यसभित्रको सन्देश के हो भनेर सिकाइदिने मानिस भएनन्। काठमाडौंमा होली भन्यो कि फोहोर पानीको लोला सबैभन्दा पहिले आँखा अघि आइपुग्छ। बजारमा आतंकित भएर हिँड्नुपर्ने अवस्था हुन्छ।

**लामो समयदेखि काठमाडौं बसिरहनुभएको छ, होलीमा कुन कुराको सम्झना बढी आउँछ ?**

होली पर्वमा साथीभाइको घर जाने, उनीहरूलाई रंग लगाइदिने, साथीभाइ बोलाएर मीठो मसिनो ख्वाउने चलन लोला संस्कृतिका कारण सम्भव छैन। यहाँ जनकपुर तथा तराईमा जस्तो भद्ररूपमा सामूहिक होली मनाउने चलन पनि देखिँदैन। यहाँ ढोका थुनेर बस्नुपर्ने बाध्यता छ। यसले गर्दा तराईबाट काठमाडौं आउनेहरू गाउँ-घरको होली सम्झेर रुन्छन्। अवसर, शिक्षा, स्वास्थ्य, राजनीति आदि धेरै कारणबाट तराईका नेपालीभाषी, मैथलीभाषी, भोजपुरीभाषी, थारुभाषी लाखौं व्यक्ति काठमाडौंमा छन्। उनीहरूलाई काठमाडौंमा दसैं र होलीमा साह्रै नरमाइलो लाग्छ। दसैंमा लामो समयसम्म छुट्टी हुने भएकाले धेरै मानिस गाउँ फर्कन्छन् र न्यास्रो मेट्छन् तर होलीमा कोठा थुनेर रुनुबाहेक अर्को विकल्प छैन।

**काठमाडौंको होली कस्तो हुनुपर्ने थियो, तपाईंको अपेक्षा के हो ?**

काठमाडौं केन्द्र हो। यहाँ विभिन्न पेसा, समुदाय एवं व्यावसायिक संस्थाहरू छन्। उनीहरूले आ-आफ्ना क्षेत्रको प्रतिनिधित्व गर्दै सामूहिक होली खेल्ने व्यवस्था मिलाउनुपर्ने हो। ती संस्थाकै पहलमा यसमा हुने विकृति नष्ट पार्नुपर्छ। किनभने कानुनको डन्डा देखाएर अहिलेको विकृति रोक्न सकिँदैन। छर-छिमेकमा गएर होली खेल्ने संस्कार बसाउँदा एक-अर्कामा माया बस्छ, परिचय हुन्छ। काठमाडौंमा माया-प्रेम त टाढाको कुरा चिनजान नै नभै वर्षौं पुरानो छिमेकी हुनुपर्ने बाध्यता छ। होली पर्वको आशय नै यस्ता दूरी मेट्नु हो। यस्तो राम्रो पर्वलाई हामीले सदुपयोग गर्न सकेका छैनौं।

**हामी राजनीतिका कारणबाट, जातीय एवं साम्प्रदायिक कारणबाट, पेसा एवं व्यवसायबाट यसरी छुट्टिएका छौं, जसका कारण छिमेकीसँग यस्ता नाता सम्भव छैन, यो एउटा पर्वले मिलाउन सक्छ ?**

छिमेकी एवं फरक पेसा व्यवसायका साथीभाइ यस्तो नाता हो, जसलाई कुनै न कुनै माध्यमबाट जोड्नैपर्छ। फागु यसका लागि राम्रो अवसर हो। एक-अर्कालाई चिने-बुझेपछि पो छिमेकीबीच माया प्रेम बस्छ। ल है होलीको टिका लगाऊँ भन्दै छिमेकीको घर-घर जाने, साथीभाइकहाँ पुगेर शुभकामना दिँदा कहाँ आयो राजनीति, कहाँ आयो जातीय एवं धार्मिक कुरा। हामीलाई देश र हाम्रा समस्याले यसरी खाएको छ कि हामी राम्रो कुरा सोच्नै सकिरहेका छैनौं।

**अहिले राजनैतिक कारणले नै तराईमा समेत होलीको ब्युटी हराउँदै गएको रिपोर्ट प्राप्त हुन थालेका छन्, पुराना सद्भाव मेटिएका छन्, के भन्नुहुन्छ ?**

एकदमै सही कुरा गर्नुभयो। एउटै गाउँमा पनि हामी नेपाली नभएर कुनै निश्चित जाति, धर्म, सम्प्रदाय एवं विचारबाट प्रेरित हुन थालेपछि यस्तो हुनु स्वाभाविक हो। यो सबै गलत राजनीतिका कारण भएको हो। राजनीतिले त विकास ल्याउँछ, सुन्दर विचारको निर्माण गर्छ। समाजलाई एकिकृत गर्छ, तर हाम्रो राजनीतिले फूट ल्यायो, दरार पैदा गर्‍यो। यो दुःखद कुरा हो। एउटा सिंगो गाउँ एक भएर संवत् जलाउने, गलत कुरा छाडेको घोषणा गर्ने, भोलिपल्ट समूह-समूहमा होली खेल्ने चलन अहिले हराउँदै गएको, त्यसको साटो गलत कुराले प्रश्रय पाएको मलाई सहन हुँदैन। गाउँ जाँदा यो कुरा विरुद्ध बोल्न मन लाग्छ। बोल्दा फलानो विचारको मानिसले फलानो विचारको मानिसमाथि जाइलागेको रूपमा बुझिन्छ। यही कारणले केही वर्ष यता म होलीमा तराई गएको छैन।

**भनेपछि तराईमा होलीको जुन सुन्दरता छ, त्यो बिस्तारै हराउँदैछ, होइन ?**

त्यसरी नबुझौं। तराईमा होलीको विकृति हटाउन स्थानीय विद्वत्वर्ग लागेको छ। गत वर्ष नागरिक समाजले राजनीति एक ठाउँमा छ, विचार एक ठाउँमा छ, तर होलीको जुन गरिमा छ, त्यसलाई मर्न नदिऊँ भनेर होली बचाउ अभियान सुरु गरेका छन्। युगदेखि आएको जुन सुन्दर संस्कार छ, त्यो यति चाँडै मर्दैन। यद्यपि चुप लाग्ने हो भने काठमाडौंकै जस्तै समस्या आउन सक्छ।

**तपाईंको सम्झनाको पहिलो होली कस्तो छ ?**

मैले पहिलोपल्ट सम्झने होली नै राजनीतिको सिकार भएको छ। २२ सालतिरको होली म सम्झन्छु। त्यसबेला भर्खरै पञ्चायती व्यवस्था आएको थियो। गाउँ पञ्चायत समर्थक र विरोधी दुई खेमामा बाँडिएको रहेछ। यसलाई मिलाउन ठूलाबडाको एउटा गोप्य बैठक बसेर एक-अर्कालाई सरकारी र बाहिरी मानिस नमानी गाउँलेकै रूपमा व्यवहार गर्ने सहमति भएको रहेछ। अघिल्लो दिनसम्म गाउँमा रहेको असहज वातावरण होलीमा मिलेको मलाई सम्झना छ। आजभोलि सम्झन्छु, राजनीतिले जहिले पनि हामीलाई एक-अर्काबाट टाढा पुर्‍याउने प्रयास गर्दो रहेछ।

**तपाईंको जीवनको सबैभन्दा आकर्षक होली कुन हो ?**

२०३७ सालमा जनमत संग्रहपछि राजनैतिक स्थिति केही खुकुलो भयो। त्यो राजनैतिक परिवेशले जेलमा परेका, प्रवासमा पुगेका प्रजातान्त्रिक विचारका व्यक्तिहरू पनि गाउँमा भेला भए। गाउँमा कट्टर पञ्चहरूलाई पनि जनमत-संग्रहको सन्देशले केही नरम बनाएको थियो। वर्षौं छुट्टिएका र फरक विचारधाराका सबै गाउँले भेला हुनु त्यस वर्षको होलीको विशेषता थियो। ती सबैले एकसाथ संवत् जलाएर भोलिपल्ट यसरी होली खेले, जसले वर्षौंको पीडा बिर्साउन मद्दत गर्‍यो। त्यसबेला जस्तो प्रेमको वातावरण मैले अरू होलीमा कहिल्यै पाइनँ।

**सबैभन्दा दुःखद होली नि ?**

२०४८ सालको होली। प्रजातन्त्र आएपछि हामी यति धेरै टुक्रामा विभाजित भयौं कि हामी गाउँले नै रहेनौं। हामी कांग्रेस, एमाले, सद्भावना आदि भयौं। एकै स्थानमा संवत् नजलाएर दुई ठाउँ जलाइयो। होलीको अर्थ सामूहिकता र एकता हो, तर त्यस वर्ष हामीले भिन्न-भिन्न भएर होली मनायौं। राजनीतिले हामीलाई टुक्रा-टुक्रा मात्र पारेन, हाम्रो संस्कृति र प्रेमलाई पनि टुक्रा-टुक्रा पार्‍यो।

प्रस्तुति : अश्विनी कोइराला



# सम्बन्ध बढाउने पर्व होली



**रविन राचलिका**

*झ्याले दंक तुकङ म*
*वहे ल्यासे जिता म*

होलीका दिन नेवार समुदायका युवाहरूले यही गीत गाउँछन् । यो गीतमा झ्यालभरि सागको माला सजाएर बस्ने युवतीलाई साथी बनाउँछु भन्ने भावना समेटिएको छ । परम्पराअनुसार होली सुरु हुनुभन्दा दुई-तीन साताअघिदेखि नेवारहरूका घरघरका झ्यालमा होलीको आगमनको संकेतस्वरूप सागका माला झुन्ड्याइन्छ । मूलतः तरुनी र हुर्किएकी चेली, जो असल पुरुष साथीको खोजीमा हुन्छिन् उनैले यसरी सागको मालाले घर सजाउँछिन् ।

होली खेल्न टोल-टोलमा पुग्ने टोलीले विपरीतलिंगीसँग सम्बन्ध अघि बढाउन परम्परागत लोकगीतहरू गाउँछन् । नेवार युवाहरूले होलीलाई पिरती गाँस्ने पर्वका रूपमा पनि लिने गरेका छन् । ३० वर्षअघिको होलीको दिन यसरी नै पिरती गाँसेका रामचन्द्र लवजू अहिले सुखमय दाम्पत्य जीवन बिताइरहेको बताउँछन् ।

होलीको दिन युवाहरू रंग र अबिर घसेर सहर-बजार डुल्छन् । युवतीहरू भने यसरी घुम्ने युवाहरूलाई पानी छ्यापेर रमाउँछन् । टोलहरूको विशेषता र युवतीको पारिवारिक पेसाअनुसार पानीमा विविध सुगन्धित वस्तु मिसाइने केशव सुवालले बताए । यो चलनले अहिले निरन्तरता नपाएको देख्दा ज्येष्ठ नागरीकहरू दुखी छन् ।

त्यतिबेला मको गल्लीका लवजूहरूको आँगनमा पुग्ने युवाहरूलाई दूध मिसाइएको पानी छ्यापेर स्वागत गरिन्थ्यो । लवजू समुदायले भैंसी पाल्ने गरेको छ । अहिले यो चलन भने लोप भएको छ । यसरी लोप भएको संस्कार विकृत भएर फोहोर पानी हाल्ने परम्परा बस्न थालेको छ ।

साकोलानमा रक्सी मिसिएको पानी, गोमारीमा पानको पात भिजाइएको पानी, चोछेमा साग पखालिएको हरियो पानी छर्कने दिन अब इतिहास भएको छ । अन्य स्थानमा पनि स्थानीय उत्पादनहरू पानीमा प्रयोग गरिन्थ्यो । अहिलेका युवाहरू भने लोलाको चलन चलेपछि परम्परालाई नमान्ने भएका छन् ।

साथी बनाउने पर्वमा शत्रु बढाउने गतिविधि बढ्न थालेका छन् । छत-छतमा बसेर अरूलाई लोला हानेर रमाइलो मान्ने तर आफूलाई हाने रिसाउने चलनले होली पर्वको औचित्य ओझेलमा परेको छ । लुकेर लोला हिर्काउँदा चोट लाग्ने दुर्घटनाहरू घटिरहेका छन् । लोला हानेर भाग्ने र लखेट्ने प्रवृत्तिका कारण यो पर्वलाई श्रीराम दुवालले लुकामारीको नाम दिएका छन् । यो खेलले नयाँ सम्बन्ध विकास हुनु त कता हो कता, पहिले स्थापित भैसकेका नाताहरूसमेत तोडिने दुवालको भनाइ छ ।

विकृतिलाई छोडेर होलीलाई साथीहरूसँग भाइचाराको सम्बन्ध कायम गर्ने र सामाजिक गतिविधिमा भिज्ने अवसरका रूपमा लिनुपर्छ । रंगहरूको पर्वले सम्बन्धहरूमा कालो दाग लगाउन नहुने शिक्षक सुरेश शाक्यको मत छ । होली मित्रहरूसँगको पुनर्मिलन गर्ने पर्व हो । यो नयाँ सम्बन्ध विस्तार गर्ने शुभसाइत पनि हो । लोप हुन लागेका वा लोप भैसकेका संस्कृतिलाई युवापुस्ताले सम्झन सके होली मनाउनुको सार्थकता पनि रहनेछ ।

## मुम्बईमा विराज र सञ्चिताको होली

**वीरेन्द्र पौडेल**

मुम्बई- फागुपूर्णिमा अर्थात् होली पर्वलाई नेपाल र भारतमा विशेष महत्त्वका साथ रमाइलोसँग मनाइन्छ । आपसी सद्भाव बढाउने उद्देश्यले विभिन्न रंग खेलेर रमाइलो गर्दै मनाइने यो पर्वमा युवायुवती र सर्वसाधारण मात्र होइन, रंगकर्मी र चलचित्रकर्मीहरूसमेत रमाउँछन् । साथीभाइहरूको साथमा रहेर होली खेल्नुको मजा बेग्लै हुने नायक विराज भट्ट बताउँछन् । गत वर्षको होलीमा समेत मुम्बईमा रहेर नेपाली साथीहरूसँगै होली कार्यक्रममा सरिक भएका विराज यसपालिको होलीमा पनि मुम्बईमै छन् । एक साताअघि मुम्बई आएका विराज भट्ट यो साता मुम्बईभन्दा केही पर राजपिल्ला, गुजरातमा छायाङ्कन भैरहेको भोजपुरी चलचित्र दागमा व्यस्त छन् । उनी यसपालिको होली सुटिङकै दौरानमा बित्ने भएकाले सुटिङ युनिटका साथीहरूसँग मिलेर मनाउने बताउँछन् ।

होलीको राम्रो र नराम्रो पक्षका सम्बन्धमा राखिएको जिज्ञासामा विराज भन्छन्- ‘यो परापूर्व कालदेखि चल्दै आएको एउटा उत्सव हो । सानोमा साह्रै रमाइलो लाग्थ्यो र रमाईलोसँग खेलिन्थ्यो, तर अहिले पहिलेको जस्तो रमाइलो लाग्दैन । किनभने होलीको नाममा थुप्रै विकृति पनि देखिएका छन् । शरीरभरि रंग, इनामेल पेन्ट लगाइदिने, इच्छाविपरीत फोहोर पानी फ्याँक्ने कामले गर्दा आँखा र स्क्रिन खराब हुन्छ । अझ इनामेल पेन्ट लगाउने, युवतीहरूप्रति नकारात्मक सोच भएकाहरूले अनैतिक व्यवहार गर्ने, समात्ने र रंग दल्ने, मदिरा सेवन गर्ने र झगडा हुने कामले होलीलाई नरमाइलो बनाउँछ ।’ विराज भन्छन्- ‘यस्ता विकृतिहरूलाई पन्छाएर होलीलाई सद्भावका रूपमा लिएर राम्रोसँग रंग खेल्नुपर्छ । नैतिकताभित्र रहेर होली मनाउनुपर्छ ।’

यसैगरी नायिका सञ्चिता लुइँटेलले समेत यसपालिको होली मुम्बईमै मनाउने भएकी छिन् । आफ्नो साथीको इन्गेजमेन्टमा सहभागी हुन गत साता मुम्बई आइपुगेकी सञ्चिता मुम्बईमै नेपाली तथा भारतीय साथीहरूसँग बसेर होली मनाउने बताउँछिन् । उनले साथीहरूसँग मिलेर घरमै कार्यक्रम गर्ने, यहींको संस्कार अनुसार पूजा गरेपछि रंग खेलेर पर्व मनाउने बताइन् । सञ्चिता मुम्बईमा आयोजना गरिएको होलीको रमझम नामक सांस्कृतिक कार्यक्रममा सहभागी भएर प्रवासी नेपालीहरूलाई होलीको शुभकामना दिन पुग्नेछिन् । आफूलाई मन पर्ने पर्व भएकाले नेपालमा छँदा पनि आमा-बुबा र साथीहरूसँग होली खेल्ने गरेको सञ्चिताले बताइन् । सञ्चिता भन्छिन्- ‘कुनै पनि चाडपर्वका राम्रा-नराम्रा दुवै पक्ष हुन्छन्, तर हामीले कुनै पनि पर्वलाई सकारात्मक रुपमा लिनुपर्छ । होलीमा नराम्रो पक्ष त खासै छैन, साथीहरूसँग रंग खेल्ने, शुभकामना आदानप्रदान गर्ने, सँगै रमाउने हो भने होली अवश्य पनि रमाइलो पर्व हो । तर, कसरी मनाउने र रमाउने त्यसमा भर पर्छ । एक वर्षदेखि मुम्बईमा रहँदै आएकी नायिका निरुता सिंहले भने यसपालिको होली काठमाडौंमै मनाउने भएकी छिन् । उनले काठमाडौंमै साथीहरूसँग मिलेर होली खेल्ने बताइन् । एउटा चलचित्रको छायांकनका लागि नेपाल पुगेकी निरुता सुटिङ सकिएलगत्तै मुम्बई फर्कने बताउँछिन् ।



## सचित्र

# ह्याप्पी होली






















# सचित्र



## ● सन्देश ●

काली, निःस्वार्थ, निश्चल र अजम्बरी माया तथा पलपलको सम्झना। सधैंभरि तिम्रो मायाको ऋणी बन्न पाऊँ। आई लभ यू एन्ड ह्यापी होली।

**प्रदीप**

निकी, म तिमीलाई हिजो पनि चाहन्थें, आज पनि चाहन्छु र भोलि पनि चाहिरहनेछु। मेरो मनमा तिमीबाहेक अरू कोही छैन। मलाई विश्वास गर। म तिमीलाई हृदयदेखि नै चाहन्छु। मेरो भावना बुझ्ने प्रयास गर।

**शशी**

मेरा आदरणीय शिक्षक तथा विद्यार्थी साथीहरूको उन्नति-प्रगतिको हार्दिक शुभकामना।

**यथार्थ**

आई लभ यू सुनयना, आँखाको निंद खोसिदिने, हृदयको तरंग छोडिजाने तिमीलाई के सजाय दिऊँ कि आफैंलाई सिध्याइदिऊँ ?

**सहिद**

सोमबार बिहान कलेजबाट फर्कने क्रममा माइक्रोबस पर्खिरहेकी सेतो रंगको साइड ब्याग बोकेकी नानुलाई आइतबार सोही स्थानमा भेट्न आग्रह छ।

**निमा**

साप्ताहिकमार्फत मित्रता गाँसेका सम्पूर्ण साथीहरूमा सम्झना, साथसाथै मंगलमय शुभकामना। कृपया साथीहरूले गलत आईडी बनाई इमेल एड नगर्नुहुन र समय र श्रम बर्बाद नगर्न पनि हार्दिक अनुरोध छ।

**नारायण कुँवर**

राधा, आईएम भेरी सरी, तपाईंमाथि विश्वासघात गर्ने मेरो इच्छा होइन, बाध्यता हो। म तपाईंजस्तो साथी गुमाउन चाहन्नँ। तसर्थ मेरो तत्कालीन बाध्यतालाई बुझी फेरि मसँगको मित्रतालाई निरन्तरता दिन चाहनुहुन्छ भने प्लिज वान चान्स कल मी।

**मीन**

पुजन, म मित्रता गर्न एकदमै आतुर छु। किन हो, तिमी मेरो कुरा नसुनेझैं गरिरहन्छौ। जसरी भए पनि भोलि शनिबार बालाजु बाइसधारामा भेट्न चाहन्छु।

**फ्रेन्डसिप गर्न चाहेको व्यक्ति**

भाइ जीवन, तिमीले लेखेको कविता, गीत एकदमै मन पर्‍यो। अझ राम्रा-राम्रा सिर्जना गर्नु। मेरो शुभकामना छ।

**भेषराज**

तिमी त भन्थ्यौ नि डल्ली, हाम्रो माया ५ वर्षमा नातामा परिणत हुन्छ, तर तिमी सानो घरेलु समस्या देखाएर आफू एक्लै पार हुन खोज्दैछ्यौ। तिमीले दिएको बिछोडको पीडा सहन नसकी आज म तड्पिररहेको छु। यदि तिमी मलाई साँचो माया गर्छ्यौ भने फेरि मेरो जिन्दगीमा फर्किदेऊ। म तिम्रै प्रतीक्षामा छु।

**विनय**

गाउँका मेरा प्रिय मित्रहरू लोकबहादुर, सबिना, दिलबहादुर, मनु, शमशेर, निर्पा, सरिता, सुनिता, ज्योति, मनज्योति, मन्दिरा, आनन्द, कोशिला, शेरबहादुर तथा बहिनीहरू दुर्गा र गंगा साथै मेरो सोल्टीहरू शम्भु र पासलाई मीठो सम्झनाका साथमा उत्तरोत्तर प्रगतिको कामना।

**मीनबहादुर परियार**

निर्मला, के छ ? किन हो आजभोलि बिर्सिएको ? तिमी के गर्दैछयौ ? जहाँ भए पनि मलाई कल गर।

**एस.के.एम.**

सरिता, यो जुनीमा तिम्रो हुन नसके पनि अर्को जुनीमा त अवश्य तिम्रै हुनेछु। समय र परिस्थितिले हामीलाई जीवन र मरणको दोसाँधमा पुर्‍याइदियो। तिमी मबाट टाढा भए पनि म तिमीलाई सधैं चोखो र पवित्र माया दिइरहनेछु। तिमीले पनि जीवनलाई उपहारका रूपमा होइन, संघर्षका रूपमा हेर्ने गर्नु। तिमीले चालेका पाइलाले सधैं सफलताको शिखर चुम्न सकून्, मेरो शुभकामना छ।

**श्याम**

प्रिय साथी एस.बी., तिमी मभन्दा धेरै विद्वान् छौ, त्यसैले जीवनसाथी बन्न त असम्भव नै होला तर पनि असल साथी हुन सक्छ्यौ।

**हरिजंग**

आर., तिमीले आफ्नो बर्थडेको पार्टी ख्वाउँछु भनेकी थियौ, तर ख्वाइनौ। कारण थाहा छैन तर मेरो बर्थडेमा चाहिँ ख्वाउँछु, आउँछौ हैन त ?

**निर्मल**

साथीहरू रमेश, कविता, अनिसा, अन्जना, सीता, शोभा, कल्पना, निरु, जिता, दाइ बलराम, भाउजू सुसान, छिरिङ, गजेन्द्र, दीपक, कैलाश, बाबुलालका साथै मिसेज सुनितामा सुख, शान्ति, सुस्वास्थ्य तथा दीर्घायुको मंगलमय शुभकामना।

**पासाङ रुम्बा**

## ● जीवनको गोरेटोमा ●



# झुपडीको प्रेम

घटना एक वर्ष अघिको हो। साउनको १७ गते गाउँमा लाखबत्ती बाल्ने योजना थियो। शारीरिक कमजोरीका बाबजुद पनि म लाखबत्ती बाल्ने ठाउँमा गएँ। त्यहाँ धेरै मानिस जम्मा भएका थिए। अचानक मेरा आँखा कसैका आँखासँग जुध्न पुगे। साथीको झकझकाइपछि मात्र आँखा हटाउन बाध्य भएँ। केही समयपछि साथीहरूमार्फत् मैले उनलाई एकान्तमा भेट्टाएँ।

हामीले एक-अर्कालाई हेरिरह्यौं, अपरिचित नै भए पनि। चाहेर पनि केही बोल्न सकिनँ म, न त उनी नै बोलिन्। साहस गरेर मैले नै सोधेँ - 'के म तिम्रो परिचय पाउन सक्छु ?' उनले केहीबेर अकमकाउँदै मलाई नहेरी आफ्नो परिचय दिइन्। अनि मैले भनें- म... म... भन्दा नभन्दै उनले बीचैमा काटेर भनिन्- 'मलाई सबै थाहा छ तपाईंको घर-परिवारका बारेमा, तपाईंको बानी-व्यवहारको बारेमा...।'

'कसरी थाहा पायौ ?' छोटो प्रश्नपछि नै ओठभरि मुस्कान छर्दै उनले भनिन् 'म अघिल्लोपटक आउँदा पनि तपाईंलाई भेट्न चाहन्थें तर सकिनँ, तपाईंको बारेमा अरूबाटै मैले सबै थाहा पाइसकें, आश्चर्य नमान्नुहोला ल...।' यति भन्दै उनले मलाई भोलिपल्ट भेट्ने कुरा गरिन्। भोलिपल्ट म उनले बोलाएको ठाउँमा पुगें। उनी मेरो प्रतीक्षामा थिइन्।

भेट भएपछि उनले सोधिन्- 'अप्ठ्यारो मान्नुहुन्न भने एउटा कुरा भनौं ?' मैले स्वीकृति जनाएपछि उनले मेरो आँखामा हेर्दै भनिन्- 'मैले तपाईंलाई आजभन्दा एक वर्षअघि पनि देखेकी थिएँ, त्यतिबेलै तपाईंको बारेमा सबै थाहा पाएँ। डर-संकोचका कारण तपाईंसँग नभेटे पनि मलाई तपाईंको सम्झना आइरहन्छ, मैले तपाईंको तस्बिर पनि पाइसकें... तपाईंको यो तस्बिर...' उनी अड्किइन्। म हाँस्दै बोलें- 'अनि...' उनी अझ मेरो नजिक आएर बसिन् र भनिन्- 'के तपाईं मसँगको मित्रता चाहनुहुन्छ ?' झस्कँदै भनें- 'मतलब ?'

'म... म... तपाईंलाई माया गर्छु, म यो जीवनभरिकै पहिलो तथा अन्तिम प्रेम तपाईंसँगै गर्न चाहन्छु। के तपाईं मलाई प्रेम अनि साथ दिन सक्नुहुन्छ ?' शरीरभरि करेन्ट लागेजस्तो भयो। झुपडीमा मेरो बास छ भन्ने थाहा पाउँदा पाउँदै पनि ममाथि मायाको हात फैलाउने यो अपवाद कसरी ? मैले सोचें, उनको मान, मर्यादा, आडम्बरसँग मेरो नाममात्र जोडिनु पनि मखमलको पछ्यौरीमा बोराको टुक्रा जोडेजस्तो हुन्छ। मलाई देख्ने उनीजस्ता धनीहरू त घृणा गर्थे, आँखा तर्थे तर आज यो के भैरहेछ ? 'माफ गर्नुहोस् ल गल्ती गरें, सायद प्रस्ताव नगर्नु थियो ?' उनको ओठ थुन्दै मैले भने- होइन, माफी म माग्छु बरु.... म सोच्दै थिएँ के उत्तर दिऊँ ? हो, म पनि तिमीलाई चाहन्छु, म तिम्रो मायाको लागि भोको छु।

हामी एक-अर्काको आलिंगनमा बाँधिन पुग्यौं, मानौं हाम्रो प्रेम परिचित थियो। दुःख-सुखमा साथ दिने, आरोह-अवरोहहरूमा संघर्ष गर्ने जुनीजुनीसम्म सँगै रहने वाचा गर्‍यौं। म सपनामा थिइनँ, अरू साथीहरूले जस्तै मैले पनि प्रेम बन्धनमा पस्ने अवसर पाएकोले खुसी थिएँ। त्यो दिन लागेको थियो साँच्चै प्रेमले धनी, गरिब, राम्रो-नराम्रो केही हेर्दो रहेनछ। त्यो दिन मेरो जीवनका लागि अविस्मरणीय दिन थियो।

**– श्याम**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ......................................................................

उमेर : ...................................... उचाइ : ...................................

पेसा : .................................. शिक्षा : ................................

स्वभाव :.................................... वैवाहिक स्थिति : .......................

अभिरुचि : ..................................वर्ण : ...................................

इमेल : ......................................................................

ठेगाना :......................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................................

..............................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● साथी ●



गजेन्द्र कार्की 'आसु' २३ वर्षका भए। प्रवीणता प्रमाणपत्र तह पहिलो वर्षमा अध्ययनरत कार्की समाजसेवाको क्षेत्रमा कार्यरत छन्। गहुँगोरो वर्णका गजेन्द्र नम्र एवं मिलनसार स्वभावका छन्। ५ फिट ९ इन्च अग्ला गजेन्द्र गहुँगोरो वर्णका छन्। पत्रमित्रतामा अभिरुची राख्ने कार्की सुख-दुःखमा साथ दिने, धूम्रपान नगर्ने, धनी-गरिब भेदभाव नगर्ने, प्रेम गरेपछि धोका नदिने साथीको खोजीमा छन्। गजेन्द्रलाई नख्खु- ४, सैंबु, ललितपुरमा पत्राचार गर्न सकिन्छ।



पुनाराम पोखरेलले स्नातक तह उत्तीर्ण गरेका छन्। जागिरे जीवन बिताइरहेका पोखरेल विवाहित छन्। ३० वर्षीय पुनाराम साहित्यमा रुची राख्छन्। ५ फिट ७ इन्च अग्ला पुनाराम मिलनसार स्वभावका छन्। गहुँगोरो वर्णका उनी जैसीथोक-९, गुल्मीका बासिन्दा हुन्। उनी नरिसाउने, मिलनसार, सरल, अरूको दुःख बुझ्ने सहयोगी भावनाका साथीको खोजीमा छन्। पुनारामलाई साथी बनाउन चाहनेहरूले उयपजचभउिगलब२थबजयय।अक मा इमेल गर्न सक्नुहुन्छ।



नृत्यमा अभिरुची राख्ने विशुका 'वेजम' हाल स्नातक तह दोस्रो वर्षमा अध्ययनरत छिन्। १८ वर्षीया विशुका गहुँगोरो वर्णकी छिन्। ५ फिट ३ इन्च अग्ली विशुका अविवाहित छिन्। समाजसेवाको क्षेत्रमा कार्य गर्ने अभिलाषा बोकेकी विशुका स्वच्छ एवं पवित्र मित्रवत् सम्बन्ध राख्ने युवक तथा युवती साथीको खोजीमा छिन्। खोटाङ, दिक्तेलकी विशुकालाई साथी बनाउन चाहनेहरूले दचष्तष्लब)चबष्२थबजयय।अयच मा इमेल गर्न सक्नुहुन्छ।



१६ वर्षीय विजन श्रेष्ठ 'चेल्सी' ६ फिट अग्ला छन्। प्रमाणपत्र तह अध्ययनरत बिजन नयाँ-नयाँ ठाउँ घुम्ने, फुटबल खेल्ने तथा धेरै साथी बनाउने अभिरुची राख्छन्। गहुँगोरो वर्णका बिजन समाजसेवाको क्षेत्रमा पनि सक्रिय रहने अभिलाषा राख्छन्। मिलनसार, हँसिलो तथा सहयोगी स्वभावका श्रेष्ठ राष्ट्रप्रेमी, भाग्यमा भन्दा कर्ममा विश्वास राख्ने, मित्रताको कदर गर्ने अनि सुख-दुःखमा साथ दिने साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले भिमाद-१, रत्नचोक, तनहुँमा पत्राचार गर्न सक्नुहुन्छ।



एसएलसी उत्तीर्ण गरेर व्यापारमा संलग्न विजय लामा 'बमजन' गहुँगोरो वर्णका छन्। ५ फिट ३ इन्च अग्ला बमजन हँसिलो स्वभावका छन्। २६ वर्षीय बमजन अविवाहित हुन्। दोलखा-२, बोचका स्थायी बासिन्दा विजय हाल सूर्यविनायकमा बस्दै आएका छन्। सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेका विजयलाई दष्वकिब२थबजयय।अक मा इमेल गर्न सकिन्छ।



५ फिट अग्ला रविन भुजेल हँसिलो स्वभावका छन्। गहुँगोरो वर्णका भुजेल अविवाहित छन्। साधारण शिक्षा लिएका रविन भोटाहिटी अन्डरग्राउन्ड, काठमाडौंमा कार्यरत छन्। पत्रमित्रतामा अभिरुची राख्ने भुजेल साथीको समस्या बुझ्ने, साथी बनाएपछि बीचैमा नछोड्ने, राम्रो शारीरिक बनावट भएका युवतीलाई साथी बनाउन चाहन्छन्। उनलाई साथी बनाउन चाहनेहरूले चबदष्ल।दजगवभ२थबजयय।अक इमेल गर्न सक्नुहुन्छ।

# नेपालको सबैभन्दा ठूलो समस्या के हो?

बेरोजगारी, अशिक्षा, फोहरमैलाका साथै नेपाली राजनीतिज्ञको स्वार्थी स्वभाव नै नेपालका प्रमुख समस्या हुन् ।

**राजेश, चितवन**

सम्पादकज्यू, यस्तो प्रश्न त देश सपार्ने ठूलो भुँडी भएकाहरूसँग सोध्नुपर्ने, मेरो विचारमा भने राजनैतिक अन्यौल नै होला ठूलो समस्या ।

**प्रदीप चौलागाईं**

सान्दर्भिक प्रश्न सोध्नुभयो सम्पादकज्यू, सबैभन्दा ठूलो समस्या भनेको यहाँ रहने हरेक, व्यक्तिलाई उचित तवरले उसको दक्षता, सीप र लक्ष्यलाई टार्गेट गरी रोजगारीको अवसर उपलब्ध गराउन नसक्नु हो ।

**एपी सुधा**

१६ घन्टे लोडसेडिङ, कम उमेरमा विवाह र काम बिनाको आम्दानी खोज्नु ।

**जिज्ञासु कान्छा**

नेता कुर्सी तानातान, जनतालाई गोली हानाहान, पैसा भए होटल जाम, छैन पैसा गोजी छाम, गरिब भएँ माग्न गएँ, अल्छी भनाइ खाएँ, अब परिश्रम गर्ने, प्रतिज्ञा बनाएँ– यही हो समस्या ।

**कमला दाहाल (२२), सिन्धुली**

वर्तमान परिप्रेक्ष्यमा हेर्दा नेताहरूको कुर्सी खोस्ने खेल ठूलो समस्याका रूमपा देखापरेको छ ।

**महेशप्रसाद अवस्थी**

नेपालको सबैभन्दा ठूलो समस्या भनेका राम्रा युवतीहरू हुन् । के गर्नु २४ सै घन्टा याद आइदिन्छ ।

**उपेन्द्र गोले (२६)**

नेताको भनाभन र कुर्सीका लागि गरिने तँछाडमछाड नै हो ।

**दीपक गोतामे**

नेपालको सबैभन्दा ठूलो समस्या ठूला भनाउँदाहरूले भाषण अनुसारको काम नगर्नु हो ।

**जयप्रसाद घमला**

नेताहरूलाई भाग पुऱ्याउने कुर्सीको कमी प्रमुख समस्या हो ।

**हरिशप्रसाद अवस्थी**

नेपालको सबैभन्दा समस्या भोलिवाद हो ।

**सागर पौडेल**

धेरै छन्... भनेर साध्यै छैन ।

**विनोद खतिवडा**

हाम्रो देशका नेताहरू अनाडी खेलाडी हुन् । उनीहरू सच्चरित्र, देशभक्त र सक्षम भए त देशलाई रोगै लाग्दैनथ्यो ।

**भोजप्रसाद आचार्य (१७)**

नेपालको समस्या बेरोजगारी हो । यहाँका यत्रायत्रा भुसतिघ्रेहरू त्यसै हल्लिएर हिंड्छन् । तिनीहरूलाई रोजगारी दिन पाए त...।

**अविनाश तामाङ**

मलाई त अशान्ति जस्तो लाग्छ ।

**आलेभाइ सूर्य**

सरासर भन्ने हो भने म नै ठूलो समस्या हुँ ।

**समीर नेपाल**

नेपाली नेता ।

**लोमश खतिवडा**

दलीय स्वार्थले उत्पन्न गराएको राजनैतिक खिचातानी ।

**मानध्वज बमजन (२०), सिन्धुली**

नेपालको सबैभन्दा ठूलो समस्या नेताहरूको मस्तिष्कमा गोबरै गोबर हुनु हो । लौन प्रभु, छैन केही उपाय ?

**मिनु हिताङ, स्याङ्जा**

धम्की, अपरहण र हत्या ।

**सरला बम्जन (१८), सिन्धुली**

अरू के नै हुन्छ र ? राजनीति नै हो, त्यसले देश बिगारेको छ ।

**प्रवीण ज्ञवाली**

अशान्ति होइन र सम्पादकज्यू ?

**सूर्य आलेमगर**

बन्द, आमहडताल, नारा-जुलुस, भ्रष्टाचार, बेरोजगारी, हत्या, बलात्कार, अशिक्षा, गरिबी, नेपालमा पहिले पनि समस्याका रूपमा थियो, अहिले पनि छ र पछि पनि हुनेछ ।

**कुमार श्रेष्ठ**

राजनैतिक अस्थिरता ।

**सञ्जीव खत्री**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. तपाईं वान साइडेड लभमा पर्नुभएको छ ? (भ्यालेन्टाइन डेका लागि)
२. पढेर जानिन्छ कि परेर ?
३ वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
४. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
५. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?
६. रोमान्टिक गीत राम्रा हुन्छन् कि ट्र्याजिक ? किन ?
७. नेपालले खेलकुदमा किन सधैं हार्छ ?
८. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
९. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
१०. राजनीति राम्रो कि समाजसेवा ? किन ?


सौन्दर्यका सामान
● Height बढाउने (Yoko Japanese)-1050/-
● मोटोपन घटाउने (Sauna Belt)
● अनुहार गोरो बनाउने (Roop Amrit)
● स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
● डण्डीफोर, चाया पोतो हटाउने (Cream)
● धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
● कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
● लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
(शंखमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Newbaneshwor 9808301235
Ph. 2290871, Mob. 9841506134



के तपाईंमा यौन सम्बन्धी समस्या छ ?
पुरुषहरुमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।
महिलाहरुमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।
मानसिक
निराशा उदासिपन, मानसिक डर, भय, दिमागको वोधोपन ।
महिला वा पुरुषहरुमा हुने बाँझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा – ०६१–५३९१९४ वुटवल – ०७१–५४८८९३
भरतपुर – ०५६–५२०९६८ इटहरी – ०२५–५८४०८८
दाङ्– ०८२–५६२९८३, हरिओन सर्लाही – ०४६–५३०४८४
हेटौडा – ०५७–५२६०४६ सप्तरी, फत्तेपुर – ०३१–५५०११२



सुखी विवाहित जीवनको लागि
सेवाको १६ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएको यौन रोग, शीघ्रपतन, यौनदुर्बलता, स्वपनदोष, पिसाब सित धातु खस्ने, नपुंसकता, शुक्राणुको कमि, नि:सन्तानपन आदिको सफल उपचारको लागि आज नै भेट्नुहोला ।
भेट्ने ठेगाना: फोन नं.: ४–४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल (पारिपट्टी) काठमाडौं



केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before Herbal44 Rs. 750/- After
बेदाग गोरो मुहारको लागि
रूपअमृत - Rs.1650/-
Anti Pimple
(Rose Sunscreen Free)
मुहारको दाग चायापोतो हटाउने Dr. Japan Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream Rs.1250/-
स्तन बढाउने घटाउने Cream Rs 1650/-
ग्यास्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409


प्रश्न : म २२ वर्षीय युवक हुँ । मैले दुई वर्षअघि एक युवतीसँग यौनसम्पर्क गरेको थिएँ, तर त्यसपछि मैले कुनै युवतीसँग शारीरिक सम्पर्क गरेको छैन । किनकि मलाई इच्छा नै हुँदैन । खास कुरा के हो भने म युवतीप्रति आकर्षित हुन्न । जतिसुकै राम्री युवती भए पनि मलाई ऊसँग यौनचाहना हुँदैन । मलाई प्रौढ व्यक्ति (४०–६० वर्षको पुरुष) सँग यौनाकर्षण हुन्छ । राम्रो शारीरिक व्यक्तित्व भएका प्रौढहरू देख्दा आङ नै सिरिङ्ग हुन्छ । उनीहरूसँग नजिक हुने, बोल्ने इच्छा हुन्छ तर सक्दिनँ । ४० वर्षमुनिका पुरुषहरूसँग कुनै आकर्षण हुँदैन । के म समलि ी हुँ ? मैले यो कुरा आजसम्म कसैलाई भनेको छैन र भन्ने साहस पनि गरेको छैन । मलाई विवाह गर्ने इच्छा छैन । अब मैले यो कुरा आफ्नो परिवार र आफन्तहरूलाई कसरी सम्झाउन सक्छु ? साथै मैले खोजेजस्तो यौनसाथी कसरी फेला पार्न सक्छु ? के मेरो यौनचाहना पूरा हुन सम्भव छैन ? मजस्तो मान्छे यो दुनियाँमा अरू पनि हुन सक्छन् कि सक्दैनन् ? म वास्तवमै आफ्नो चाहनालाई कुण्ठित बनाएर बसेको छु । कसैसँग आफ्नो कुरा भन्न नसकेकाले पीडा थपिएको महसुस हुन्छ ।

–र.



डा. राजेन्द्र भद्रा

## ● यौन जिज्ञासा र समाधान ●



उत्तर : मानिस जन्मजात नै यौनिक हुने भए पनि किशोरावस्थामा विशेषगरी यौनभावना प्रबल हुनुका साथै स्पष्ट रूपमा प्रकट भएर आउँछ । यतिबेला हाम्रो यौनभावना प्रबल भएर आउँछ र अर्को व्यक्तिप्रति यौनको दृष्टिकोणले आकर्षित हुन्छौं । सामान्यतः मानिस विपरीत लिङ्गप्रति आकर्षित हुन्छ, तर अर्को यथार्थ के हो भने धेरैजसो व्यक्तिका लागि यो कुरा सत्य भए पनि सबैका लागि सत्य नहुन सक्छ । कतिपय व्यक्ति समान लिङ्ग भएकै व्यक्तिप्रति आकर्षित हुन्छन् । यस्तो किन हुन्छ भन्ने कुराका अनेक तर्क छन् र त्यसमा ठूलो विवाद पनि छ, तर गहन वैज्ञानिक अनुसन्धानपछि के पत्ता लागेको छ भने यो जन्मजात नै स्वाभाविक रूपमा हुन्छ । यसलाई परिवर्तन गर्न सजिलो छैन ।

यौनका दृष्टिकोणले विपरीत लिङ्गी व्यक्तिप्रति आकर्षित हुने व्यक्तिलाई हामी 'विपरीत लिङ्गी' यौन परिचय भएको मानिस भन्छौं भने आफ्नै जस्तो समान लिङ्ग भएको व्यक्तिप्रति आकर्षित हुनेलाई 'समलिङ्गी' (जयफयकभहगबी) र यस्तो 'पन'लाई समलैङ्गिकता (जयफयकभहगबष्तिथ) भनिन्छ । यौनका दृष्टिकोणले पुरुष तथा महिला दुवैप्रति आकर्षित हुने व्यक्तिलाई हामी द्विलिङ्गी (दष्कभहगबी) भन्छौं । किशोरावस्थाको उतारचढावका केही वर्षमा विभिन्न किसिमका क्रियाकलापमा संलग्न हुने चाहना हुन्छ र कतिपय आफूलाई नौला लाग्ने कुरा प्रयोग गर्न (भहउभचषभलतबतष्यल) खोज्छन्, तर पछि आफ्नो प्राकृतिक स्वभावमा मिल्ने त्रियाकलापमै संलग्न हुन्छन् । तपाईंले किशोरावस्था पार गरिसक्नुभएकाले तपाईंको यौनभावना अनि यौन परिचय यसै रूपमा स्थायी हुनुपर्छ ।

**बढी उमेरका व्यक्तिप्रतिको आकर्षण**

प्रायः सबैजसो समाजमा यौनजोडीका बीच उमेरमा फरक भएको पाइन्छ । विपरीत लिङ्गीको कुरा गर्दा त पुरुष अलि बढी उमेरको र महिला अलि सानी उमेरकी हुने कुरालाई सामान्य नै मानिन्छ । पुरुषको उमेर महिलाको भन्दा कम भएको स्थितिमा भने चर्चा हुन्छ । हुन त कम उमेरको पुरुष वा किशोरसँग पाको उमेरका महिलाको सम्बन्ध नरहने पनि होइन । विपरीत लिङ्गीमा मात्र होइन, समलिङ्गी सम्बन्धमा पनि उमेरको यस्तो फरक देखिन्छ ।

साथीभन्दा शिक्षक, सहखेलाडी भन्दा प्रशिक्षक यौनका दृष्टिले आकर्षक लाग्न सक्छन् । कुनै एक व्यक्ति नितान्त फरक उमेर समूहको व्यक्तिबाट यौन उत्तेजित हुन्छ भने उनीहरूका लागि अंग्रेजीमा बउजकभनकष्क शब्दको प्रयोग गरिन्छ । आफ्नो भन्दा फरक तर कुनै निश्चित उमेर समूहको व्यक्तिप्रति यस्तो यौन उत्तेजना निश्चित हुन गए हामी त्यसलाई ऋजचयलयउजषष्ब भन्छौं । पाको वा बढी उमेरको पुरुष तथा किशोरको अन्तरङ्ग वा यौनसम्बन्धलाई अंग्रेजीमा एभमभचबकतथ भनिन्छ ।

केही समाजमा उमेरमा धेरै नै फरक भएका यौनजोडीको सम्बन्ध असामान्य मानिन्छ । धन वा शक्तिको प्रलोभनका कारण कम उमेरका व्यक्तिले यस्तो गर्छन् भनिन्छ । उमेरको फरक किशोर वा युवावस्थामा भन्दा पाको उमेरमा बढी स्वीकार्य देखिन्छ । किन यति उमेर फरकका बाबजुद एक व्यक्ति अर्कोप्रति आकर्षित हुन्छ ? त्यसको जवाफ भने सजिलो छैन । शक्ति, धन एवं सामाजिक कतबतगक बढी भएका पुरुष र राम्रो सन्तान जन्माउन सक्ने शरीर वा प्रकृतिकी महिला आकर्षक लाग्न सक्छन् । समलिङ्गीका सन्दर्भमा कुरा अलि फरक भए पनि यहाँ आकर्षणको सामान्य सिद्धान्त नै लागू हुनसक्छ ।

**के एभमभचबकतथ बाल यौनशोषण हो ?**

इतिहासलाई केलाएर हेर्दा पहिले कतिपय समाजमा वयस्क पुरुषको किशोर (केटा) सँग अन्तरङ्ग वा यौनसम्बन्ध रहने गरेको पाइन्छ । उनीहरूले यसलाई एक किसिमले सामान्य रूपमा लिने गरेका पनि देखिन्छन् । त्यसले यस्ता प्रचलनलाई यौनशोषणको दर्जामा राखिएको पाइँदैन, तर अहिले आएर, आधुनिक समाजमा यस्ता सम्बन्धहरूलाई फरक दृष्टिकोणले हेर्न थालिएको छ । उनीहरूले यस्ता सम्बन्ध बाल यौनशोषण वा यौनशोषणको परिधिभित्र पर्ने कुरा बताएका छन्, तर उमेरको फरक भए पनि दुई वयस्क व्यक्तिबीचको सहमतिमा बनेको सम्बन्धलाई त यौनशोषण भन्न मिल्दैनन् ।

**के गर्ने होला ?**

एक किसिमले हेर्दा तपाईं अहिले आफ्नो समलैङ्गिकताका सम्बन्धमा एक ठोस निर्णय गर्नुपर्ने स्थितिमा पुग्न लाग्नुभएको छ । अहिले नेपाली समाज पनि समलैङ्गिकताको सन्दर्भमा खुला हुँदै आएको छ । यसमा सहयोग गर्ने नीलहीराजस्ता संगठन पनि क्रियाशील छन् । तपाईंले पाउनुभएको यौन परिचयको विपरीत कार्य गर्न खोज्दा गाह्रो हुनसक्छ । त्यसैले एकपल्ट राम्रोसँग विचार गरेर ठोस निर्णय लिनुहोस् र असजिलाहरूलाई चिर्दै जाने अठोट गर्नुहोस् । बिस्तारै आफैंलाई अनि अरूलाई पनि तपाईंको यौनपरिचय स्वीकार्य हुँदै जानेछ ।


The Flying Institute
announces Admission open for
Airhostess Training
Get trained from Nepal's No. 1 Cabin Crew instructor Ms. Shanta Shrestha
Call: 4465653, 9841278689
www.theflyinginstitute.edu.np
The Flying Institute P. Ltd.
Minbhawan, Kathmandu



होटल तालीम अन्तर्राष्ट्रिय मापदण्डको
✧Cook ✧Waiter ✧Bartender ✧ Housekeeping ✧ Front Office ✧ Coffee Making ✧Bakery ✧Caregiver ✧Hotel Mgmt. ✧F&B Mgmt.
✧ Airfare & Ticketing (Fare Calculation) ✧ Abacus, Amadeus, Galileo, e-ticketing ✧Travel Operation ✧ Tour & Travel Mgmt
✧Abroad Study- UK, USA, Australia, Japan
✧3/4/5 Star होटलहरुमा तालिम दिइने
Language: English & Japanese
बिदेश जानेहरूको लागि विशेष कोर्ष
Excel Academy of Tourism & Hotel Mgmt. Pvt. Ltd.
Ph: 4460956 Chabahil, Ktm (Near to Medicare)



# साँच्चिकै अन फर्गेटेबल

**कृष्ण भट्टराई**

काठमाडौं– सोल्टी क्राउन प्लाजाको एउटा ठूलो हलमा सांगीतिक क्षेत्रका स्थापित अनुहारहरूलाई एउटै स्थानमा देख्न पाउँदा महँगो टिकट काटेर दर्शकदीर्घामा बसेका दर्शकहरू दंग देखिन्थे । गत शनिबार साँझ सांगीतिक इतिहासमै पहिलो पटक आयोजना गरिएको 'अनफर्गेटेबल मेलोडिज' कार्यक्रममा पाँच दशकअघिदेखि हालसम्मका लोकप्रिय गीत-संगीत प्रस्तुत गर्न पाका उमेरका गायक फत्तेमान राजभण्डारीदेखि कान्छी गायिका अञ्जु पन्तसमेत भेला भएका थिए ।

साधना कला केन्द्रले सुगम संगीतको लोकप्रियतामा थप बल पुऱ्याउन आयोजना गरेको उक्त कार्यक्रम निर्धारित समयभन्दा केही ढिलो प्रारम्भ भए पनि सहभागी दर्शकले कालजयी गीत सुन्न देखाएको धैर्यता उत्साहजनक देखिन्थ्यो । कार्यक्रमको स्वरूप परिवर्तन गरिएपछि गायिका अञ्जु पन्तले सांगीतिक कार्यक्रमको घुम्टो उघार्ने अवसर पाइन् । यसअघि फत्तेमानमार्फत कार्यक्रम प्रारम्भ गर्ने तय भएको थियो ।

अञ्जु पन्तको गायनबाट प्रारम्भ भएको सांगीतिक कार्यक्रम फत्तेमान 'यस्तो पनि हुँदो रै'छ...' मा पुगेर टुंगिएको थियो । संगीतकार प्रकाश गुरुङको संगीत संयोजनमा झन्डै पौने तीन घण्टा चलेको सांगीतिक कार्यक्रममा प्रस्तुत गरिएका १४ वटा कालजयी गीतमध्ये उपस्थित दर्शकले पुराना गीतलाई नै बढी रुचाएको पाइयो । पछिल्लो समयमा रेडियो तथा टेलिभिजनमा बजिरहने नयाँ-नयाँ गीतभन्दा दर्शकले पहिलेका गीतमा नै बढी ताली बजाएका थिए ।

सांगीतिक कार्यक्रमको दोस्रो प्रस्तुति गायक जगदीश समालको थियो । त्यसो त गायिका रिमा गुरुङ होडाको 'कसको आँखा लाग्यो बरै...' ले पनि दर्शकलाई भावुक बनाएको थियो । त्यसपछि प्रस्तुत भएका यम बरालले दर्शकलाई एकै पटक इलाम पुऱ्याइदिए । यमपछि पालो आयो राजेश पायल राईको । धेरैले उनीबाट दर्शन नमस्ते...सुन्ने इच्छा व्यक्त गरेका थिए, तर पूर्वनिर्धारित गीत 'तिमीलाई रोजें...' गाएर उनले दर्शकलाई खुसी पारे । 'यस्तै रहेछ यहाँको चलन...' भन्दै समाजप्रति लक्षित गीत गाउने क्रममा गायिका देविका बन्दनालाई दर्शकले पनि साथ दिए । लगत्तै रामकृष्ण ढकालले स्टाइलिस शैलीमा 'ओराली लागेको हरिणको चाल भो...' गाउँदा गीतकै तालअनुसार दर्शकले ताली बजाएका थिए ।

गायिका कुन्ति मोक्तान र लोचन भट्टराईले क्रमशः 'कहिलेकाहीं मलाई पनि...' तथा 'टाढा टाढा स्वरमा प्रस्तुत गरेपछि स्टेजमा देखा परे गायक योगेश वैद्य । उनले गीत गाउन थाल्नुअघि नै दर्शकले उनलाई तालीको गड्गडाहटले स्वागत गरेका थिए । त्यसो त वैद्यजत्तिकै सम्मान गायक प्रेमध्वज प्रधानले पनि पाए । प्रेमध्वजपछि कार्यक्रमको अन्तिम प्रस्तुति दिने पालो आयो गायक फत्तेमानको । कालो सुटमा सजिएका फत्तेमानले आफ्नै शैलीमा टाउको हल्लाउँदै गीत गाउँदा दर्शकले लामो समयसम्म ताली बजाएर उनको प्रशंसा गरेका थिए । दिनेश डिसीले नभई जाऊ तिमी...' गाएर मनोरञ्जन प्रदान गरेको उक्त कार्यक्रममा गायक रविन शर्माले चलचित्र 'वासुदेव' मा समावेश गरिएको 'कुन मन्दिरमा जान्छौ यात्री' गाएका थिए । लोकगायिका तारा थापाले हो माझी दाइ...गीत सुरिलो सञ्चालन गरेको उक्त कार्यक्रममा गायकद्वय दीप श्रेष्ठ तथा रुवी जोशी अस्वस्थताका कारण उपस्थित हुन नसकेकोमा कार्यक्रमका निर्देशक तथा साधना कला केन्द्रका प्रवन्धक मिलन मोक्तान दर्शकसँग क्षमा याचना गरेका थिए ।

# किड्स एक्जिविसन प्रतियोगिता



वीरगंज, करेन्ट इङ्लिस ल्याङ्वेज सेन्टरको आयोजनामा किड्स एक्जिविसन प्रतियोगिता सम्पन्न भएको छ । बालबालिकामा लुकेर रहेको प्रतिभा प्रदर्शन गर्ने उद्देश्यले उक्त प्रतियोगिता आयोजित गरीएको थियो । उक्त प्रतियोगितामा सहभागी बालबालिकाहरूले भााडाकाुडा, चित्रकला, खेलौना, तस्बिर आदि बनाएर आफ्नो कला प्रदर्शन गरेका थिए ।

प्रतियोगितामा मनिराज गिरी प्रथम, निहित गुप्ता द्वितीय र वर्षा चचान तृतीय भएका थिए । विजेता बालबालिकाहरूलाई आयोजक संस्थाकी व्यवस्थापकीय निर्देशक मनीषा कोइरालाले पुरस्कार वितरण गरेकी थिइन् । उक्त अवसरमा सेन्टरका प्रशिक्षार्थी प्रीतम गिरीले निर्देशन गरेको शिक्षाको महत्व झल्काउने नाटकसमेत मञ्चन गरिएको थियो । करेन्टले आठ वर्षदेखिका बालबालिकाको नेतृत्व एवं व्यक्तित्व विकाससम्बन्धी कक्षा सञ्चालन गर्दै आएको छ ।

**–शंकर आचार्य**

# दुइ राजेश मलेसियामा



**साप्ताहिक समाचार**

कलाकारहरूको एक झुन्ड गत साता मलेसियामा कार्यक्रम प्रस्तुत गरेर फर्किएको छ । अविवाहित नायक राजेश हमाल तथा गायक राजेश पायल राईसहितको यो जम्बो टोलीले मलेसियामा बसेका नेपालीहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गऱ्यो । 'नयाँ वर्ष २०१० को उपलक्ष्यमा जोहोरबारु र क्वालालाम्पुरमा आयोजित तीनवटा स्टेज सोमार्फत हजारौं दर्शकमाझ सांस्कृतिक प्रस्तुति सकेर फर्किएका हौं', गायक राजेशपायल राईले साप्ताहिकलाई भने- 'कार्यक्रम भव्यरूपमा सम्पन्न भयो । तीनवटै सोमा दर्शकको न्यानो माया पायौं ।' स्टेजमा ढलक्क ढल्किदै उदाएका नायक राजेश हमाल गायक राजेश पायल राइले गाएका गीतमा कम्मर मर्काउँदै नाचेका थिए ।

यो हात साथीहरूका लागि सलाम हो भने दुस्मनहरूका लागि फलाम हो, शंकर हुँ म शंकरजस्ता चर्चित फिल्मी डायलग प्रस्तुत गरेका हमाल स्टेजमा देखिनेबित्तिकै दर्शकको वाहवाही पाइहाल्थे । उनले नृत्य पनि प्रस्तुत गरेका थिए । गायक राइले साप्ताहिकको टिसर्ट पहिरेर प्रत्येक कन्सर्टमा दर्शन नमस्तेलगायत आफ्ना एक दर्जन लोकप्रिय गीत प्रस्तुत गरेका थिए ।

नेपाल पत्रकार महासंघ मलेसिया तथा प्रवासी तामाङ एकता समाजको आयोजनामा भएका ती स्टेज कार्यक्रमहरूमा नायिका अरुणिमा लम्सालले ग्लामरस नृत्य प्रस्तुत गरेकी थिइन् । यस्तै हास्यकलाकारद्वय गोपाल नेपाल फिस्टे र अंशु महर्जनले हास्यप्रस्तुति पेस गरेका थिए । कार्यक्रममा चर्चित लोकगायक राजु परियार, गायिका इन्दिरा लामा, योगिता मोक्तान, पार्वती जिसी आदिले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरेर सांगीतिक मनोरञ्जन प्रदान गरे ।

# कन्सर्टमा तातिएको तरहरा

**भीषण राई**

तरहरा- शुक्रबार इटहरी र धरानको बीच बाटोमा पर्ने तरहराको वातावरण अर्कै थियो । तरहरामा राष्ट्रिय कलाकारहरूको जमघट भएकाले पनि त्यस दिन सांगीतिक पारखीहरू जोस्सिएका देखिन्थे । आयोजकले देशका चर्चित गायकहरूलाई तरहरामा निमन्त्रणा गरेकाले पनि त्यस दिन छुट्टै रौनक छाएको थियो । लामो समयपछिको सांगीतिक तिर्खा मेट्न हँलका हँल मानिस कार्यक्रम स्थलतिरै लम्किरहेका थिए भने कार्यक्रमस्थलमा पनि ठेलमठेलको स्थिति थियो ।

नभन्दै कार्यक्रममा उद्घोषकले सविन राईलाई बोलाए । युवाहरूका ढुकढुकी सविन राई स्टेजमा निस्कूदा भीड थामिनसक्नु बनेको थियो भने सविनलाई छुन खोज्नेहरूको पनि कमी थिएन । उनले आफ्ना चर्चित गीत गुराँसको फेदमुनिदेखि नयाँ एल्बम रङ्गमञ्चको रङ्गबाट दुई थुगा फूल गीतसम्म प्रस्तुत गर्न भ्याए ।

अर्का गायक सपन श्रेष्ठको प्रस्तुति पनि कम थिएन । उनले प्रस्तुत गरेको देशभक्ति गीत हिमालजस्तो शिर मेरो पहाडजस्तो छाती पनि उपस्थित दर्शकले



रुचाए । उनले आफ्नो चर्चित गीत तिमी त्यसै लजायौलगायत तीनवटा गीत प्रस्तुत गरे ।

डम्बर नेपालीको गीतले पनि दर्शकहरूलाई पर्याप्त मनोरञ्जन प्रदान गऱ्यो । प्रजातन्त्र दिवसका अवसरमा डियर क्लब अफ तरहराद्वारा आयोजित मेगा कन्सर्टमा ५ हजारभन्दा बढी दर्शक भेला भएका थिए । कन्सर्ट अपराह्न ३ बजे राति ८ बजेसम्म चलेको थियो । धरानको गरिमा डान्स सेन्टरको प्रस्तुतिबाट पनि तरहराका बासिन्दाहरू मख्ख परेका थिए । उक्त मेघा कन्सर्टमा नेक्सस, द योग स्टार र रिडसिटी विसाल्स ग्रुप ब्यान्डले रक प्रस्तुति दिए । स्थानीय कलाकारले प्रस्तुत गरेको हास्यव्यंग्यले पनि दर्शकहरूलाई हँसाएको थियो ।

# दोहोरीमा डम्बर नेपाली



**कमल रिमाल**

विराटनगर- पूर्वाञ्चलमै पहिलो पटक इटहरीमा खुलेको दोहोरी साँझमा गायक डम्बर नेपालीलाई गीत गाउन बाध्य पारियो । उनलाई यति दबाब पऱ्यो कि गीत नगाई बस्न सकेनन् । रिदम दोहोरी साँझका कलाकारसँगै गीत सुनाएर उनले सबैलाई चकित पारे ।

साथीहरूसँग सुटुक्क दोहोरी सुन्न रेस्टुराँमा पसेका डम्बरलाई केही बेरमै दोहोरीका गायकले माइकबाट स्वागत गरे । त्यसपछि गीत गाइदिन आग्रह गरे । आग्रहलाई डम्बरले तुरुन्तै स्वीकार गरेनन् । माइकबाट आग्रह गर्दै दोहोरी गायकले श्रोताहरूलाई उठेर ताली बजाई डम्बरलाई स्टेजमा बोलाउन आग्रह गरे । मदिरापानमा मस्त श्रोताहरूले पनि कुर्सीबाट उठेर ताली बजाउदै डम्बरको नाम लिएपछि उनी स्टेजमा जान बाध्य भए । डम्बरले रेस्टुराँमा गीत गाउनुपर्छ भनेर सोचेका पनि थिएनन् ।

स्टेजमा चढेका डम्बरले 'बिनासंगीत गीत सुनाउँछु' भने । चिर्चित गीत 'तर अन्तिमपल्ट भेट्न आऊ..' प्रस्तुत गर्नेबित्तिकै नाच्न थालेका विपिन पौडेलले भने- 'दोहोरी सुन्न आ'को, लाइभ कन्सर्टजस्तो भयो, मजा आयो ।' दोहोरीको सांगीतिक टोली पनि के कम, उनको गीतमा संगीत बजाउन थालिहाले । त्यसपछि त उनले आफ्ना चर्चित गीत सुनाए । कति गीतका त पहिलो अन्तरा मात्र सुनाए ।

उनीसँगै दोहोरीका कलाकारले नाचेका थिए । दर्शक पनि उठेर नाच्दै थिए, त्यतिकैमा डम्बर स्टेजबाट बाहिरिएर आफ्नो टेबुलमा पुगे । 'वान्स मोर' गुन्जिरहेको थियो, तर उनी फेरि फर्किएर मञ्चमा गएनन् ।

# पलेंटीमा गायिका मीरा राणा

काठमाडौं- सन् २००५ को जनवरी महिनादेखि सञ्चालन हुँदै आएको 'पलेटी श्रृंखला'ले आज फेब्रुअरी २६ तारिखको श्रृंखलामा प्रसिद्ध गायिका मीरा राणालाई निम्त्याएको छ । पलेटीमा पहिलो पटक सहभागी हुन लागेकी मीरा राणा पुरानै उत्साहका साथ अभ्यासमा जुटेकी छिन् ।

अघिल्लो पुस्ताकी चर्चित गायिका मीरा राणा सन् ६० को दशकदेखि नै गायनमा क्रियाशील व्यक्तित्व हुन् । वि.सं २००८ को असोजमा जन्मिएकी मीराको पारिवारिक वातावरण संगीतमय थियो । सुप्रसिद्ध तबलावादक पं. शम्भुप्रसाद मिश्र तथा निर्मलाकी सुपुत्री मीराको गायनमा शास्त्रीय संगीतको छनक आउनुलाई उनको पारिवारिक वातावरणसित जोडिन्छ ।

खासगरी गोपाल योञ्जनले भाका सिर्जेका गीतमा खुलेकी राणाले रेडियो नेपालमा भने वि.सं. २०२२ सालका गाउन थालेकी हुन् । उनले गाएका 'मखमली चोलो चाहिँदैन' 'मेरो फूललाई वसन्त' 'गाउन देऊ गीत मलाई' 'तिमीलाई रुवाउने' लगायत गोपाल योञ्जन र नारायण गोपालसित गाएका युगल गीत 'मेरो पाउमा आज' 'मेरो जोवन लैजाऊ' लोकप्रिय छन् ।



आफ्ना गीतको भाव र मर्ममा डुबेर अभ्यास गरिरहेकी मीरा राणा भन्छिन्- 'मैले गाउन थालेको ४४ वर्ष भयो । यसरी एकमुस्ट गीत सुनाउने अवसर कमै पाएकी छु । पलेटीमा एकल गायन गर्दैछु भन्दा अलि धक पनि महसुस गरेकी छु ।'

# हेटौंडामा सानो बाबु सानी परी- २०१०




**साप्ताहिक समाचार**

हेटौंडा– काठमाडौं, धरान र पोखरापछि हेटौंडामा पनि स-साना बालबालिकाहरू मोडलिङ प्रतियोगितामा सहभागी हुन थालेका छन् । गत शुक्रवार हेटौंडाको हुप्राचौरस्थित ओम सिनेमा हलमा आयोजित 'सानो परी एन्ड सानो बाबु हेटौंडा- २०१०' मा ४२ जना बालबालिकाले र्‍याम्पमा क्याटवाक गर्दै आफूमा भएको प्रतिभालाई प्रस्तुत गरे ।

जित हाम्रो संस्थाले आयोजना गरेको उक्त प्रतिस्पर्धामा ३१ जना बालिका तथा ११ जना बालकले सहभागिता जनाएका थिए । मनोज तामाङको कोरियोग्राफी तथा सुशील के दाहालको संयोजनमा सम्पन्न प्रतियोगितालाई पाँचवटा सिक्वेन्समा विभाजन गरिएको थियो । नायिका निशा अधिकारी, गायक डिजराज पौडेल आदि निर्णायक रहेको प्रतियोगिताको पहिलो चरणमा सहभागी बालबालिकाले राष्ट्रिय गीत प्रस्तुत गरे । त्यसलगत्तै उनीहरूले प्रस्तुत गरेको सामूहिक नृत्यले दर्शकलाई मनोरञ्जन प्रदान गरेको थियो । दोस्रो चरणमा उनीहरूले पालैपालो आफ्नो परिचय दिएका थिए । त्यसपछिको चरणमा बालिकातर्फ उत्कृष्ट २० तथा प्रश्नोत्तर चरणपछि टप टेन प्रतिस्पर्धीको छनौट गरियो । बालक प्रतिस्पर्धीको संख्या कम भएकाले प्रश्नोत्तरपछि निर्णायक चरणका लागि उत्कृष्ट पाँचको मात्र छनौट गरियो । निर्णायक चरणमा बालक तथा बालिकाको दुई समूहलाई एक-एकवटा प्रश्न सोधियो । उनीहरूले दिएको जवाफका आधारमा विजेताको छनौट गरिएको थियो ।

प्रतिस्पर्धामा सन्ध्या गुरुङ तथा इसानराज ढकालले सानो परी तथा सानो बाबुको उपाधि जिते । पेरुषा राउत तथा प्रवेश भेटवालले फस्ट रनरअप घोषित भए । पूजा शाह तथा विक्रान्त गुरुङले सेकेन्ड रनरअपमा चित्त बुझाए । त्यसो त विक्रान्तले मस्ट ट्यालेन्टेडको शीर्षक उपाधि पनि जिते ।

प्रतियोगितामा निशा पुलामीले मस्ट ट्यालेन्टेड, प्रशंसा काकीले फ्रेन्ड्ली, सबिना वस्ती तथा मुन्ना नहकीले पर्सनालिटी, प्रवेश भेटवालले भ्युअर्स च्वाइस, विशाखा गुरागाईंले बेस्ट ट्रेनी, नाओमी थिङ तथा रुमेक्स लामाले मस्ट स्विट, पूजा शाहले बेस्ट परफरमेन्स, रमोना लामाले डिसिप्लिन, आरती श्रेष्ठ तथा सुरज मुस्कान हाडाले स्माइल, कृषा लामा तथा इसानराज ढकालले क्याटवाक, दृष्टि बराल तथा ज्योति डंगोलले फोटोजेनिक एवं प्रतिमा कूडेलले बेस्ट हेयरको शीर्षक उपाधि जितेका थिए ।

# धीरजले नचाए, नारदले हँसाए

**भिषा काफ्ले**

धनकुटा- जब गायक धीरज राईलाई उद्घोषिका मञ्जु पौडेलले स्टेजमा गीत गाउन आमन्त्रण गरिन् टुडिखेलको छरपस्ट जनमानस स्टेजतिर नजिकियो । छ महिनाको अन्तरालमा दोस्रो पटक धनकुटा आइपुगेका धीरज पनि के कम, दर्शकको ढुकढुकी छाम्दै उनले प्रस्तुति सुरु गरे । नाच्दै तिमी रुँदा एक्लो हुँदा म पनि त रोएको थिएँ, सोई ढोले सोई, सम्झेर किन तिमीलाई फेरि याददेखि लिएर मिस टिरियस ग्रलसम्म गाउँदा दर्शकहरू छेकिएको बारलाई भत्काएर धूलो उडाउँदै स्टेजनजिक पुगेका थिए । धीरजले प्रत्येक गीत गाइसकेपछि वान्स मोरको आवाज पनि सुनिएको थियो ।

शनिबार धनकुटाको तल्लो टुडिखेलमा द सेभेनयुथ क्लबको आयोजना तथा युवा संघ धनकुटाको व्यवस्थापनमा सम्पन्न स्टार शान्ति संगीत यात्रामा धीरजले मात्र नभएर गायिका सिन्धु मल्लले धरानको बजारमा गीत गाउँदा उनीसँगै नाच्दै गाउने दर्शकको कमी थिएन । त्यसैगरी पप गायक सविन राईले पनि युवाहरूलाई धूलो उडाउने गरी नचाएका थिए । लोकगायक नवराज घोरासैनी तथा मञ्जु पौडेलले



घुम्तीनेर लेट भयो भाकाको आधा घण्टाको दोहोरी गीत प्रस्तुत गर्दा बालकदेखि वृद्ध सबै कम्मर मर्काई-मर्काई नाचेका थिए ।

स्थायी शान्ति स्थापना गरौं जेठ १४ गते संविधान जारी गरौं भन्ने नाराका साथ आयोजित संगीतिक कार्यक्रममा हास्यकलाकार नारद खतिवडाले उपस्थित दर्शकहरूलाई विभिन्न नेता र कलाकारहरूको क्यारिकेचर गरी हँसाएका थिए । दोस्रो पटक स्टेजमा देखिएका नारद प्रधानमन्त्री माधवकुमार नेपालको भेषमा देखादा दर्शकहरू झुक्किएर साँच्चै प्रधानमन्त्री नै पो आएछन् भन्ने परेको थियो, तर प्रहसन सकिएपछि



उद्घोषिकाले नारद खतिवडालाई प्रहसनका लागि धन्यवाद भन्दा दर्शकहरू छक्क परेका थिए । त्यसैगरी अर्का गायक सपन श्रेष्ठले तिमी त्यसै लजायौ, म उसै धकाएँ, साइनो टुंगियो, सालीको बोलीले भेना भूलियो आदि गीत प्रस्तुत गरेका थिए ।

राष्ट्रिय तथा स्थापित कलाकारहरूका साथ स्थानीय गायक किरण राई, गौरभ नारायण राईको प्रस्तुति पनि धनकुटेली दर्शकहरूलाई लोभ्याउने खालको थियो । त्यसैगरी क्रिएटिभ ब्यान्ड धनकुटा, चेतना सांस्कृतिक क्लब पाखिबासका कलाकारहरूको नृत्य तथा गीतले भिन्दै किसिमको रौनक छाएको थियो भने धरानको गरिमा डान्स सेन्टरको प्रस्तुति पनि कार्यक्रमको आकर्षण रह्यो ।




# सकियो कृषि तथा औद्योगिक प्रदर्शनी

धनकुटा-धनकुटामा सञ्चालित तीनदिने कृषि तथा घरेलु प्रदर्शनी शनिबार सम्पन्न भएको छ । मेला ५ हजारभन्दा बढीले अवलोकन गरेका थिए । अघिल्लो बिहीबार प्रारम्भ भएको तीनदिने कृषि तथा औद्योगिक प्रदर्शनीमा घरेलु तथा साना उद्योग विकास समिति धनकुटा र जिल्ला कृषि विकास कार्यालय धनकुटाको आयोजनामा सम्पन्न भएको हो । प्रदर्शनीमा धनकुटा, भोजपुर, संखुवासभा तथा तेह्रथुमका घरेलु उद्योगहरू सहभागी भएका थिए ।

घरेलु उद्योगतर्फ ३० वटा र कृषिजन्य सामग्रीका ४७ वटा गरी जम्मा गरी ७७ वटा स्टल राखिएको उक्त प्रदर्शनीमा उत्कृष्ट उद्योगहरूलाई पुरस्कृत गरिएको थियो । सातवटा समूहमा विभाजन गरी पुरस्कृत गरिएको प्रदर्शनीमा घरेलु उद्योगतर्फ सरस्वती ढाका कपडा उद्योग तेह्रथुम प्रथम र प्रीति ढाका कपडा उद्योग हिले, खड्का ढाका कपडा उद्योग धनकुटा र कोपा ढाका कपडा उद्योग पाखीबास दोस्रो भएका छन् । त्यस्तै बेतबाासतर्फ शुभलक्ष्मी बेतबाास उद्योग प्रथम, मनु बेतबास उद्योग दोस्रो भएका छन् भने धातु वस्तुतर्फ नमुना खुकुरी उद्योग प्रथम, आयुष खुकुरी उद्योग दोस्रो भएका छन् ।

फर्निचर तथा काष्ठकलातर्फ वेटर होम फर्निचर उद्योग प्रथम र छिन्ताङदेवी फर्निचर उद्योग दोस्रो भएका छन् भने खाद्य तथा पेयपदार्थतर्फ विश्रान्ति सर्वत उद्योग प्रथम, आनियन चिप्स उद्योग धनकुटा-७ दोस्रो भएका छन् । त्यसैगरी तयारी वस्तुतर्फ स्टार सिलाइ-कटाइ प्रशिक्षण केन्द्र प्रथम, प्रीति सिलाइ-कटाइ प्रशिक्षण केन्द्र दोस्रो भएका छन् । विविध समूहअन्तर्गत हिमालय अल्लो तथा सुती कपडा उद्योग खाादबारी प्रथम, विजय मैनबत्ती उद्योग धनकुटा दोस्रो भएका छन् ।

जिल्ला तथा राष्ट्रिय स्तरमा पुरस्कृत भएका धनकुटाका पाँच जना उद्योगीलाई सम्मान गरिएको छ । सम्मानित हुनेहरूमा राजगंगा ढाका कपडा उद्योग मौनाबुधुककी राजकुमारी लिम्बू, कविता फलफूल प्रशोधन केन्द्रकी विष्णमाया कन्दङ्वा, कुसुम सीप प्रशिक्षण केन्द्रकी कुसुम राणा, बान्तवा बेतबाास उद्योगका सन्तबहादुर राई तथा नमुना ढाका कपडा उद्योगकी मनमाया विश्वकर्मा छन् ।

# तीतोसत्यका जोडी रामपुरमा

**माधव अर्याल**

सदरमुकाम तानसेनदेखि ७० किलोमिटर पूर्वको बेझाड मैदानमा चर्चित हास्यजोडी दीपा र दीपकलाई देख्न पाउँदा त्यस भेकका बासिन्दा खुसी भए । तनहुँ, नवलपरासी तथा स्याङ्जाबाट आएका दर्शक निकै उत्साहित थिए । रामपुरमा खेतीयोग्य जमिन घडेरीका रूपमा प्लटिङ गरेको होस् वा यस भेकमा दुई श्रीमती विवाह गर्ने पुरानो चलनजस्ता विषयमा व्यंग्य हाने दीपकले । उनीहरूको राजनैतिक घोचपेच पनि कम थिएन ।

दीपक र दीपाको जोडीले मुख्यतया एयरपोर्ट र भन्सारमा कसरी प्रहरी र कर्मचारीले घूस खान्छन् भन्ने दृश्य प्रस्तुत गरे । टेलिभिजनको पर्दामा देखिने दीपक र दीपाको जोडीलाई यहाँ देख्न पाउँदा रामपुरकी दुर्गा खनालले भनिन्, 'खुब मज्जाले हाँसियो ।'दीपक र दीपाको प्रहसनको मज्जासँगै दर्शकले सांगीतिक स्वाद पनि लिए ।



पाल्पाली हास्यकलाकार किरण चित्रकार तथा हास्यकलाकार दीपकराज थापाले पनि सबैलाई पेट मिचीमिची हँसाए ।

यसअघि गायक हेमन्त शर्मा, लोककलाकारहरू बद्री पंगेनी, नवीन पौड्याल, ज्योति थापामगरको गीतमा दर्शक ननाची बस्न सकेनन् । रामपुर महोत्सव तथा कृषि मेलाको सांस्कृतिक कार्यक्रम हेर्न आएका दर्शकलाई सिन्धु मल्ल, शिव परियार, दुर्गा रायमाझी, हुम गैरे, नारायण लेकाली आदि गायक-गायिकाले पनि उत्तिकै नचाए ।

# मातृभूमिको आत्मकथा

**विमल खतिवडा**

आर्थरका मनोज गुरुङले बसाइँ सरेर अन्यत्र गएकाहरूलाई गाउँ फर्काउने धैरै प्रयत्न गरे, तर सकेनन् । गाउँ छाडेर जानेमा गुरुङ आफैं परे पनि गाउँको विकास गर्न र स्थानीय बासिन्दाहरूलाई गाउँ फर्काउने सिप सिक्न बाध्यतावश आफूले गाउँ छाड्नुपरेको उनको भनाइ छ । चार वर्षसम्म मेहनत गरेर उनले बसाइँ सरेर गएकाहरूलाई फर्काउने सन्देश बोकेको वृत्तचित्र 'मातृभूमिको आत्मकथा' तयार पारे ।

२ लाख लगानी गरेर निर्माण गरिएको वृत्तचित्रमा गाउँलेहरूले बसाइँ सरेर गएपछि बिग्रिएको गाउँको कथा छ । कलात्मक घरहरू, गोठ, बारी, गुरुङ समुदायाका संस्कृति सबै लोप हुने अवस्थामा पुगेको र त्यसको जगेर्ना तथा संरक्षण गर्न कसैले पनि चासो नदेखाएको कथा वृत्तचित्रमा समेटिएको छ ।

एक घण्टा लामो यो



वृत्तचित्रमा बर्के, आर्थरडाँडा खर्कका सर्वसाधरणहरूको रहनसहन, कला-संस्कृतिलाई समेत उतारिएको छ । विनोद अर्यालको लेखन, युग गुरुङको छायांकन, पुकार गुरुङको सम्पादन रहेको वृत्तचित्रको परिकल्पनाकार तथा निर्देशक मनोज गुरुङ हुन् ।

उनले गाउँको विकास तीव्र रूपमा हुँदै गएकाले गाउँ फर्किएर आउनेहरूलाई कुनै किसिमको सेवा-सुविधाको अभाव नहुने बताए ।

# छात्रछात्राले देखाए कला



वीरगन्ज– सधैं बिरामीको उपचार र सेवामा व्यस्त रहेर स्वास्थ्यसेवामा भविष्य खोजिरहेका वीरगन्जको नेसनल मेडिकल कलेजका एमबीबीएस र नर्सिङतर्फका छात्रछात्राहरूले आफूमा रहेको विविध प्रतिभा खुलेर प्रदर्शन गरेका छन् । सिकाइ र भोगाइको व्यस्त दैनिकी र तालिकाबाट बचेको थोरै फुर्सदको समयमा उनीहरूले आफूभित्र लुकेको विविध कला र क्षमता प्रदर्शन गरेका हुन् ।

६० औं प्रजातन्त्र दिवसको अवसर पारेर कलेजले आइतबार साँझ आयोजना गरेको सांस्कृतिक कार्यक्रममा उनीहरूले गीत, नृत्य, प्रहसन, कविता, गजल आदि प्रस्तुत गरेर आफ्नो-आफ्नो छुट्टै पहिचान प्रस्तुत गरे । नेपाली, हिन्दी, भोजपुरी, मैथिली, अंग्रेजी र पन्जाबी गीत, प्रहसन, कविता तथा गजल प्रस्तुत गरेर उनीहरूले कलेजको हलमा उपस्थित करिब १ हजार दर्शकलाई पर्याप्त मनोरञ्जन प्रदान गरे ।

राष्ट्रिय गानबाट साँझ करिब साढे ५ बजे प्रारम्भ भएको सांस्कृतिक कार्यक्रम राति करिब ९ बजेसम्म चलेको थियो । आकर्षक प्रकाश संयोजनले सांस्कृतिक कार्यक्रममा सुगन्ध थपेको थियो । मञ्चबाट ओर्लने विद्यार्थीहरूलाई उनीहरूका सहपाठीले दर्शकदीर्घाबाट ठूलो ठूलो स्वरमा हौस्याउँदा हल बेला बेलामा गुन्जायमान हुने गरेको थियो । समूह नृत्यमा आपसी तालमेल र उत्कृष्ट शैलीले दर्शकको मन जितेको देखिन्थ्यो ।

नेपाली र हिन्दी चलचित्रका पछिल्ला डान्स नम्बरहरूमा छात्राहरूले सामूहिक नृत्य प्रस्तुत गर्दा सबैखाले दर्शकले पर्याप्त मनोरञ्जन प्राप्त गरे ।


**–शंकर आचार्य**

# सन्यासपछि लाइट क्यामेरा एक्सन

अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिएपछि खेलाडीहरूमा सधैं द्विविधा देखा पर्छ । यत्रो वर्ष फुटबलमा बिताएर ख्याति कमाइयो, अब के गर्ने ? फुटबलबाहेक अन्य कुराको ज्ञान र सीप नभएका कारण अधिकांशले प्रशिक्षक हुने सोच बनाउँछन् भने केही फुटबलको व्यवस्थापन हेर्ने वा स्पोर्ट्स मिडिया हेर्ने अठोट राख्छन् । यद्यपि उनीहरू बनाउनेहरूले आफूलाई सकभर फुटबलबाट पृथक राख्न सक्दैनन्, तैपनि केही चर्चित खेलाडीले संन्यासपछि आफूलाई सिनेमाको संसारमा प्रस्तुत गरेका छन् ।

फुटबलमा आफ्नो ख्याति शीर्ष स्थानमा पुऱ्याएका अल्फ्रेडो डी स्टेफ्यानो, पेले तथा डिएगो म्याराडोनाले आफूलाई क्यामेराको सामु पनि सफल सेलिब्रेटी बनाएका थिए । अर्जेन्टिना र स्पेनका तर्फबाट अन्तर्राष्ट्रिय फुटबल खेलेका स्टेफ्यानोले सन् १९५४ मा निर्माण भएको परेस डी बोटास चलचित्रमा पाइला टेकेका थिए । सम्भवत: स्टेफ्यानो फुटबलरका रूपमा चलचित्रमा अभिनय गर्ने पहिलो खेलाडी पनि हुन् । पहिलो चलचित्र सफल भएपछि उनले सन् १९५६ मा निर्माण भएको ला सी रुबियामा पनि अभिनय गरे भने सन् १९६३ मा स्पेनमै निर्माण भएको ला बाटाला डेल डोमिङ्गोमा पनि अभिनय गरे ।

स्टेफ्यानोले चलचित्रमा अभिनय गरेपछि अर्को खेलाडीले चलचित्रमा आउन दुई दशक नै कुर्नुपऱ्यो । विभिन्न कम्पनीको विज्ञापनमा अभिनय गरेको अनुभवलाई खार्दै पेलेले सन् १९८१ मा निर्माण भएको स्केप टु भिक्टोरीमा अभिनय गरे । दोस्रो विश्वयुद्धमा बन्दी भएका फुटबलरहरू भागेको कथामा आधारित उक्त चलचित्रमा बबि मुर, पाउल भ्यान हिम्सजस्ता फुटबलरले पनि अभिनय गरेका थिए ।







सञ्चारमाध्यमसाग सौतेनी व्यवहार गरे पनि म्याराडोनालाई भने सञ्चारमाध्यम फाप्ने गरेको छ । बोस्नियामा चलचित्र निर्देशक ईमिर कुस्टुरिकाले म्याराडोनाको जीवनीमा उनलाई नै अभिनय गराएर वृत्तचित्र निर्माण गरेपछि उक्त चलचित्रले केन्स फिल्म महोत्सवमा चर्चा पायो । वृत्तचित्रले चर्चा पाए पनि म्याराडोनाको सफलता भने अर्जेन्टिनाको टेलिभिजनबाट प्रसारण हुने ला नोचे डेल-१० नामक साप्ताहिक कार्यक्रमबाट भयो । अर्जेन्टिनाका खेल पत्रकारसाग मिलेर सञ्चालन गरिएको उक्त कार्यक्रममा म्याराडोनाले पेले, जिनेदिन जिदान, माइक टाइसनजस्ता चर्चित खेलाडीलाई अतिथि बनाएपछि कार्यक्रमको लोकप्रियता बढेको थियो ।



फ्रान्सका फुटबलर एरिक क्यान्टोनाले आफ्नो व्यावसायिक फुटबलको अधिकांश समय इङ्ल्यान्डको लिभरपुल क्लबमा बिताए । इङ्लिस फुटबलमा प्रभावशाली फुटबलर क्यान्टोनाले १९९५ मा निर्माण भएको फ्रेन्च चलचित्रमा अभिनय गरे । फुटबलबाट संन्यासको घोषणा गरेपछि उनी बिचसकरको प्रशिक्षक भए । बिचसकरको प्रशिक्षक भएपछि उनले फ्रान्सलाई सन् २००५ मा ब्राजिलमा आयोजना भएको विश्वकपमा पहिलो पटक उपाधि जित्ने टिम बनाए । आफूलाई हास्यभूमिकामा प्रस्तुत गर्न चाहने क्यान्टोनाले सन् १९९८ मा निर्माण भएको क्विन एलिजावेथ-१ मा बेलायतका लागि फ्रान्सेली राजदूतको अभिनय गरेका थिए ।

फुटबलबाट संन्यास लिएपछि चलचित्रमा थोरै खेलाडीले मात्र आफ्नो प्रतिभा देखाए पनि त्यसमा सफल कलाकार भने कमै छन् । यसरी सफल हुनमा इङ्ल्यान्डका भिनी जोन्स छन् । लिड्स युनाइटेड तथा चेल्सी क्लबबाट मिडफिल्डरमा खेल्ने जोन्सले चलचित्रमा पहिलो ब्रेक बिग किस चलचित्रबाट पाए । लन्डनको ग्याङस्टरको भूमिकामा देखा परेका जोन्सले उक्त चलचित्रबाट प्रशस्त चर्चा पाए भने चलचित्र पनि सफल भयो । सन् २००० मा जोन्सलाई बिग किस चलचित्रका निर्देशक गाई रिच्चीले स्न्याच चलचित्रमा लिए । चलचित्रमा हलिउडका कलाकारहरू ब्राड पिट, जासोन साथाम, बेनिसियो डेल आदिले पनि अभिनय गरेका थिए । यो चलचित्रपछि उनलाई हलिउड चलचित्र सोर्ड फिसबाट पनि अभिनय गर्ने प्रस्ताव आयो । सोर्ड फिसलगत्तै उनले एक्स मेनमा अभिनय गरे भने सन् २००६ मा निर्माण भएको द लास्ट स्यान्डमा पनि अभिनय गरे ।

● मैदान बाहिर ●

# खेलाडी पत्नीद्वारा विश्वकप बहिष्कार



विश्वकप फुटबल प्रतियोगितामा सहभागी हुने इङ्ल्यान्डका फुटबलरका श्रीमतीहरूले आफ्ना श्रीमान्सँग दक्षिण अफ्रिका नजाने मनसाय व्यक्त गरेका छन् । इङ्लिस फुटबल टिमका म्यानेजर फाबियो कापेलोले आफ्नो टिमका खेलाडीहरूलाई श्रीमती वा प्रेमिकाहरूसँग अतिरिक्त समय बिताउन नदिने घोषणा गरेलगत्तै फुटबलरका श्रीमती तथा प्रेमिकाहरूले उक्त कुरा बताएका हुन् । गत विश्वकपमा खेलाडीहरूलाई आफ्ना प्रेमिका वा श्रीमतीलाई खुला रूपमा भेटघाट गर्न दिएपछि खेलाडीहरू आफ्ना प्रेमीहरूको लहैलहैमा लागेर सपिङ एवं पार्टीमा जान थालेका थिए । क्वाटरफाइनलबाटै घर फर्किएको इङ्लिस टिमले आफूले पराजय भोग्नुको कारण प्रेमिका वा श्रीमतीसँग मस्ती भएको आलोचना त्यो बेला सहनुपरेको थियो ।

फाबियो भन्छन्- 'यसपटक हामी खेलाडीका श्रीमती र प्रेमिकाहरूलाई साताको एकपटक मात्र भेट गर्न दिन्छौं । हामी दक्षिण अफ्रिका छुट्टी मनाउन गएको होइन भन्ने कुरा सबैले बुझ्नुपर्छ । यदि खेलाडीका श्रीमती र प्रेमिकाले यो कुरामा सहमति जनाउँदैनन् भने पनि उनीहरू घरै बसे हुन्छ ।' फाबियोको यस्तो मनसाय आएपछि कोलिन रुनी तथा एलेक्स गेरार्डले विश्वकपको समयमा दक्षिण अफ्रिका नजाने घोषणा गर्दै बहिष्कारको नेतृत्व गरेका छन् ।

गत नोभेम्बर महिनामा पहिलो सन्तान पाएकी कोलिनले आफ्नो सन्तान लिएर दक्षिण अफ्रिका जाने सोच बनाएकी थिइन् । विश्वकपका बेला छोरा काइको पहिलो विदेश यात्रा पनि हुने र पारिवारिक वातावरण पनि प्राप्त हुनाले आफू दक्षिण अमेरिका जान चाहेको उनले बताएकी थिइन् । विश्वकपको समयमा दक्षिण अफ्रिकामा गर्मी हुने हुँदा आफू एक्लैले छोराको रेखदेख गर्न नसक्ने र बाहुये रुनीलाई पनि भेटघाट गर्न नदिइने हुनाले त्यहाँ जानुको कुनै अर्थ नभएको बताइन् ।

आफ्ना श्रीमान्सँग साताको केही क्षण मात्र भेट्न त्यति लामो यात्रा गर्नुको कुनै अर्थ नरहेको एलेक्स गेरार्डले बताइन् । स्टेभन गेरार्डकी श्रीमती एलेक्सले भनिन्- 'योभन्दा राम्रो त घरमै बसेर टेलिभिजन हेरे भैहाल्छ ।' सन् २००६ को विश्वकपमा इङ्ल्यान्डका खेलाडीहरू बसेको होटलभन्दा केही टाढा खेलाडीका श्रीमतीहरू बसेका थिए, जसका कारण उनीहरू प्रत्येक रात रमाइलो कार्यक्रममा सहभागी हुन्थे । यसपटक भने खेलाडीका श्रीमतीहरूले राम्रो होटलको माग गरेपछि उनीहरूका लागि केपटाउनको एक मात्र ६ तारे होटल बुक गरिएको छ भने खेलाडीहरूलाई उनीहरू बसेको ठाउँबाट दुई घन्टाको हवाई उडानबाट पुगिने जोहानेसबर्गमा राखिने भएको छ ।

## टमी र साराको विवाह



हालै अमेरिकाको नागरिक बनेका टेनिस खेलाडी टमी हयासले हलिउड नायिका सारा फेस्टरसँग विवाह गर्ने भएका छन् । जर्मनमूलका टेनिस खेलाडी हयासले ब्रुन्टी म्यागजिनलाई अन्तर्वार्ता दिँदै उनीहरूले आगामि मे वा गर्मी महिनामा विवाह गर्न लागेको बताएका छन् । परिवारका सदस्य तथा केही साथीबीच हुने उक्त विवाह सामान्य हुने कुरा हयासले बताए । चोटका कारण टेनिस खेलमा ग्रान्ड स्ल्याम जित्न नसकेका हयासले आफूलाई पुरुष टेनिसको वरियताक्रममा चौथो स्थानसम्म उभ्याएका थिए । ३१ वर्षीय हयास भन्छन्- 'मलाई फोस्टरले टेनिसमा ल्याउन निकै मेहनत गरिन्, उनको सहयोगकै कारण म अहिले राम्रो टेनिस खेल्न सक्ने भएको छु ।' अमेरिकाको नागरिकता ग्रहण गरेपछि हयास सन् २०११ मा हुने डेभिस कपमा अमेरिकी टिमका तर्फबाट खेल्ने पक्का भएको छ ।

# लिग फुटबलको उत्साह

राजु घिसिङ

पाँच दिन लामो टेस्ट क्रिकेट अहिलेको पुस्ताका लागि पट्यारलाग्दो हुने गरेको छ। तीन घन्टामा टुंगिने ट्वान्टी-ट्वान्टी क्रिकेटले अहिले क्रिकेटको क्रेज हवात्तै बढाएको छ तर टेस्ट क्रिकेटको महत्त्व भने घटेको छैन, अझ चुलिँदै गएको छ।

नेपाली फुटबलको स्थिति पनि लगभग क्रिकेटकै जस्तो छ। थोरै समय चल्ने नकआउट फुटबलले नेपालमा ठूलो चर्चा पाउने गरेको छ। देशको पहिलो श्रेणीको लिग २०६३ सालयता नभएकाले पनि नेपाली फुटबल पारखीमाझ लिग फुटबलले भिज्ने अवसर पाएको छैन। त्यसैले छोटो समयको नकआउट फुटबलले महत्त्व पाएको हो।

विश्वभरि लिग फुटबललाई वास्तविक फुटबल मानिन्छ। लिगमा सहभागी प्रत्येक टिमले सबैसँग खेल्नुपर्छ। एउटा खेल हारेकै आधारमा कुनै पनि टिमले लिगमा अर्को खेल खेल्न नपाउने हुँदैन। नकआउटमा भने एउटा खेल हार्ने टिमले अर्को खेल खेल्न पाउँदैन। लिगमा कुनै पनि टिमले लामो समयसम्म फुटबल खेल्नुपर्ने हुन्छ। त्यसले टिम र खेलाडीको कला निखारिन्छ। देशको फुटबल विकासको प्रमुख आधार नै लिगलाई मानिन्छ।

क्लबले खेलाडीका लागि गर्ने ठूलो लगानीले पनि लिग फुटबल रोमाञ्चक र कौतूहलताले भरिएको अर्थात् अविश्वसनीय र सनसनीपूर्ण हुने गरेको छ। क्लबले मोटो रकम तिरेर ल्याउने विदेशी खेलाडीको खेलले पनि नेपाली फुटबलप्रेमीलाई मनोरञ्जन प्रदान गर्न थालेको छ।

यस्तै लिग फुटबलको रोमाञ्चकता यसपाली नेपाली दर्शकहरूले अनुभव गर्नेछन्। दुई वर्ष रोकिएको सहिद स्मारक 'ए' डिभिजन लिगले नेपालीमाझ वास्तविक फुटबलको रौनक देखाउँदैछ। आयोजक अखिल नेपाल फुटबल संघ तथा नौ क्लब गरी ५ करोड रुपैयाँभन्दा धेरैको लगानीले पनि यो लिगको महत्त्वलाई प्रस्ट्याउँछ।

यस्तै रोमाञ्चकताले भरिएको लिग फागुन ८ गते सुरु भएको छ। त्यसमा काठमाडौंका ६ र ललितपुरका ३ क्लब खेल्दैछन्। विभागीय टिम अर्थात् पुलिस, आर्मी र सशस्त्र प्रहरी बल (एपीएफ) ले पनि 'ए' डिभिजन लिग खेलिरहेका छन्।

पछिल्लोपल्ट पुलिसले लिग जितेको थियो। पुलिसले शनिबार ब्वाइज युनियनलाई ३-० ले हराएर उपाधि रक्षाको आफ्नो अभियानलाई सुखद बनाएको छ। क्लबको व्यवस्थापन विवाद चर्किएपछि 'ए' डिभिजन लिग फुटबल २०६३ सालयता रोकिएको थियो। एन्फा र असन्तुष्ट क्लबहरूद्वारा गठित नेपाल फुटबल संघले गत वर्ष मंसिर २२ मा विवाद टुंग्याउँदै एकताको सम्झौता गरेपछि फेरि लिग फुटबल सम्भव भएको हो।



### पुलिस र थ्रिस्टार बलियो

तीन वर्षपछि पनि पुलिस नै प्रमुख दावेदार देखिएको छ। स्टार खेलाडीले भरिएको थ्रिस्टार पनि उसकै हाराहारीमा छ। नयाँ संरचनाको एनआरटीले २०५२ सालयता लिग जित्ने तयारीसाथ ठूलै लगानी गरेको छ। नेपाली खेलाडीको उपस्थितिको मूल्यांकन गर्ने हो भने उपाधिमा पुलिस, थ्रिस्टार तथा एनआरटीको त्रिकोणात्मक प्रतिस्पर्धा हुने देखिन्छ।

नयाँ संरचनाको आरसिटी, युवा प्रतिभाले भरिएको फ्रेन्ड्स र संकटा कुनै पनि टिमका लागि कमजोर प्रतिद्वन्द्वी हुने छैनन्। स्वर्णिम इतिहास बोकेको मनाङ-मर्स्याङ्दीको उपस्थिति भने कोरियाली खेलाडीको स्तरमा निर्भर हुनेछ। विभागीय टिम आर्मी र एपिएफको चुनौती पनि फितलो हुने छैन। जावलाखेल, ब्वाइज युनियन र मच्छिन्द्र भने रेलिगेसनबाट बच्न संघर्ष गर्नेछन्। पुछारका दुई टिम तल्लो श्रेणीमा झर्नेछन्।

चर्को मूल्य तिरेर भए पनि लिगमा आ-आफ्नो प्रभाव जमाउन विभागीय टिमबाहेक 'ए' डिभिजनका नौ क्लब नतिजा उल्टाउन सक्ने विदेशी खेलाडी भित्र्याउने होडमा छन्। मनाङ-मर्स्याङ्दीले नेपाली राष्ट्रिय टिमका पूर्वप्रशिक्षक यु-कि-ह्युङसँगै ५ कोरियाली खेलाडी भित्र्याइसकेको छ। मच्छिन्द्रले तीन वर्षअघिका नाइजेरियाली प्रशिक्षक फुजालाई निरन्तरता दिएको छ। बाँकी क्लब पनि विदेशी खेलाडीको कोटा पूर्ति गर्ने अभियानमा छन्। आन्तरिक नियमका कारण पुलिस, आर्मी र एपिएफले भने विदेशी खेलाडी उपयोग गर्न पाउने छैनन्।

दुईपल्टको लिग विजेता थ्रिस्टारको ब्रिटिस गोर्खा कप, पुलिसको आहा गोल्डकप तथा आरसिटीको बुढासुब्बा गोल्डकपको जितलाई लिगमा बलियो उपस्थितिको संकेत मान्न सकिन्छ।

२०११ सालमा सुरु भएको देशको सर्वोच्च लिग आरसिटी र मनाङ-मर्स्याङ्दीले सर्वाधिक ६-६ पटक जितेका छन्। ५५ वर्ष लामो यात्रामा ३६ पटक मात्र लिग फुटबल सम्भव भयो।

विजेताका लागि एएफसी प्रेसिडेन्ट्स कप खेल्ने अवसर महत्त्वपूर्ण हुनेछ। विजेताले ५० हजार अमेरिकी डलर पाउने प्रेसिडेन्ट्स कपमा अन्य सात देशका लिग च्याम्पियनसँग खेल्ने अवसर प्राप्त गर्नेछन्। दुई वर्ष लिग नभएकाले २०६३ को च्याम्पियन पुलिसले लगातार तीनपल्ट प्रेसिडेन्ट्स कपमा नेपालको प्रतिनिधित्व गरेको थियो। लिगमा खेलाडी निखारिने भएकाले अन्तर्राष्ट्रिय फुटबलमा खस्कँदै गएको नेपालको स्तर पनि उकासिने अपेक्षा गरिएको छ।

### पुरस्कार ७५ लाख

तीन वर्षअघि भएको सहिद स्मारक सानमिगेल 'ए' डिभिजन लिगमा जम्मा ४२ लाख ५० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको थियो। यसपटक पनि पुरस्कार रकम उति नै राखिएको छ। यो पुरस्कार रकम नेपाली खेलकुद इतिहासकै सर्वाधिक हो। लिग च्याम्पियन हुनेले २० लाख रुपैयाँ पाउनेछन्।

सहभागी दर्जन क्लबमध्ये शीर्ष आठ स्थानमा रहने क्लब नगद पुरस्कारका भागीदार हुनेछन्। उपविजेतालाई १० लाख र तेस्रोलाई ५ लाख प्रदान गरिनेछ। त्यस्तै चौथोले ३ लाख, पाँचौंले २ लाख र छैटौंले १ लाख पाउनेछन्। सातौं हुने क्लबको भागमा ६० हजार र आठौंको खातामा ४० हजार पर्नेछ। तीन महिना लामो लिगमा अनुशासित टिमले फेयर प्ले ट्रफीसँगै ५० हजार लग्नेछ।

व्यक्तिगत विधामा पनि २०६३ सालकै पुरस्कारलाई निरन्तरता दिइने भएको छ। कुनै पनि पुरस्कार वृद्धि गरिएको छैन। लिगको सर्वोत्कृष्ट खेलाडीलाई कार प्रदान गरिने बताइएको छ। नेपाली राष्ट्रिय टिमका लागि गरेको योगदान र लिगमा गरेको प्रदर्शनका आधारमा सर्वोत्कृष्ट खेलाडी चयन गरिनेछ। यसअघि २०६२ मा उपेन्द्रमानसिंह र २०६३ मा हरि खड्काले कार पुरस्कार पाएका थिए।

आ-आफ्ना क्षेत्र अर्थात् पोजिसनका उत्कृष्ट खेलाडीले मोटरसाइकल हात पार्नेछन्। उत्कृष्ट गोलकिपर, डिफेन्डर, मिडफिल्डर र फरवार्डलाई एक-एक मोटरसाइकल प्रदान गरिनेछ। सर्वोत्कृष्ट प्रशिक्षकले पनि मोटरसाइकल हात पार्नेछन्। सबै पुरस्कारलाई रकममा हिसाब गर्ने हो भने करिब ७५ लाख रुपैयाँ हुन आउँछ।

**'ए' डिभिजनका क्लब**

- नेपाल पुलिस
- त्रिभुवन आर्मी
- नबिल थ्रिस्टार
- मनाङ-मर्स्याङ्दी
- न्युरोड टिम
- सशस्त्र प्रहरी बल
- रानीपोखरी कर्नर टिम
- एनआइबी फ्रेन्ड्स
- संकटा काठमाडौं मल
- सामसुङ जावलाखेल
- ब्वाइज युनियन
- मच्छिन्द्र









